# प्रेम नै माग्छ जीवनले

विदुर खतिवडा

**ग्रीकको सभ्यताझैं तिमी फक्रिएको क्षण काँडाबीचको तिम्रो शालिन मुस्कुराहट सम्झेर भगवान्सँग वरदान माग्नै बिर्सिएछु।**

सर्जक मोमिलाका यी शब्दले जीवनमा प्रेमको कत्ति महत्त्व छ भन्ने कुरालाई दर्साउँछ। कसैप्रति समर्पित यी उद्गारले प्रेममा मानिस सबै कुरा बिर्सन बाध्य छ भन्ने स्पष्ट पार्छ। दुई अक्षरका प्रेम वा माया शब्दले नीरस जीवनमा रस थप्ने भएकैले हुनसक्छ, विश्वव्यापी रूपमा यसको अपरिहार्यतालाई कसैले नकार्न सक्दैन। 'प्रेम नहुँदो त दिन-प्रतिदिन आक्रामक बन्दै गएको यो संसारको निरन्तरता पनि असहज हुने थियो। यो संसार प्रेमको भोको छ', सर्जक प्रा. डा. अभि सुवेदी भन्छन्- 'घृणा, आक्रोश, हिंसा, कोलाहलका बीचमा प्रेम शब्द सम्झिनु पनि ठूलो कुरा बनेको छ।'

भोलि १४ फेब्रुअरी अर्थात् भ्यालेन्टाइन डे। प्रेमका गुरु सन्त भ्यालेन्टाइनले प्रेमका विरोधीहरूप्रति विद्रोह गर्दै शहादत प्राप्त गरेको दिन। 'प्रेम सर्वव्यापी मान्यता हो, यसमा बन्देज कदापि स्वीकार्य हुँदैन' भनेर वकालत गर्ने सन्त भ्यालेन्टाइनको स्मरणमा मनाइएको प्रेम दिवस अर्थात् भ्यालेन्टाइन डे विश्वभरका प्रेमीहरूको पर्व बनेको छ।

भूमण्डलीकरणसँगै तीव्र आधुनिकीकरणका कारण भ्यालेन्टाइन डेको स्वरूरुप फराकिलो हुँदै गएको छ, समाजशाश्त्री सुधीन्द्र शर्मा प्रेमको समाजशाश्त्रलाई केलाउँदै भन्छन्- 'पश्चिमा संस्कृतिप्रति अभिमुख हुने प्रवृत्ति अहिलेका युवामा देखिन्छ। परम्परामा जकडिएको समाजमा परिवर्तन खोज्ने क्रममा भ्यालेन्टाइन संस्कृति झाँगिँदै गएको हो। भ्यालेन्टाइन डेका प्रवर्तक सन्त भ्यालेन्टाइनको विपरीत लिंगीप्रतिको प्रेम शाश्वत सत्य हो भन्ने मान्यतालाई मान्यो भने आफ्नो प्रेम सफल हुन्छ भन्ने अवधारणाले पनि यसका अनुयायी बढ्दै गएको समाजशाश्त्री शर्माको विश्लेषण छ। शर्मा भन्छन्- 'नेपाली परिवेशमा हेर्ने हो भने यो नेपाली संस्कृति नभए पनि सहरकेन्द्रित समाजमा यसलाई पर्वका रूपमा लिनेहरूको संख्या उल्लेख्य छ।' नेपाली संस्कृति अझ भनौं पूर्वीय दर्शनमा यस प्रकारको पर्वको अभावका कारण पनि भ्यालेन्टाइन डे लोकप्रिय बनेको शर्मा बताउँछन्।

पश्चिमाहरूले २ हजार वर्षअघिको भ्यालेन्टाइन डे मनाउँदा जीवनशैलीमा ताजगी आउने अनुभूति गरे पनि पनि पूर्वीय समाजले आफ्ना आदिम प्रेम कथालाई बिर्सनु नै भ्यालेन्टाइन डेको महत्त्व बढाउने कारण बनेको युवा साहित्यकार कृष्ण धरावासी बताउँछन्। साहित्यकार धरावासी भन्छन्- 'हिन्दू संस्कृतिमा प्रेमका थुप्रै मिथक पाइन्छन्, पूर्वजहरूले हाम्रा युवायुवतीलाई पनि प्रेम दिवस आवश्यक छ भन्ने मानिदिएका भए पूर्वीय समाजमा पनि प्रेम दिवस हुन्थ्यो

बाँकी पृष्ठ ३ मा






## भ्यालेन्टाइन डे विशेष

## बेहुला-बेहुलीको क्याटवाक

गत शनिबार त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको भुइँतलामा एउटा बेग्लै खालको जमघट थियो। शपिङ तथा नारी बेडिङ एन्ड गिफ्ट एक्स्पो अवलोकन गर्न आउनेहरूमध्ये अधिकांशको ध्यान त्यसदिन त्यहाँ सजाइएको र्‍याम्पमा केन्द्रित थियो। नभन्दै कौतूहलबीच केही जोडी मोडल र्‍याम्पमा देखापरे, सुन्दर आकर्षक बेहुला–बेहुलीको भेषमा। कोही नेवार बेहुला–बेहुली बनेका थिए त कोही बाहुन, क्षेत्री, थारु समुदायलाई प्रतिनिधित्व गर्ने बेहुला–बेहुली। कोही ठकुरी, कोही राई त कोही मुश्लिम समुदायका बेहुला–बेहुलीका रूपमा र्‍याम्पमा उत्रिएर लगनगाँठोको मौसमलाई स्वागत गरिरहेका थिए।

उल्लेखित दृश्य थियो गत माघ २३ गतेदेखि डि.इ.सी.सी को आयोजनामा कान्तिपुर पब्लिकेसन्सको लोकप्रिय प्रकाशन नारी मासिकको प्रत्यक्ष सहभागितामा माघ २६ गतेसम्म सञ्चालन भएको नारी वेडिङ एन्ड गिफ्ट एक्स्पोअन्तर्गत प्रस्तुत फेसन शोको। ब्राइडल राउन्डपछि फेसन शोमा कुर्ता र लेहेंगा तथा शेरवानीको कम्बिनेसनमा मोडलहरूले क्याटवाक गरे। इभिनिङ गाउनको राउन्ड तेस्रो प्रस्तुतिका रूपमा रह्यो। नमुना कलेज अफ फेसन टेक्नोलोजीका विद्यार्थी







डिजाइनहरूको प्रस्तुति रहेको उक्त फेसन सोमा क्याटवाक गर्नेहरू अधिकतर कलेजकै विद्यार्थी थिए भने कार्यक्रमको कोरियोग्राफी सम्हालेका ललिता, पूजा, मीना र राधा पनि सोही कलेजका विद्यार्थी फेसन डिजाइनर थिए। रमाइलो वातावरणमा सम्पन्न फेसन शोको अन्तिम चरणमा भने पुरुष मोडलहरू सुट तथा महिला मोडलहरू साडीमा जोडा बनाई र्‍याम्पमा उत्रिएका थिए।

# फेसनको रंगमा
# रोमान्सको उमंग

रोजिन शाक्य

१४ फेब्रुअरी, प्रेम-रोमान्स र आपसी अनुरागको एउटा विशेष दिन। आत्मीय साथीसित बिताएका र बिताउने हरेक पल प्यारो भए पनि यो दिनको रोमाञ्चता एवं महत्त्व आफ्नै किसिमको हुन्छ। यस दिन आफ्नो आवरणीय व्यक्तित्वलाई अझ आकर्षक, सुन्दर एवं रोमान्टिक रूपमा प्रस्तुत गर्नु उचित हुन्छ, जसले गर्दा आपसी सामीप्यता र प्रगाढता अझ सुमधुर तथा अविस्मरणीय बनोस्। भ्यालेन्टाइन डे ड्रेसकोडमा प्रेमको गहिराइ र आपसी अनुरागलाई व्यक्त गर्ने रातो रंगको उपस्थिति सदैव रहँदै आएको छ। रेडसित ब्ल्याक र ह्वाइटको कम्बिनेसनको सुन्दरता र आकर्षण अतुलनीय हुन्छ, यसका अतिरिक्त पिन्क, पर्पल, मजेन्टा, ऐलो, ग्रीन, मस्टर्ड, ओरेन्ज, फुसिया, वाइन, बैजनी आदि कलर शेड्सको प्रयोग पनि उत्तिकै राम्रो हुन्छ।

फेसनविदहरूका अनुसार अहिले फेमिनन टच भएका बोल्डका साथै फिटिङ ड्रेसको प्रचलन रहेकाले भ्यालेन्टाइन डेको वातावरणमा यी पहिरन उचित ड्रेसकोड सक्छ। वेस्टर्न आउटफिटको चलन रहे पनि तिनमा ट्रेडिसनल प्रिन्ट र वर्कको उपस्थिति भएका पहिरनको आफ्नै आकर्षण पाइन्छ। यस्तो शैलीमा क्लाउन पाइन्ट, बेट विङ्ग स्लिब्स, मिनीस्कर्ट, सर्ट-पाइन्टको कम्बिनेसन बढी सुहाउँदो हुन्छ। स्ट्रेट लाइन्स एवं ज्यामेट्रिक प्यानल, ब्लेन्डेड फ्याब्रिकमा ज्यामिट्रिक एवं ओभर साइड प्रिन्ट, डार्क एवं लाइट कलर्ड ड्रेसमा फ्लोरल प्रिन्ट, स्टक्चर्ड टाइटसमा रिप लुकको स्टाइल आदिको फेसन प्रचलनमा रहेकाले फेसनविदहरू प्रणय दिवसमा यसैलाई पछ्याउनु उपयुक्त मान्छन्।

यो रोमान्सको वातावरणमा पनि कहाँ जाँदै हुनुहुन्छ, के गर्नुहुन्छ, का साथै सुविधा र मौसमलाई उत्तिकै ध्यान दिनुपर्ने हुन्छ। यो दिनको डेटिङ कुनै पनि रूपमा हुन सक्छ, तथापि यसलाई फर्मल र क्याजुयल दृष्टिबाट हेर्न सकिन्छ। फर्मल अवसर जस्तै लन्चमा जाँदै हुनुहुन्छ भने मूलतः पिंक, क्रिम, बेज, ब्लू, येलो, शेड्स बढी उपयुक्त हुन्छ, त्यसमा पनि पिंक उपयुक्त मानिन्छ। डिनर डेटका लागि भने ब्ल्याक इभिनिङ गाउन वा सेक्सी रेड ड्रेस प्रयोग गरी वातावरणलाई अझ रोमान्टिक बनाउन सकिन्छ। फर्मल पार्टीमा नै उपस्थिति जनाउने हो भने नि-लेन्थ स्कर्टका साथमा सुहाउँदो टप वा वन सोल्डर ड्रेस प्रयोग गर्न सकिन्छ। फर्मल डेटलाई अविस्मरणीय बनाउन अलिक बोल्ड, स्मार्ट एवं सेक्सी ड्रेसकोड छनौट गर्नु राम्रो हुन्छ, तर धेरै ग्ल्यामरस भने हुनु हुँदैन। ज्वेल टोन्स, मेटालिकका साथै ब्ल्याक, पर्पल, मरुन, डिप ब्लूजस्ता ब्राइट पार्टी कलरमा सुन्दरता अझ निखारिन सक्छ।

फर्मल डेटिङमा फेसन एक्सेसरिजमा मेटालिक ह्यान्ड ब्याग, रेड साइनी क्लच, स्ट्रेपी स्यान्डल, ओपन वा क्लोज टो स्यान्डलका साथमा सुहाउँदो ज्वलेरीका कम्बिनेसन राम्रो हुन्छ। फर्मल वातावरणमा मूलतः नि-लेन्थ, काल्फ लेन्थ वा एङ्कल लेन्थ वनपिस ड्रेस इन्छाअनुसार कुर्ता-सलबार र साडी छनौट गर्न सकिन्छ। फर्मल डेटिङका लागि पुरुष फेसनशैलीतर्फ यदि लन्चका लागि जानु छ भने लाइट ब्लु, क्रिम, ब्राउन कलर ठीक रहन्छ। इभिनिङ, फर्मल वेयरमा भने ब्ल्याक सुट, प्लेन, ब्राइट कलरको सर्ट र साथमा स्कार्फको कम्बिनेसन चयन गर्न सकिन्छ। डार्क कलरको सर्ट र पाइन्टको कम्बिनेसनमा ब्राइट कलरको वेस्ट कोटको जोडासित इन्छाअनुसार स्कार्फ वा टाई प्रयोग गरी पनि तपाईं आफ्नो ड्यासिङ व्यक्तित्वलाई उजागर गर्न सक्नुहुन्छ। फर्मल सुज, सुहाउँदो बेल्ट र वालेटको कम्बिनेसनलाई पनि ध्यान दिनुपर्छ।

जहाँ फर्मल वातावरणमा शालिन र शोबर लुक अँगाल्नुपर्छ त्यही क्याजुएल मुडमा भने चञ्चलता र ग्ल्यामरको कम्बिनेसनलाई पछ्याउनुपर्ने फेसनविद्हरूको राय छ। डान्सपार्टीमा शिमरी एवं ग्ल्यामरस लुक अँगाल्न ट्यांक टप र सिगरेट पाइन्टको साथमा स्टिलिटोजको कम्बिनेसन ठीक हुन्छ। क्याजुएल डेटका लागि सेक्सी लो-कट टप, फेमिनन कलर र □ल्याटरिङ जिन्सको कम्बिनेसनले तपाईंलाई सेक्सी लुक प्रदान गर्न सक्छ। सर्ट ड्रेस, स्कर्टका साथमा सुन्दर टप, जिन्सका साथमा क्यामिसोल वा टप र श्रगको जोडा पनि उपयुक्त हुन्छ। चलचित्र हेर्न जानुहुन्छ भने जिन्स र फिगर हगिङ टिसर्टको जोडा राम्रो हुन्छ। क्याजुएल डेटमा पुरुषका लागि ब्ल्याक जिन्सका साथमा मरुन वा वाइन कलरको टिसर्ट, डेनिमको साथमा टर्टल टिज, कार्गो वा खाकीका साथमा राउन्ड वा भीनेक टिसर्ट, बटन डाउन सर्ट, पावर लुकका लागि ब्लेजर तथा ब्याड बोच लुकका लागि लेदर ज्याकेट ठीक रहन्छ।

उल्लेखित केही विकल्पका अतिरिक्त भ्यालेन्टाइन डेमा रेड स्कर्ट र ह्वाइट पोन्जो टपका साथमा बिडेड बेल्ट, स्पेगेटी, स्ट्रेप्ड निलेन्थ साल्सा ड्रेस, ऐसेमिट्रिकल कट्स, रफल, सिफन र जर्जेटका लेयर भएका ड्रेसहरू, रेड स्ट्राइप भएको सर्ट स्लिम ह्वाइट टपका साथमा सुहाउँदो ह्वाइट लेगिङ अनि एङ्कल लेन्थ बुटको जोडा शर्ट स्लिम भएको लङ ग्रीन टप र ब्ल्याक लेगिङको कम्बिनेशन, सर्ट ह्वाइट हल्टर टप, त्यसमाथि कन्ट्रास्ट लेमन टप र ह्वाइट लेगिङको जोडा मल्टीकलर्ड एब्स ट्रयाक्ट प्रिन्ट भएको वन पिस ड्रेस आदि प्रयोग गर्न सकिन्छ। स्टाइलिस देखिन मिनीस्कर्ट र लेगिङको कम्बिनेसनका साथमा ट्याङ्क टप, एथनिक स्कर्टका साथमा हल्टर नेकटप, फिटिङ स्कर्ट र ट्रेडिसनल टप, वन सोल्डर स्लिभलेस फ्रक, ह्वाइट स्लिभलेस टिसर्टमाथि ब्ल्याक वेस्टकोट र फिटेड डेनिमका साथमा हाइ हिल्स लङबुट, फुल स्लिम भएको ब्राइट कलर्ड टिसर्टका साथमा सिगरेट ट्राउजर आदि शैली अँगाल्न सकिन्छ।

पुरुष शैलीमा भने फुल स्लिभ सर्ट, नन प्लिटेड, पाइन्ट, पार्टी सुज, ग्रन्ज जिन्स, पुल ओभर, कार्डिगन, जम्पर, हडेड ज्याकेट, बोट नेक, निटेड टप, पोलो नेक स्वेटर, डिनर ज्याकेट, स्ट्रेट ज्याकेट, क्याजुएल फिटिङ कोटहरू, वेस्ट लेन्थ ज्याकेट एवं विभिन्न शैलीका लेदर ज्याकेट बढी उपयुक्त हुन्छ। रोमान्सको वातावरण भएकाले यति बेला पहिरनसँगै मेकअपमा पनि ध्यान दिनु आवश्यक छ, जसमा स्मोकी, सिमरी तथा सेक्सी स्टाइल अँगाल्नु ठीक हुन्छ। प्रणयदिवसको रोमाञ्चकतामा हराउनुपूर्व आफ्नो मुहारको क्लिजिङ, टोनिङ एवं मोइस्चराइजिङका साथै मेनिक्योर, पेडिक्योर आदिलाई बिर्सनु हुँदैन। मेनिक्योर, पेडिक्योरपश्चात आफ्ना नङहरूमा पारदर्शी र हल्का रंगका नेलपालिस लगाउनु राम्रो हुन्छ। यसका अतिरिक्त नेल आर्ट प्रयोग गर्न सकिन्छ।

लिप मेकअपका लागि भने रेड कार्पेट स्टाइल ग्ल्यामरस लुकमा उपयुक्त हुन्छ। रेड बरगन्डी एवं डिप पिन्कजस्ता बोल्ड कलरबाट आफ्नो ओठलाई सेक्सी लुक प्रदान गर्न सकिन्छ। यो सिजनको हट कलर गोल्ड भएकाले आइस्याडो एवं ब्रन्जरमा यसलाई प्रयोग गर्न सकिन्छ। आइमेकअपतर्फ भने पर्पल, एलो वा अरेन्ज शेड्सको आईस्याडोको प्रयोगले आकर्षक लुक प्रदान गर्छ।

स्मोकी आइजका लागि भने काजल पेन्सिलबाट आउटलाइन दिइसकेपछि स्मोकी लुकका लागि त्यसलाई स्मज गर्नु ठीक हुन्छ। आँखालाई हाइलाइट गर्न ग्लीटरी पर्पल आईस्याडो प्रयोग गर्न सकिन्छ। ओठलाई हाइलाइट गर्नुहुन्छ भने लिप कलर डार्क र आँखाको हल्का मेकअप गर्नु ठीक हुन्छ। एक्स्टेन्डेन्ट आइलाइनरको स्टाइल पनि अँगाल्न सकिन्छ। डिफरेन्ट लुकका लागि भने ब्लु, ग्रीन, पर्पल शेड्सका आइ लाइनर ट्राइ गर्न सकिन्छ। हेयर स्टाइलतर्फ कर्ली, बबकट, रेजर ड, विस्पी लुक आदि अँगाल्न सकिन्छ। हेयर स्टाइलिङ आफूलाई सुहाउँदो हुनुपर्छ भने त्यसमा हेयर एक्सेसरिजको प्रयोगबाट अझ आकर्षक लुक प्राप्त हुन्छ।



तस्बिर : नवराज वाग्ले



# तपाईंको यो साता



## यो साताको पञ्चाङ्ग

फागुन ३ गते : प्रेम दिवस, ७ गते : राष्ट्रिय प्रजातन्त्र दिवस

### मेष

रोग एवं शत्रु बढ्नेछन्। काममा सफलता पाउन गारो पर्ला। मन चिन्तित हुनसक्छ। कुरा काट्नेहरु सक्रिय रहनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरुले अधिकार जमाउन सक्छन्। शनिबार, आइतबार तथा सोमबार काममा सफलता मिल्ने एवं धन आर्जन हुने योग छ।

### मिथुन

सुरुमा आफन्तहरूको सहयोग प्राप्त हुनेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा लाभ मिल्नेछ। व्यवसायमा पनि सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान पुऱ्याउनुहोला।

### सिंह

बोलीको प्रभाव बढ्नेछ भने काममा सफलता मिल्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान पुऱ्याउनुपर्ने बेला छ। व्यवसायमा सफलता पाउन संयमित रहनुहोला। अध्ययनमा अवरोध आउन सक्छ। अरूको काम धेरै गर्नुपरे पनि जस पाउने सम्भावना कमै छ।

### तुला

सुरुमा खर्च एवं विवादका साथै गलत विचार बढ्नेछ। काममा अवरोध आउन सक्छ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्। शनिबार, आइतबार, सोमबार तथा बिहीबार मानसम्मान मिल्ने, धन आर्जन गर्ने अवसर मिल्ने, पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ।

### धनु

मानसम्मान एवं काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। नयाँ मित्रसँगको अन्तर्क्रियाले मनोबल बढ्नेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा घरेलु समस्याले सताउने योग छ।

### कुम्भ

स्वास्थ्यले धोका दिन सक्छ भने मनोबल पनि घट्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। अध्ययनमा अवरोध आउनेछ। आइतबारदेखि धार्मिक कार्यमा मन जानुका साथै आफन्तहरूको सहयोगमा केही काम बन्नेछ। व्यवसाय तथा यात्रामा लाभ मिल्नेछ।

### वृष

साता मध्यम रहनेछ। बौद्धिक कार्य फलदायी रहनेछ। अध्ययनमा सफलता पाउनुहोला। धन आर्जन हुनेछ। रमाइलो यात्रा हुनसक्छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। शत्रुदेखि सजग रहनुहोला। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुपर्ने बेला छ। घरेलु समस्याले सताउने हुँदा घरबाहिर रहनु नै उचित देखिन्छ।

### कर्कट

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। नयाँ मित्रको आगमनले मन प्रसन्न रहला। घरजग्गाको बन्दोबस्त हुनसक्छ। सवारी साधन जोड्ने अवसर जुट्नेछ। धन आर्जन हुनसक्छ। व्यवसायमा सफलता एवं मान-सम्मान पाउनुहोला। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुपर्ने बेला छ।

### कन्या

मानसम्मान मिल्नेछ भने भोजभतेर एवं सभा-सम्मेलनमा सहभागिता बढ्नेछ। व्यवसायमा लाभ देखिन्छ। बोली प्रभावशाली हुनेछ। अरूको मन सजिलै जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रशंसा पनि पाउनु होला।

### वृश्चिक

धन आर्जन गर्ने अवसर जुट्नेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययन तथा व्यवसायमा सफलता पाउनुहोला। वैदेशिक कार्यमा रुचि बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ। घरेलु समस्याले सताउने योग छ।

### मकर

भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। सानै प्रयासले पनि काममा सफलता मिल्नेछ। नयाँ काम पाइने योग छ। यात्रा रमाइलो होला। व्यवसायमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग प्राप्त होला। बिहीबार खर्च एवं विवाद बढ्नुका साथै स्वास्थ्य गडबड हुनसक्छ।

### मीन

व्यवसाय लाभदायी देखिन्छ। यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। गलत विचारले सताउन सक्छ।

# प्रेम नै माग्छ जीवनले

पृष्ठ १ बाट जारी

होला ।' नेपालमा एफएम संस्कृतिसँगै भ्यालेन्टाइन डेको स्वरूप फैलिएको बताउने साहित्यकार धरावासी भ्यालेन्टाइन डेको अनुसरणलाई सांस्कृतिक अतिक्रमणका रूपमा बुझ्न नहुने तर्क राख्छन् ।

'मेरो बुझाइमा प्रेमको यो उत्सवले आत्मप्रेममा केन्द्रित भएकाहरूलाई बाहिर निस्कन घच्घचाउँछ,' साहित्यकार संजीव उप्रेती भन्छन्, आफूलाई मात्र माया गर्ने अहिलेको जीवनशैलीका विपरीत कसैप्रति समर्पित प्रेम अभिव्यक्त गर्न पनि भ्यालेन्टाइन डे उपयुक्त दिन हो ।

'यो संसार प्रेम गर्न लायक छ कि छैन भन्ने खोजीमा हामी जाँदैछौं, त्यो थाहा पाएपछि मात्र फर्कन्छौं,' सहश्राब्दीको अन्तिम प्रेमकथा शीर्षकको उपन्यासमा साहित्यकार ध्रुवचन्द्र गौतमले प्रेमको खोजीमा निस्किएका एक जोडी पात्रलाई त्यान्चे गर्न लगाएर यो संवाद राखेका छन् । राज्यले नै बाधा गरेको यो प्रेम कथामार्फत प्रेममा सदैव बाधा अड्चन आउने गौतमको बुझाइ छ । प्रेम शाश्वत सत्य भए पनि प्रेम गर्ने शैली, आकार-प्रकार र बाधा-अड्चन समयसँगै परिवर्तन हुने गौतमले बताए ।

'प्रेम जताततै छ, प्रेमविनाको कुनै घटना वा परिघटना सम्भव हुँदैन, अझ साहित्यमा त यसको अपरिहार्यता मुख्य मानिन्छ, उपन्यासकार गौतम भन्छन्- 'मेरो कसैसँग प्रेमसम्बन्ध नरहे पनि मेरा सबै उपन्यासमा आत्मीय प्रेमले स्थान पाएको छ ।' आफ्ना साथीभाइका प्रेम प्रसंगलाई आधार बनाएर त्यसमा उपयुक्त संवेदना भरेर उपन्यास सृजना गर्ने साहित्यकार गौतम अर्काको अनुभवलाई पनि आफ्नो जस्तै सम्झेर त्यसलाई जीवन्त बनाउने प्रयास गरेको बताउँछन् ।

गौतम प्रेमलाई तीनवटा शैलीमा व्याख्या गर्छन् । पहिलो आकर्षण, जसमा मानिसले फूललाई मन पराएजस्तै जो-कोहीलाई मन पराउन सक्छ । यो सौन्दर्य परख गर्ने अधिकार हो, जुन विश्वव्यापी छ । यसमा मन पराइएको व्यक्तिले मन पराउने व्यक्तिलाई केही गर्न सक्दैन, मन पराउनेले मन पराइदिन्छ, अनि त्यत्तिकै सकिन्छ । दोस्रो प्रेम वा माया, यसमा एकोहोरो वा दोहोरो दुवै प्रेम हुनसक्छ । मानिस प्रेम गर्न स्वतन्त्र छ, तर प्रेमका लागि तयार हुने दोस्रो व्यक्तिले चाहेन भने त्यो प्रेममा पहिलो व्यक्तिले कुनै दबाब दिन मिल्दैन । 'म तिमीलाई प्रेम गर्छु, तिमी मलाई गर-नगर' भन्ने भनाइ यसमा लागू हुने गौतम बताउँछन् । जुन वास्तवमा अभिव्यक्त प्रेम हो ।

यस्तै दोहोरो प्रेममा सबै बाधा-व्यवधान बिर्सेर प्रेमी-प्रेमिका प्रेम गर्छन्, यसमा आदर्श प्रेम हुन्छ । जसमा कुनै प्रकारको सम्बन्धको महत्त्व हुँदैन । दुवै एक-अर्काका निम्ति जे गर्न पनि तयार हुन्छन् । गौतमका अनुसार तेस्रो सम्बन्ध, प्रेमी र प्रेमिकाबीच आत्मीय प्रेम छ भने अन्य सबै कुरा गौण हुन्छन्, यस्तै गौणमध्ये यौनसम्बन्ध पनि पर्छ । यो उनीहरूको आपसी मामला हो, उनीहरू जे गर्न चाहन्छन् त्यसको जिम्मेवार पनि आफैं हुन्छन् । 'पाश्चात्य संस्कृति भयो भन्दैमा भ्यालेन्टाइन डेलाई वहिष्कार गर्नुपर्ने कुनै आधार देखिन्नँ,' गौतम भन्छन्, 'प्रेम दिवस हो, घृणा दिवस होइन, त्यसैले म विश्वभरका सबै राम्रा संस्कृतिलाई अपनाउनुपर्छ भन्ने मान्यता राख्छु ।'

'प्रेम गर्नेहरू प्राचीन समयदेखि नै थिए,' साहित्यकार अभि सुवेदी भन्छन्- 'साँचो तथा गम्भीर प्रेम त हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ । फरक यति मात्र हो, प्रेम गर्ने शैली परिवर्तन हुन्छ । अहिले विश्वव्यापीकरणसँगै प्रेमका पुराना उच्च मान्यतामा विनिर्माण हुन थालेको छ । त्यसैले पनि हिन्दी चलचित्रलाई आधार बनाउनेहरू अहिले थुप्रै भेटिन्छन् ।' हाम्रो पालामा प्रेम अभिव्यक्त गर्न भनेपछि मुटु एकदमै ढुकढुकाउँथ्यो,' अभि भन्छन्- 'अहिलेका युवा-युवतीमा पनि केही मात्रा ढुकढुक बाँकी होला, तर उनीहरू सहजै खुल्न थालेका छन्, त्यो देखेर मलाई मज्जा लाग्छ ।' साहित्य र रंगमञ्चमा रमाउने भएकाले पनि हुनसक्छ, अभिले जीवनको अहिलेसम्मको यात्रामा थुप्रै यथार्थ र काल्पनिक प्रेम गरेको उल्लेख गरे, जसलाई उनले साहित्यमा पनि प्रयोग गरे । अभि भन्छन्- 'मानिसहरू मेरो जीवनमा त्यस्तो अवस्था आएको छैन भनेर ढाँट्छन, प्रेम आफैं उत्पन्न हुन्छ, यथार्थ र काल्पनिक प्रेम सबैको जीवनमा लागू हुन्छ, नत्र त मानिस जोगी भैहाल्छ नि ।' दिनहुँ मानिस मारिइरहने क्रमलाई ब्रेक दिन पनि भ्यालेन्टाइन डेको महत्त्व धेरै रहेको उनी उल्लेख गर्छन् । पीडाको श्रृङ्खलालाई ब्रेक दिने यो दिन मानवताका निम्ति अत्यन्त महत्त्वपूर्ण छ ।

प्रेमकै प्रसंगमा शास्त्रिय पात्र तथा विभिन्न व्यक्तिका अमर प्रेमकथा पनि त्यत्तिकै जोडिन्छन् । रोमियो-जुलियट, लैला-मजनु, हिर-राँझा, सिरी-फरहद, मुना-मदन, राधा-कृष्ण, शाहजहाँ-मुमताजजस्ता चर्चित व्यक्तित्व तथा पात्रहरूको प्रेम यसका उदाहरण हुन् । उनीहरूको प्रेम संयोगान्त विन्दुमा पुगे पनि, नपुगे पनि दुईतर्फी प्रेममा यी आदर्श प्रेम मानिन्छन् । समाजशास्त्री सन्ध्या बस्नेतका अनुसार ढुङ्गेयुगपछि मानिसले शरीर ढाक्न थालेपछि भावनात्मक प्रेमको बीजारोपण भएको हुनसक्छ । त्यसपछि घरबाहिरको कामको मौका पारेर आफूले मन पराएको मानिसलाई भावना अभिव्यक्त गरिएको हुनपर्छ । सभ्यताको विकास हुँदै जादा चिठी, विभिन्न सृजना तथा अन्य सहयोगीको साथ लिएर प्रेमलाई अभिव्यक्त गरिएको हुनपर्छ । माध्यमहरूको यो विकासक्रममा पछिल्लो पटक इन्टरनेट थपिएको छ ।

'कुनै समय थियो, प्रेम गर्छु भन्न लजाउनुपर्थ्यो,' समाजशास्त्री बस्नेत भन्छिन्- 'अहिले प्रेम गरेको छैन भन्न लजाउनुपर्ने अवस्था आइसकेको छ ।' भावना सबैमा हुन्छ र समय आएपछि मानिसले आफ्नो चाहना पूरा गर्न सहयात्री साथीको खोजी गर्छ । यही क्रममा आफू सुहाउँदो वातावरणमा उसले प्रेमको खोजी गर्न थालिसकेको हुन्छ । समाजशास्त्री प्राध्यापक डाक्टर समीरा लुईँटेलका अनुसार स्वच्छन्दतामा रमाउने अहिलेको पुस्ताका प्रेमी-प्रेमिकाले भ्यालेन्टाइन डेलाई आत्मसात् गर्नु कुनै नराम्रो कुरा होइन, तर प्रेमी वा प्रेमिकाको अभाव भएका कारण भ्यालेन्टाइन डे नीरस भयो भनेर आत्तिनु भने डरलाग्दो पक्ष हो । यो दिनलाई आफूले मन पराएको व्यक्तिलाई प्रेम अभिव्यक्त गर्नु तथा शुभकामना तथा उपहार आदानप्रदान गर्नु राम्रो पक्ष भएको लुइँटेल बताउँछिन् । समाजशास्त्री लुइँटेल भन्छिन्- 'परम्परागत मान्यतामा परिवर्तन खोजिरहेको अहिलेको आधुनिक पुस्ताले भ्यालेन्टाइन डेमा नयाँ स्वाद पाएकाले यसको महत्त्व बढेको हो ।' बाबुआमाले पनि छोराछोरीले मन पराएको व्यक्तिलाई सहजै स्वीकार गर्ने संस्कार पनि विकास हुँदै गएकाले खुल्ला समाजको अवधारणा फक्रिएको उनी बताउँछिन् ।

समाजशास्त्री सुधीन्द्र शर्मा औद्योगिक क्रान्तिपछि प्रेमको परिभाषा फरक भएको उल्लेख गर्छन् । 'औद्योगिक क्रान्तिपछिको समाजमा चारवटा वर्गीय स्वरूप सृजना, उत्पादन, मनोरञ्जन एवं शिक्षा थिए,' शर्मा भन्छन्- 'सृजनाअन्तर्गत धेरै सन्तान उत्पादन गर्ने, उत्पादनअन्तर्गत खेती-किसानी, उद्योगमार्फत आयस्रोत बढाएर घर-व्यवहार चलाउने, तेस्रो मनोरञ्जनअन्तर्गत एक-अर्कासँगै बस्न रमाउने र चौथो शिक्षाअन्तर्गत सन्तानलाई घरमै शिक्षादीक्षा दिने समाज त्यस बेलादेखि विकास भएको हो ।' आधुनिकीकरणको प्रवेशसँगै तेस्रो वर्गको मनोरञ्जनले स्थान जमाउँदै जाँदा प्रेम महत्त्वपूर्ण बनेको शर्माको विश्लेषण छ । समयक्रमसँगै भ्यालेन्टाइन-डेलाई प्रेम अभिव्यक्त गर्ने पर्व मात्र होइन, यसमा बजार अर्थशास्त्रको पनि प्रवेश भएको शर्माको कथन थियो ।

अर्जेन्ट आवश्यकता
NGOबाट विगत ५ वर्षदेखि सञ्चालित विश्वको प्रख्यात अन्तर्राष्ट्रिय कम्पनीसँग आबद्ध संस्थालाई कर्मचारीहरूको आवश्यकता
।पार्टटाइम,फुलटाईम जबको व्यवस्था ।
तलब- ९०००+गाडीभाडा
संख्या: १० महिला ७ पुरुष
योग्यता: साधरण लेखपढ, Test, SLC +2 Basic internet जानेका
सम्पर्क: २०७३८४४,९८४१९८८१७४, ९८४११८०८३९, कोटेश्वर
नोट: गृहणी, विद्यार्थीले पनि गर्न मिल्ने । शनिबार पनि अफिस खुल्ला रहनेछ ।

Study in AUSTRALIA
New Zealand
Canada
USA
UK
Laptop offer !
No TOEFL/ IELTS needed
Work permit allowed
Eligibility +2 or equivalent
Transfer facility to USA, UK, Aus
Visa success
Universities, Colleges, Location and Courses of your choices
Member of FCAN
Study in CYPRUS
Christopher Educational Consultancy (P) Ltd
Putalisadak, Kathmandu
Tel. 4442674
*Laptop offer only in Australia and Cyprus

+2/SLC १ वर्षमै
❑ १ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
❑ Maths/Science नपढी पाँच विषय मात्र पढेर SLC पास गर्न चाहनुहुन्छ ?
Commerce, Arts, Science
❑ SLC/+2 मा ५ वटा विषय पढे पुग्ने ।
❑ जागीरे गृहिणीहरूले घरमै बसी पढ्न सक्ने ।
❑ TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त ।
❑ Nepali/English भाषामा परीक्षा दिन सकिने ।
पाथ-फाइन्डर ग्लोवल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं 2005077, 9803003585

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक २००३ मा स्थापित Worldwide valid Certificate
UK, Australia, Canada, Europen देशमा Student Visa मा जानेलाई Job Replacement Airport pick up, Part time & Full time job को लागि SPECIAL CLASS बैरहेछ । तु सम्पर्क गर्नुहोस्
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
➥ ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
➥ थप Industrial Training लाई Star Hotel मा पठाइने
➥ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➥ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
➥ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के. क्याम्पसपछाडि 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Management and Tourism Nepal) नयाँ बानेश्वर 2040782, 016200757, 98510-93629
र्याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पारी 4464720, 9841-891131, 98510-93629

पालो तपाईंको ..........!
के तपाईं SLC पास भएर पढाई छोडी निराश हुनु भएको छ ?
अब पीर नमान्नुहोस
Private I.A. I.Com सजिलै पास गरौं
साथै: Private Test/SLC 2066, १ वर्षे +2, Science, Math नढिई SLC मा पनि नयाँ भर्ना खुल्यो ।
SANDRA OPEN SCHOOL
Sorakhutte | नयाँ बानेश्वर
4361712, 2160393 | 9841035814

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान छोड्न रक्सी छुटाउने - 1500/-
Body Slim Cream र Sauna Belt - 3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
Ph. 2290871, Mob. 9841506134

● सम्पादकीय ●

# जातीय सद्भावको सन्देश

अहिले हामी नेपाली इतिहासको सबैभन्दा कठिन मोडमा उभिएका छौं। कुनैबेला हामी नेपाली आपसी सौहार्दताका लागि परिचित थियौं। हामी जातीय भावनाभन्दा माथि उठेर नेपाली हुनुमा गर्व गर्थ्यौं, तर आज समावेशी राजनीतिको उत्ताल छालले हामी सबैलाई आ-आफ्नो राजनैतिक अधिकारप्रति सचेत गराउँदा हामी जातीय सद्भावनाको वातावरण नै खल्बलिने गरी आ-आफ्नो जातीय पहिचानको खोजीमा जुटेका छौं। जातीय पहिचानको खोजी आफैंमा गलत होइन, तर यस्तो जातीय पहिचान खोज्ने क्रममा हामीले हामी सबैभन्दा पहिले नेपाली हौं भन्ने कुरा नै बिर्सन थालेको अनुभव हुन थालेको छ। अहिले युगौंयुगदेखि हाम्रो समाजमा विद्यमान जातीय सद्भावनाका आधारहरू भत्किन थालेका संकेतहरू देखिन थालेका छन्। यस्तो स्थिति कुनै पनि समाज र समुदायका लागि हितकर हुन सक्दैन भन्ने कुराको उदाहरण तत्कालीन युगोस्लाभियाको पतनलाई लिन सकिन्छ। जातीय अहंकारले टाउको उठाएपछि कुनै बेलाको शान्त र समृद्ध युगोस्लाभिया आज इतिहास भैसकेको छ। त्यस्तो स्थितिको सामना हामी नेपालीले गर्नु नपरोस्, यसका लागि हामी सबैले एक-अर्कालाई बन्धुत्वको भावनाले हेर्दै प्रेम र मेलमिलापप्रति प्रतिबद्ध हुनुपरेको छ।

भोलि शनिबार संसारभरि प्रेमदिवस मनाइँदैछ। समय, परिस्थिति र सामाजिक वातावरणअनुरूप प्रेमदिवसको आ-आफ्नै किसिमले व्याख्या हुने गरेको छ। मूलतः पुरुष र नारीबीच हुने प्रेमलाई प्रकृतिको सर्वश्रेष्ठ उपलब्धिका रूपमा व्याख्या गर्ने प्रेम दिवसले सम्पूर्ण मानवसमुदायलाई एक-अर्कासँग शान्ति र सद्भाव बाँड्नसमेत अपिल गर्छ। यस्तो महत्त्वपूर्ण दिनले निश्चय पनि हामी सबैलाई एक-अर्काप्रति विश्वास गरेर एक-अर्काको अस्तित्वलाई स्वीकार गर्दै 'विविधतामा एकता' का साथ एक-अर्कालाई प्रेम गर्न प्रेरित गर्नेछ। खासगरी बिग्रिएको राजनीतिले हाम्रो समाजमा ल्याएका घृणाका तरंगहरूलाई निमिट्यान्न पारेर राजनैतिक आस्थाका आधारमा सबै नेपालीलाई एक-अर्काको पूरकका रूपमा परिभाषित गर्ने प्रेरणा यो दिवसले दिनेछ भन्ने विश्वास हामी सबैले राखौं। यस्तो विश्वासले नै हामीलाई हाम्रो संकीर्ण राजनीतिको घेराबाट माथि उठाएर एक-अर्कालाई मानिस, त्यसपछि नेपालीका रूपमा चिन्ने र सिंगो नेपालभित्र सबै जाति, समुदाय, सम्प्रदायका नागरिकलाई सम्मानका साथ आफ्नो नागरिक अधिकार उपयोग गर्नेतर्फ प्रेरित गर्नेछ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

# प्रेम र जीवन

**ओशो**

प्रेम ईश्वरीय व्यवस्था हो। जीवन र जगत्को सृष्टिसँगै प्रेमको पनि उत्पति भएको हो। यो संसारमा जसले आफूलाई बाँधिएको अनुभव गर्छ त्यसले कहिल्यै कसैलाई प्रेम गर्न सक्दैन। प्रेमको जन्म स्वतन्त्रतामा हुन्छ, जहाँ कुनै बन्धन हुँदैन, जहाँ कुनै कानुन हुँदैन। प्रेम मानिसको त्यस्तो आत्मदान हो, जहाँ कुनै बाध्यता हुँदैन, विवशता हुँदैन। प्रेमरहित जीवनले मानिसलाई विकृतितर्फ, धर्महीन भावनातर्फ र हिंसातर्फ प्रेरित गर्छ। प्रेमरहित जीवनभन्दा कुरूप वस्तु अरू केही हुन सक्दैन। त्यही कुरूपता नै सबैखालका हिंसाको जड हो।

प्रेम कुनै पनि व्यक्तिले प्राप्त गर्ने तृप्तिको चरमविन्दु हो। जब कुनै मानिसले प्रेम प्राप्त गर्न सक्दैन त्यसबेला त्यो मानिसको मन अतृप्त, अधुरो र बेचैन हुन्छ। त्यस्तो अतृप्त मानिसले नै समाजमा दुराचार उत्पन्न गर्छ। उसका लागि विवाह मात्र प्रेम हुन सक्दैन। विवाहभन्दा पर अतिरिक्त प्रेमको खोजीमा भौंतारिने मानिस नै सबैखाले अपराधको प्रस्थान विन्दु हुन्छ।

जीवनमा प्रेम भएन भने मस्तिष्क रुग्ण हुन्छ, चिन्ता र तनावले भरिन्छ। त्यो स्थितिमा मानिसले आफूलाई बिर्सन चाहन्छ। मानिसले आफूलाई नै बिर्सनुपर्ने परिस्थिति पागलपनको हद मानिन्छ। यस्ता हदहरूले नै समाजलाई सांकेतिक रूपमा त्यस्तो अवस्थातर्फ डोऱ्याउँछ जुन अवस्थामा समाजका प्रचलित नियम र कानुनहरू खण्डित हुन थाल्छन् अनि मानिस जीवनदेखि नै भाग्न थाल्छ। यहाँनिर के कुरा बुझ्नुपर्छ भने हामी जुन ईश्वरको खोजीमा छौं त्यो ईश्वर जीवनदेखि भागेर होइन जीवनमा प्रवेश गर्दा उपलब्ध हुन्छ। त्यसैले म भन्छु जीवनमा ईश्वरको सामिप्य प्राप्त गर्नु छ भने प्रेम गर, सबैसँग प्रेम गर। प्रेमको कुनै मूल्य वा प्रतिदान नमाग।

मेरो विचारमा जब एउटी महिला र एउटा पुरुष परिपूर्ण प्रेमका आधारमा एक-अर्कामा एकाकार हुन्छन् त्यो बेला प्राप्त हुने तृप्ति वा परिपूर्ण प्रेमको असर उनीहरूको शरीरमा होइन, आत्मामा देखापर्छ। उनीहरू एउटा लयपूर्ण संगीतमा हराउँछन् र एक-अर्कामा विलिन हुन्छन्। त्यसबेला परमात्मा मात्र शेष रहन्छन्। यस्तो अवस्थालाई कसैले पनि शब्दमा वर्णन गर्न सक्दैन, किनभने उनीहरू परमात्मामा उपलब्ध भएका हुन्छन्।

जब एउटी स्त्री र पुरुषले परिपूर्ण प्रेममार्फत् अलौकिक आनन्द प्राप्त गर्छन् त्यसबेला उनीहरूको मिलन शारीरिक मिलन नभएर एउटा आध्यात्मिक क्रियाकलाप हुन पुग्छ, जसलाई हामी क्षणिक आनन्दको यौनसंसर्गभन्दा माथि उठेर आध्यात्मिक रूपमा परिभाषित गर्न पुग्छौं। यही अवस्थालाई म योगपूर्ण समाधिका रूपमा लिन्छु। यस्तो समाधि त्यति नै महत्त्वपूर्ण छ जति स्त्री/पुरुषको शारीरिक मिलन। यो त्यति नै पवित्र छ जति इश्वर, किनभने आध्यात्मिक शान्ति प्राप्त हुने स्त्री/पुरुषको दैहिक मिलनपछि नै ईश्वरले नयाँ जीवनको सृष्टि गर्छ र जीवनलाई एउटा नयाँ गति र ऊर्जा प्रदान गर्छ।

यद्यपि तथाकथित धार्मिक मान्यताले, सामाजिक संस्कारले, परिवारको अवधारणाले प्रेम र यौनलाई अपवित्र र घृणित क्रियाकलापका रूपमा परिभाषित गर्ने चेष्टा गरेको छ। यदि प्रेम र यौन घृणित र अपवित्र हुन्थ्यो भने हाम्रो सारा जीवन घृणित र अपवित्र हुन्थ्यो। यदि यौन संसर्ग पाप हो भने हाम्रो सारा जीवन पाप मानिन्थ्यो। जब जीवन नै सम्पूर्ण रूपमा पाप हुन पुग्छ भने हाम्रा सारा उपलब्धि निष्पट्ट अन्धकारमा हराउँथे। त्यसैले म एउटै कुरा भन्न चाहन्छु– एउटा नयाँ मानिसको जन्मका लागि प्रेमको पवित्रता, यौन संसर्गको धार्मिकतालाई स्वीकार गर्नु आवश्यक छ, किनभने जीवनको सृष्टि त्यसैबाट हुन्छ र सृष्टिको निरन्तरताका लागि त्यो आवश्यक छ। परमात्माले पनि प्रेम र यौनलाई जीवनको आधारका रूपमा स्वीकार गरेका छन्, तसर्थ प्रेम र यौनलाई गलत आँखाले हेर्नु वा गलत शब्दले परिभाषित गर्नुभन्दा ठूलो अपराध अरू केही हुन सक्दैन।

वास्तवमा भन्ने हो भने जो मानिस प्रेमविनाको जीवनको कल्पना गर्छ त्यो पापी हो, जुन वस्तु प्रेमरहित हुन्छ त्यो अपवित्र हुन्छ, किनभने प्रेमले नै मानिसलाई परमात्माको नजिक पुऱ्याउँछ र समाजको, सृष्टिको निरन्तरतालाई सघाउँछ। त्यसैले म भन्छु प्रेम आँखाले हेर, तिम्रा लागि यो सारा जगत् बिस्तारै-बिस्तारै परमात्मामय देखिन थाल्छ।

जसले जीवनमा कसैलाई प्रेम गरेको छैन उसको जीवनमा परमात्माले प्रवेश गरेकै छैन भन्न सकिन्छ, किनभने प्रेम क्षणमा नै पहिलो पटक कुनै पनि प्राणीमा परमात्माले प्रवेश गर्छ। त्यसैले यदि प्रेमको एक थोपामात्र निन्दित भयो भने पनि सम्पूर्ण परमात्मा निन्दित हुन पुग्छ। कुनै पनि मानिसलाई परमात्माको नजिक लानु छ भने त्यस्तो मानिसलाई प्रेमको नजिक लानुपर्छ। यदि हामीले यो संसारमा प्रेमप्रतिको निष्ठालाई, यौन संसर्गप्रतिको आकर्षणलाई स्थापित गर्न सक्यौं भने यो संसारमा हाम्रो जीवन र जगत् दुवै सम्मानित हुनेछन्। त्यो बेला प्रेमले एउटा आध्यात्मिक मूल्य प्राप्त गरेर नयाँ समाजको निर्माण गर्नेछ। जहाँ हाम्रा सन्तति, हाम्रा भावी पुस्ता र उनीहरूको जीवन प्रेममय हुन पुग्छ। सायद यसैलाई मानिसहरू ईश्वरीय खोजका रूपमा व्याख्या गर्छन। त्यसैले म भन्छु प्रेम प्रारम्भ हो भने प्राप्ति अन्त।

● तीतो सत्य ●

प्रेममा व्यक्तिहरू गम्भीर होइन हल्काफुल्का व्यवहार मन पराउँछन्।

प्रेम बिना यो संसारमा कुनै सिर्जना हुन सक्दैन।

क्रोधको ज्वाला शान्त पार्न केवल प्रेम नै पर्याप्त छ।

प्रेम गर, कल्पना नगर।

मानिसले सजायँ भोग्न कुनै अपराध गर्नुपर्दैन प्रेम गरे पुग्छ।

साँचो माया गर्नेहरूले धोका दिन जानेका हुँदैनन्।

मायाको साँचो अर्थ माया गर्नेलाई मात्र थाहा हुन्छ।

**शालिग्राम पत्थर, धादिङ**

प्रेम त्यसैसँग गर्नु जसलाई आफूले माया गरेको भन्दा उसले आफूलाई माया गरेको होस्।

**–टीकाराम अर्याल, स्याङ्जा**

प्रेम गर्नेहरू प्रायः प्रेमलाई बाहिरी सुन्दरतासँगै तुलना गर्छन्।

**–सन्तोष काफ्ले, सर्लाही**

ईश्वर र प्रेमलाई आँखाले देखिंदैन, हातले छोइंदैन।

**–अक्षोभ केसी, पनौती**

अनुहार मन परेर गरिने माया अनुहार बिग्रिएपछि समाप्त हुन्छ।

**–आनन्द कर्माचार्य, धनुषा**

प्रेम त्यस्तो वस्तु हो जसले शत्रुलाई पनि मित्र बनाइदिन्छ।

**–जमुना खेवा, धनकुटा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

# प्रेम प्रस्तावको नयाँ शैली



केही दिनअघि साइवर जाँदा मेरो साथी साजनले, आफ्नो इमेलमा नौलो इमेलको जानकारी पाएर हतारिँदै खोलें। उनलाई इमेलमा एउटी अपरिचितले लेखेकी थिइन्, 'म तपाईंलाई माया गर्छु, म माया व्यक्त गर्न असमर्थ थिएँ। आज व्यक्त गर्दैछु। कृपया जवाफ इमेल नै गरी पठाउनुहोला।'

आजभोलि यसरी इमेलबाट प्रेम प्रस्ताव राख्ने चलन बढ्दै गएको छ। विज्ञानको फड्कोसँगै यसलाई प्रेमको पनि फड्को भन्न सकिन्छ। कुनै समय एक ठाउँबाट अर्को ठाउँ खबर पुऱ्याउन परेवाका खुट्टामा सन्देश बाँधेर पठाइन्थ्यो। आज त्यो शैली विकसित भएर साइवरसम्म आइपुगेको छ। यसै सन्दर्भमा कीर्तिपुरका राजन भन्छन् 'मैले पनि आफ्नी प्रेमिका, इमेलबाटै बनाएको हुँ।' साइवर युगमा युवायुवतीबीच प्रेम भयो भने आफ्नो प्रेम भावना इमेलबाट व्यक्त गर्ने एउटा नयाँ शैली विकसित भएको छ, जसलाई साइवर प्रपोज भन्न सकिन्छ।

-इमेल दुई पक्षबीच हुन्छ, यसकारण तेस्रो पक्षले जानकारी पाएर, आफ्नो व्यक्तिगत प्रतिष्ठामा पर्ने आँचबाट सुरक्षित हुन सकिन्छ।

-प्रेम प्रस्तावलाई शिष्ट भाषामा नै स्वीकार र अस्वीकार गर्न सकिन्छ।

-आफ्नो भावनालाई मजबूत रूपमा प्रस्तुत गर्न वा कवितात्मक शैलीमा प्रस्तुत गर्न सकिन्छ, जसले प्रेम प्रस्तावमा सिङ्गार थप्नुका साथै प्रस्ताव गर्नेको प्रतिभा एवं आन्तरिक अभिरुचि पनि प्रदर्शन हुन्छ।

-प्रेम अस्वीकार भए पनि दिगो मित्रताका लागि प्रस्ताव गर्न सकिन्छ।

-प्रेम प्रस्ताव स्वीकार गर्न र नगर्नका लागि भावनात्मक समयसीमा हुन्छ।

यी फाइदाहरूका कारण साइवर प्रपोज आज भोलि निकै बढ्दै गएको छ। इमेलबाट आएको प्रेम प्रस्ताव स्वीकार वा अस्वीकार भए, त्यसको भेउ दुई पक्षले मात्र पाएको हुन्छ। बर्दियाका विनोद ओझा भन्छन् 'मुखामुख प्रस्ताव गर्नु भन्दा, इमेलबाट प्रस्ताव गर्नु उत्तम बिधि हो, किनभने इमेलबाट निसंकोच रूपमा स्वीकार वा अस्वीकार गर्न सकिन्छ।'

इमेलबाट गरिने प्रेम प्रस्तावमा सहरिया युवाभन्दा युवतीहरू निकै आकर्षित हुन थालेका छन्। युवतीहरू नजिक आएर प्रपोज गर्ने हिम्मत राख्दैनन्, किनभने उनीहरूलाई सामाजिक लोकलाज हुन्छ। साइवर प्रपोजमा गोप्यता रहने हुनाले उनीहरूले आफ्नो प्रेम भावना इमेलबाटै व्यक्त गर्न थालेको पाइन्छ।

इमेलबाट प्रपोज गर्दा, प्रपोज गर्ने आफूलाई मन पर्दैन भने उसलाई शिष्ट र सादर भाषामा अस्वीकार गर्न सकिन्छ। फेरि-फेरि पनि इमेलबाट उही व्यक्तिको प्रपोज आइरहन्छ भने उसको इमेल खोल्दै नखोली आउट गर्न सकिन्छ। यदि इमेलबाट सभ्य ढंगले प्रपोज गर्ने हो भने यो विधि अरू विधिभन्दा धेरै उत्कृष्ट छ। साइवर प्रपोजले आफ्नो प्रेम भावना एक दुई मिनेटमै व्यक्त गर्न सम्भव बनाएको छ।

यसरी इमेलबाट प्रेम प्रस्ताव गर्दा, गोप्यताको लाभ लिएर बदनीयतका साथ प्रेमको नाटक गर्नेहरूले प्रेम प्रस्तावसँगै अश्लील तस्बिरहरू पठाउने गरेको पाइन्छ। यसले प्रापकमा ममाथि यौन खेलबाडका लागि मात्र प्रेमको नाटक गर्दैछ भन्ने प्रस्ट सन्देश जान्छ। यस्तो प्रस्तावबाट भएको माया पनि भुइँमा छताछुल्ल पोखिन्छ। नारीको अस्तित्वलाई पनि स्वीकार गरी, शिष्ट भाषामा प्रपोज गर्ने हो भने त्यो प्रस्ताव अस्वीकृत हुँदा पनि आफ्नो मायामा एक प्रकारको गौरव नै हुन्छ। आजको समयमा शिष्ट भाषाको प्रस्तावको अस्वीकार पनि शिष्ट भाषामा नै हुन्छ। यसकारण बदनियतका साथ प्रेम गर्नेले बाहेक अरूले इमेलबाट प्रेम प्रस्ताव गर्दा शिष्ट भाषा नै प्रयोग गर्छ। इमेलबाट प्रेम प्रस्ताव अस्वीकार गर्दा त्यति अपमानबोध हुँदैन, जति नजिक गएर गर्दा हुन्छ। यसरी इमेलबाट प्रस्ताव गरेर, अस्वीकार गर्दा पनि अस्वीकार गर्नेको भावी जीवनको सफलताका लागि शिष्ट भाषामा सन्देश पठाउन सकिन्छ, फलस्वरूप पहिलेदेखि नै आपसी मित्रता थियो भने त्यो मित्रता दिगो बनाउन सकिन्छ।

मैले माथि नै भनेको थिएँ, मेरो साथी साजनले पनि एक यस्तै इमेलबाट प्रेम प्रस्ताव पाएका थिए। ती अनजानलाई प्रतिउत्तरमा उनले अंगेजीमा here is another, in my heart भनी जवाफ पठाएका थिए। त्यसको भोलिपल्ट ती अपरिचितबाट उनलाई 'धन्यबाद' भन्ने जवाफ आएको थियो भने तेस्रो दिन उनले पनि पनि धन्यबादलाई अर्को 'धन्यबाद' पठाए। यो शिष्ट प्रस्ताव र शिष्ट अस्वीकार हो। सायद सबै प्रेमी-प्रेमिकाले यसरी नै शिष्ट भाषामा प्रेम प्रस्ताव गर्ने र शिष्टतामै स्वीकार वा अस्वीकार गर्ने हो भने पहिले-पहिले सुनिने 'प्रेम प्रस्तावको अस्वीकारले आत्मदाह' भन्ने खबरले विश्राम पाउँथ्यो कि ?

**–प्रेमकृष्ण श्रेष्ठ**

# मैले सपनाको राजकुमारलाई जेलमा फेला पारेँ



**प्रेममा मात्रै विश्वास गर्नेहरूका लागि निहिता विश्वास एउटा उदाहरण हुन्। २० वर्ष लागेकी निहिताले ६५ वर्षीय यस्तो पुरुषसँग विवाह गरेकी छिन्, जो दर्जनौं अपराधका अभियुक्त हुन्। नेपालबाहेक भारत तथा अफगानिस्तानमा जेलसजाय काटिसकेका फ्रान्सेली नागरिक चार्ल्स शोभराजसँग जेलभित्रै प्रेम तथा विवाह गर्नुले उनको छवि रहस्यमय पनि बनेको छ। कतिपयले शोभराज युवतीको हत्या गर्ने 'विकनी किलर' भएकाले निहिता पनि चार्ल्सको जालमा फसेको भन्दै चिन्ता व्यक्त गर्छन्। यद्यपि निहिता यी कुनै कुरामा चिन्तित छैनन्। साप्ताहिकसँगको भेटमा निहिताले भनिन्– शोभराजलाई संसारभरिका मानिसले गलत भने पनि मेरा लागि ऊ निर्दोष प्रेमी तथा पति हो। भ्यालेन्टाइन डेका दिन चार्ल्सलाई विशेष उपहार दिने योजना बनाएकी निहिता प्रेममा सबैथोक जायज हुने बताउँछिन्।**

**तपाईंको विचारमा प्रेम नै सबैथोक हो ? उमेर, जात, अभियुक्त, समाजको चलन केही होइन ?**

पहिलो त प्रेम नै हो। प्रेम छैन भने अरू कुरा पाए पनि जीवनको सार्थकता रहँदैन।

**तपाईंले आफूलाई लैला-मजनु, हिर-राँझा, रोमियो-जुलियटजस्तै प्रसिद्ध पात्र बनाउन जीवन दाउमा राख्नुभएको त होइन ?**

जतिखेर मैले चार्ल्सलाई भेटें, मन पराएँ त्यस बेला मैले मेरो र उसको खुसी मात्र विचार गरिरहेकी थिएँ। मलाई उसको व्यक्तित्व, बौद्धिकता, हम्बलनेस यति मन पर्‍यो कि ठूलो कुरा सोच्ने तर्क गर्ने बुद्धि नै आएन। जहाँसम्म रोमियो-जुलियटजस्ता प्रेमीहरूको कुरा गर्नुभयो, म एउटी प्रेमिका भएकाले उनीहरूका प्रेमका धेरै कुरा मिल्न सक्छ, तर मैले प्रसिद्ध हुन चार्ल्ससँग प्रेम गरेकी होइन।

**अहिले त सबैका कुरा सुन्नुभयो, राम्रो-नराम्रो बुझ्न थाल्नुभयो, कस्तो लागेको छ ?**

मानिस जति प्रेममा पर्दै जान्छ, उति नै आनन्द प्राप्त गर्दै जान्छ। मलाई चार्ल्सका बारेमा कसैले नराम्रो भन्यो भने हाँसेर उडाउन मन लाग्छ। त्यस्ता मानिसलाई विचरा भन्न मन लाग्छ। मानिसलाई के थाहा, चार्ल्सको महान्ता ? प्रेमको महान्ता ? म जुन स्वर्णीम जीवन बाचिरहेकी छु त्यसको आनन्द मलाई मात्र थाहा छ। उनीजस्तो बौद्धिक मानिस यो संसारमा एक-दुई मात्र होलान्। चार्ल्सलाई भेटेर मेरो जीवन धन्य भएको छ।

**भनेपछि चार्ल्सको उमेर, विदेशी नागरिकता, अपराध कुनै कुराले तपाईंलाई छोएको छैन ?**

चार्ल्स हेल्दी छन्, हेन्डसम छन्, बौद्धिक छन् अनि निर्दोष छन्। मलाई असाध्यै माया गर्छन्। एउटी युवतीलाई चाहिएको यही त हो नि।

**तपाईं राम्री हुनुहुन्छ, भर्खरै तरुनी हुनुभएको छ। त्यस्तै पुरुष पाउन सकिन्थ्यो, होइन र ?**

म सपनाको राजकुमार सेतो घोडामा आउँछ, कल्पनाको संसारमा पुर्‍याउँछ भनेर कहिलै विश्वास गर्दिनँ। गाडीमा, साइकलमा अथवा जहाँबाट पनि मेरो सपनाको राजकुमारलाई आउन सक्थ्यो। मैले मेरो सपनाको राजकुमार जेलमा पाएँ।

**त्यसो भए अहिले जेलबाहिर बसेर प्रेममा त्याग गर्दै हुनुहुन्छ ?**

मैले चार्ल्सका लागि त्याग गरेकी छैन। म उसलाई निर्दोष सावित गर्न लडिरहेकी छु। मैले एउटी श्रीमतीले गर्नुपर्ने टोटल इफोर्ट लगाएकी छु। जुन दिन उनी रिहा हुन्छन् त्यस दिन मात्र मेरो पहिलो चरणको कर्तव्य पूरा हुन्छ।

**भनेपछि कर्तव्य मात्र गरिहरनुभएको छ, प्रेम होइन ?**

प्रेम नभै कर्तव्य गरिदैन। जहाँ प्रेम हुन्छ, कर्तव्य पनि त्यहीं हुन्छ।

**तपाईंले चार्ल्ससँग विवाह गरिसकेको दाबी गर्नुभएको छ, तर न पण्डित, न जन्ती विवाह कसरी सम्भव छ ?**

विवाहमा पण्डित नभए पनि हुन्छ तर सिन्दूर चाहिन्छ। मैले चार्ल्सको सिन्दूर लगाएकी छु। मैले उनलाई श्रीमान् मानेकी छु। उनले मलाई श्रीमती मानेका छन्।

**विवाह गरेपछि श्रीमान्को घर जानुपर्छ, जबकि तपाईं माइतीमै हुनुहुन्छ ?**

किनभने उनी ससुरालीमा छन्। जेल नै सही, उनी मेरो आँखाअघि छन्। मैले उनलाई एउटी श्रीमतीले दिने सुझाव, सल्लाह, माया, उत्साह सबै दिएकी छु। विवाह हुनेबित्तिकै सबै परम्परागत नियम मान्नुपर्छ भन्ने छैन।

**शारीरिक सम्पर्कबिना विवाह पूर्ण हुँदैन भनिन्छ, जब कि चार्ल्स शोभराज भित्र तपाईं बाहिर हुनुहुन्छ ?**

जीवनमा प्रेम तथा विवाहका लागि शारीरिक सम्पर्क अनिवार्य छैन। अहिले केही समयका लागि हामी पर भयौं भन्दैमा हाम्रो प्रेम तथा विवाह कमजोर हुँदैन।

**भनेपछि यत्तिकै जीवन बिताउनुहुन्छ ?**

किन बिताउने ? उनी निर्दोष छन्। केही समयमै रिहा हुँदैछन्। त्यसपछि उनको र मेरो स्वर्णीम जीवन प्रारम्भ हुन्छ।

**फ्रान्समा चार्ल्सकी १० वर्षकी छोरी छिन्, तपाईं जम्मा २० वर्षकी हुनुहुन्छ, कस्तो लाग्छ ?**

सानै उमेरमा आमाको अनुभव हुन्छ। उनीसँग घण्टौं कुरा गर्छु र आमा भएको महसुस गर्छु।

**किन माया गर्नुहुन्छ ?**

किनभने उनको हाँसो, कुरा गर्ने शैली तथा अनुहार चार्ल्सजस्तै छ। चार्ल्सलाई प्रेम गर्छु भने उनकी छोरीलाई पनि मैले प्रेम गर्नुपर्छ।

**चार्ल्सको कमजोरी के हो ?**

उनी सबैलाई विश्वास गर्छन्, त्यसैले फस्छन्।

**चार्ल्सका लागि तपाईंमा नभएको कुरा के हो जस्तो लाग्छ ?**

उनी निकै बौद्धिक एवं व्यावहारिक छन्। म कम उमेरकी भएकाले उनीजस्तै हुन सकेकी छैन। म केही अघि जन्मिएकी भए, ममा पनि उनीजस्तै क्षमता भएको भए कति राम्रो हुन्थ्यो भन्ने लाग्छ।

**भविष्यको योजना के छ ?**

म अध्ययन गर्न चाहन्छु। उनको प्रोडक्सन कम्पनीलाई अझ माथि पुर्‍याउन सहयोग गर्न चाहन्छु।

**छोराछोरीको चाहना छैन ?**

चार्ल्सलाई छोरी असाध्यै मन पर्छन्। उनका लागि दुईवटी छोरी उपहार दिन चाहन्छु।

**–अश्विनी कोइराला**



**प्रेम छैन भने अरू कुरा पाए पनि जीवनको सार्थकता रहँदैन।**

**मैले प्रसिद्ध हुन चार्ल्ससँग प्रेम गरेकी होइन।**

**मानिस जति प्रेममा पर्दै जान्छ, उति नै आनन्द प्राप्त गर्दै जान्छ।**

**म सपनाको राजकुमार सेतो घोडामा आउँछ, कल्पनाको संसारमा पुर्‍याउँछ भनेर कहिलै विश्वास गर्दिनँ।**


**साधारण सिलाई जानेकाहरूलाई सुवर्ण अवसर**

यस इन्स्टिच्युटबाट साधारण सिलाई जानेकाहरुलाई हाल बजारमा चलिरहेको विभिन्न किसिमका लुगाहरुको ३ महिने स्पेशल विषयको तालिम दिन सुरु गरेको हुनाले इच्छुक महिला तथा पुरुषहरुले तुरुन्तै सम्पर्क राख्न आउनुहोला। सिट सिमित छ। फाराम वितरण भइ राखेको छ। साधारण कोर्षको पनि भर्ना लिइरहेको छ। स्पेशल कोर्षका विशेषताहरु:

गला डिजाइन – ६० थरी, बाहुला डिजाइन – २५ थरी
कुर्ता डिजाइन – १० थरी, सुलवाल डिजाइन – १० थरी
ब्लाउज डिजाइन – १० थरी

साथै विभिन्न किसिमका टप्सहरु, स्कर्टहरु, लेडिज पाइन्टहरु, नाइटिहरु, लङ्ग वयरहरु आफ्नो च्वाइसहरुका साथै पुरुषहरुलाई सर्ट, पाइन्ट र कोटहरु विषेस तरिकाले सिकाइन्छ। ड्राफ्ट संगै लेआउट गर्न पनि सिकाइन्छ।

**ए.आर. फेसन डिजाइनिङ्ग तथा सिलाई इन्स्टिच्युट**
ल.पु. पुल्चोकको नमस्ते सुपरमार्केट अगाडिबाट सिधा बाटो छाबाहाल गुठी घरमा)
फोन: ५५२६७३० मोबाइल: ९८४१ ३०४२७२



**कष्मेटिक सर्जरी**

- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment

सम्पर्क:
PLASTIKOS
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल



**आवश्यकता**

केटाहरुको लागि पोल्याण्ड साथै जर्मनमा केयर गिभरमा काम गर्न जाने केटीहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

९८४१६४५२२७
४४८४५०६



**आवश्यकता**

काँटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता

सम्पर्क : रेणु श्रेष्ठ
फोन नं: ४२६२७५१, ४२६००७३
(समय: १०:००-५:००)



**मुहार**
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायोपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
**केश**
झर्ने तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
**आस्था हेल्थ केयर**
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944



# प्रेममय युवा मन



शिव मुखिया

काठमाडौं– 'प्रेम प्रस्ताव □' तपाईंलाई भ्यालेन्टाइन डेका अवसरमा कुनै सुन्दर युवकले प्रेमप्रस्ताव राखे कस्तो प्रतिक्रिया जनाउनुहुन्छ ? भन्ने जिज्ञासामा एनिका महर्जनले भनिन्-'उसको मन दुखाउँदिनँ, साथीका रूपमा स्वीकार गर्छु।' अरुणोदय एकेडेमीमा अध्ययनरत एनिकाले अन्य युवालाई प्रेमका रूपमा स्वीकार नगरे पनि कुनै एक युवकलाई भने आफ्नो हृदयमा सजाइसकेकी छिन्। साप्ताहिकसँगको भ्यालेन्टाइन परिचर्चामा उनले भावी जीवनसाथी रोजिसकेको बताइन्। 'हामीबीच प्रेम भएको दुई वर्ष पुगिसक्यो,' उनले भनिन्- 'हामी एक-अर्कालाई हृदयदेखि प्रेम गर्छौं।' प्रेमजीवनको यो श्रृंखलामा उनीहरूले यसअघि भ्यालेन्टाइन डे अर्थात् प्रेमदिवसलाई कसरी मनाए होलान् ? आगामी योजना कस्तो छ ? जिज्ञासामा उनी खासै उत्साहित भइनन्। 'यो वेस्टर्न कल्चर हो,' एनिकाले भनिन्- 'साँचो प्रेम गर्नेहरूलाई कुनै बहाना चाहिँदैन।' उनले आउँदो भ्यालेन्टाइन डेका लागि पनि कुनै विशेष कार्यक्रम बनाएकी छैनन्। 'सायद अरू दिनजस्तै भेटघाट गर्नेछौं,' उनले बताइन्।

कुनै जमाना यस्तो थियो, आमाबाबुको राजीखुसीमा छोराछोरीको विवाह हुन्थ्यो। कहिल्यै नदेखेका, नभेटेका अपरिचितसँग चुपचाप वैवाहिक जीवनमा बाँधिनु उनीहरूको कर्तव्य मानिन्थ्यो, तर अब त्यस्तो अवस्था रहेन। हुर्किएका छोराछोरी आफैंले आफ्नो भावी जीवनसाथी रोज्छन्, प्रेम गर्छन् र विवाहसमेत गर्छन्। त्यति मात्र होइन, युवा उमेरलाई रंगीन बनाउन मात्र पनि युवायुवतीहरू प्रेमसम्बन्ध गाँस्छन्। लुकीछिपी होइन, खुलस्त रूपमा प्रेम गर्ने युवायुवती पनि प्रशस्त भेटिन्छन्। आफ्नो प्रेमसाथीका बारेमा खुला चर्चा गर्नु, डेटिङमा रमाउनु कुनै नौलो विषय होइन।

युवापुस्ताका लागि प्रेम जीवनकै एउटा पाटो हो। त्यसैले होला, प्रेमको प्रसंगमा युवायुवती निकै उत्साहित हुन्छन्। 'हाम्रो प्रेम भएको सात महिना भयो,' शंकरदेव क्याम्पसमा अध्ययनरत दीपेश खत्रीले भने- 'भावना बुझ्ने भएकीले उनीसँग प्रेम गरेको हुँ।' भ्यालेन्टाइन डेको प्रसंगमा उनी निकै उत्साहित देखिए। 'उनलाई रातो गुलाबको फूल दिनेछु,' उनले योजना बनाए- 'त्यसपछि कुनै टाढा, एकान्तमा घुमाउन लान्छु।' उनलाई विगतका भ्यालेन्टाइन डेको खासै सम्झना छैन। 'त्यस बेला मेरी प्रेमिका नभएकीले होला,' दिपेशले भने- 'प्रेमिका हुँदाको क्षणमा मात्र भ्यालेन्टाइनको महत्त्व हुँदो रहेछ।' त्यसपछि उनले नारायणगोपालको एउटा गीतको अन्तरा गुनगुनाए- 'मायालुविनाको हुँदो हो कति, उदास एक्लो सम्झना यो..।'

सबैको सोचाइ र भोगाइ एकै किसिमको हुँदैन। सन्तोष कार्कीकै कुरा गरौं, उनको जीवनमा अहिलेसम्म कुनै युवती आएकी छैनन्। उनीसँग यतिबेला पनि प्रेमिका छैनन्। मौका मिले उनी भ्यालेन्टाइन डेको अवसरमा कुनै युवतीलाई प्रस्ताव राख्नेछन्। 'प्रेम दिवस भनेको प्रेम गरिरहेकाहरूका लागि मात्र होइन, नव प्रेमी-प्रेमिकाबीच सम्बन्ध गाँस्ने अवसर पनि हो,' नेताले भाषण गर्ने शैलीमा सन्तोष प्रस्तुत भए- 'त्यो दिन कुनै पनि युवा-युवतीले एक-अर्काबीच खुला रूपमा प्रेमप्रस्ताव राख्न पाउने छुट छ।' प्रेम स्वीकार गर्नु वा अस्वीकार गर्नु बेग्लै कुरा हो तर प्रेमप्रस्ताव राख्दैमा केही नबिग्रने उनको तर्क थियो।

भ्यालेन्टाइन परिचर्चाकै क्रममा भेटिएकी थिइन् मञ्जना श्रेष्ठ। भक्तपुरस्थित निकोलस कलेजमा अध्ययनरत मञ्जना बेहुलीको पहिरनमा सजिँदै थिइन्। उनी वास्तविक जीवनमै दुलही बनेकी होइनन्, एक प्रतियोगिताका लागि उनले यस्तो पहिरन लगाएकी हुन्। के उनी वास्तविक जीवनमा पनि यसरी श्रृंगारिँदै छिन् ? प्रश्न सुनेर उनी लजाइन्। 'खै थाहा छैन,' मुस्कुराउदै उनले भनिन्- 'सबै कुरा भन्नुपर्छ र ?' मञ्जनाले थुप्रै प्रेमप्रस्ताव सामना गरेकी छिन्। युवायुवतीबीच यस्ता प्रस्ताव आदान-प्रदान हुनु अस्वाभाविक नहुने उनको तर्क थियो। भ्यालेन्टाइन डेकै युवायुवतीबीच प्रेमप्रस्ताव आदान-प्रदान गर्ने दिनका रूपमा पनि भ्यालेन्टाइन डेको महत्त्व रहेको उनले बताइन्।

युवा-युवतीहरू कसरी प्रेम-प्रस्ताव आदान-प्रदान गर्छन् ? जिज्ञासामा शंकरदेव क्याम्पसका विद्यार्थी रञ्जित झाले भने- 'यो एकदमै गाह्रो काम हो।' प्रस्ताव राख्दा उनले अस्विकार गरे के गर्ने भन्ने भयले सधैं मन पिरोल्ने उनले बताए। 'प्रस्ताव राख्दा पुरानो सम्बन्ध नै पो बिग्रने हो कि भन्ने डर हुन्छ,' उनीसँगै

**'यो वेस्टर्न कल्चर हो' एनिकाले भनिन्- 'साँचो प्रेम गर्नेहरूलाई कुनै बहाना चाहिँदैन।' उनले आउँदो भ्यालेन्टाइन डेका लागि पनि कुनै विशेष कार्यक्रम बनाएकी छैनन्। 'सायद अरू दिनजस्तै भेटघाट गर्नेछौं' उनले बताइन्।**

**हुर्किएका छोराछोरी आफैंले आफ्नो भावी जीवनसाथी रोज्छन्, प्रेम गर्छन् र विवाहसमेत गर्छन्। त्यति मात्र होइन, युवा उमेरलाई रंगीन बनाउन मात्र पनि युवायुवतीहरू प्रेमसम्बन्ध गाँस्छन्। लुकीछिपी होइन, खुलस्त रूपमा प्रेम गर्ने युवायुवती पनि प्रशस्त भेटिन्छन्। आफ्नो प्रेमसाथीका बारेमा खुला चर्चा गर्नु, डेटिङमा रमाउनु कुनै नौलो विषय होइन।**

**नेताले भाषण गर्ने शैलीमा सन्तोष प्रस्तुत भए- 'त्यो दिन कुनै पनि युवा-युवतीले एक-अर्काबीच खुला रूपमा प्रेमप्रस्ताव राख्न पाउने छुट छ' प्रेम स्वीकार गर्नु वा अस्वीकार गर्नु बेग्लै कुरा हो तर प्रेमप्रस्ताव राख्दैमा केही नबिग्रने उनको तर्क थियो।**

अवसरमा पनि उनलाई प्रस्तावहरू आएका थिए, तर ती प्रस्तावहरूलाई उनले केवल मित्रताका रूपमा स्वीकारेकी छिन्। भ्यालेन्टाइन पश्चिमा संस्कृति भए पनि नेपाली युवापुस्ताले आत्मसात् गरिरहेको उनले बताइन्। 'प्रेम गर्नेहरूका लागि विशेष पर्व हो,' उनले भनिन्- 'पश्चिमा संस्कृति भए पनि यसमा धेरै सकारात्मक पक्ष छन्।' मञ्जनाकै भनाइमा सहमत देखिइन् रशिना श्रेष्ठ। सिद्धार्थ विद्यापीठ, गठ्ठाघरमा अध्ययनरत रशिनाले भ्यालेन्टाइन डेले प्रेमजोडीहरूमा नयाँ उमंग सञ्चार गर्ने बताइन्। 'प्रेम गरिरहेकाहरूले त्यस दिन आफ्नो सम्बन्धलाई अरू बढी प्रगाढ बनाउने अवसर पाउँछन्,' रशिना भन्छिन्। त्यसो त मन परेका उभिएका कृष्ण सुवेदीले थपे- 'त्यसैले आफूलाई पनि मन पराएको छ भन्ने बुझेपछि मात्र प्रस्ताव राख्नु उपयुक्त हुन्छ।' यता युनाइटेड एकेडेमीमा अध्ययनरत अनिशा देवानको मत फरक छ। अहिले प्रविधिका कारण प्रेमप्रस्ताव राख्न सजिलो भएको उनले बताइन्। 'एसएमएस, च्याट, इमेलबाट अप्रत्यक्ष प्रस्ताव राख्न सकिन्छ,' अनिशाले भनिन्- 'यसरी राखिएको प्रस्ताव अस्वीकृत भए पनि प्रत्यक्ष भेटमै अस्वीकार गरेको जस्तो गाह्रो हुँदैन।' उनलाई कक्षा ९ मा पढ्दा प्रत्यक्ष रूपमै प्रेमप्रस्ताव आएको थियो, तर उनले प्रस्ताव स्वीकार गरिनन्। न त प्रस्ताव राख्नेको गाली-बेइज्जति नै गरिन्। 'गाली-बेइज्जती किन गर्नु ?' अनिशाले भनिन्-'मन पराएकालाई स्वतन्त्र रूपले प्रस्ताव राख्न जोसुकैले सक्छन्।'

गुलाबको फूल, ग्रिटिङ कार्ड, पहिरन दिएर प्रेम प्रस्ताव राख्नेहरूको शैली फेरिएको उनीहरूसँगको कुराकानीबाट थाहा पाउन सकिन्थ्यो। 'एसएमएस सबैभन्दा सजिलो माध्यम हो,' एनिकाले भनिन्- 'सबैको हातमा मोबाइल हुन्छ, त्यसैले एसएमएस गरेर प्रस्ताव राख्न सजिलो हुन्छ।' संगीता श्रेष्ठ पनि प्रविधिका कारण प्रेम गर्ने युवायुवतीहरूले सहज महसुस गरेको तर्क राख्छिन्। ख्वप इन्जिनियरिङ कलेज, भक्तपुरमा अध्ययनरत संगीताका अनुसार मोबाइल र इन्टरनेट युवायुवतीको सबैभन्दा भरपर्दो माध्यम बनेको छ। आफ्नो प्रस्ताव तुरुन्तै सम्बन्धित व्यक्तिले प्राप्त गर्ने र गोप्य पनि रहने भएकाले मोबाइल र इन्टरनेट युवापुस्तामाझ लोकप्रिय बनेको उनीहरूले बताए।

युवक र युवतीहरूबीच छुट्टाछुट्टै भेटमा प्रेमका बारेमा एक-अर्कालें कस्तो धारणा राख्छन् भन्ने विषयमा पनि जिज्ञासा रहेको बताए। युवाहरू युवतीलाई प्रेमको मामिलामा कठोर मान्छन्। उनीहरू हतपती प्रेमप्रस्ताव स्वीकार्दैनन्, प्रस्ताव राख्दा गाली-बेइज्जति गर्न पनि पछि पर्दैनन् भन्ने युवाहरूको धारणा पाइयो। यता युवतीहरूचाहिं युवाहरूले केवल रोमान्सका लागि मात्र प्रेमको नाटक गर्ने, गर्लफेन्ड चेन्ज गरिरहने, प्रेमका सम्बन्धमा खासै संवेदनशील नहुने तर्क राखे। धेरैजसो युवती आफ्नो जीवनमा आउने प्रेमसाथी निश्चल होस् भन्ने चाहना राखेको बताउँछन्। 'प्रेमलाई समय कटाउने माध्यमका रूपमा मात्र लिनु राम्रो होइन,' अनिशा भन्छिन्।

युवाहरूचाहिं लैला-मजनु, मुना-मदन, रोमियो-जुलियटको जस्तो आदर्श प्रेम आजका युवापुस्ताले स्वीकार नगर्ने बताउँछन्। रत्नराज्य क्याम्पसमा अध्ययनरत लोकेन्द्र केसी भन्छन्- 'प्रेम गरेपछि विवाह नै गर्नुपर्छ भन्ने छैन।' जीवनमा नयाँ अनुभव सँगाल्नका लागि मात्र पनि युवा उमेरमा माया-प्रेम गर्नुपर्ने लोकेन्द्रको तर्क थियो। 'प्रेमलाई प्रेममै मात्र सीमित राख्न पनि सकिन्छ,' उनले भने- 'यस्ता युवायुवतीहरू थुप्रै भेटिन्छन्।' शंकरदेव क्याम्पसकै दीपक रिमाल पनि युवा उमेरलाई प्रेममय बनाउनुपर्ने बताउँछन्। 'प्रेम गर्ने युवायुवतीहरू एक-अर्काका लागि सहयोगी पनि हुन्,' उनले भने- 'त्यसैले आफ्नो क्यारियरमा सहयोग पुऱ्याउने उद्देश्यले पनि कसैसँग प्रेमको नाता गाँसिन्छ।' क्याम्पसमा आफ्नो पढाइलाई अरू सहज बनाउन विपरीत लिङ्गी पार्टनर आवश्यक हुने उनको भनाइ छ। यसरी बन्ने पाटनरसँगको प्रेमलाई विवाहमै रूपान्तरण गर्नुपर्छ भन्ने मान्यतामा उनीहरू छैनन्। विवश आचार्य र क्षितिज थापा पनि उक्त भनाइमा सहमत देखिए। 'जीवनलाई रमाइलो ढंगले बिताउनका लागि प्रेम गर्नुपर्छ,' क्षितिज भन्छन्।

भनिन्छ, 'प्रेम र युद्धमा सबै कुरा जायज हुन्छ।' बढ्दो उमेरका युवायुवतीहरूले पनि यो भनाइलाई आत्मसात् गरेको पाइयो। 'प्यार किया तो डरना क्या,' दीपेश भन्छन्- 'प्रेम उन्मुक्त हुनुपर्छ, प्रेम नै गर्नु छ त किन डराउनु ?' प्रेमको विषयमा खुलेर कुराकानी गर्न जो-कोही युवायुवती तयार हुन्छन्। उनीहरू आफ्नो प्रेमसम्बन्धको प्रशंसा गर्न पनि पछि पर्दैनन्। 'हाम्रो साँचो प्रेम हो, सम्बन्ध एकदमै राम्रो छ,' प्रेमबन्धनमा बाँधिएका अधिकांश युवायुवतीबाट यस्तो भनाइ आउनु नौलो होइन।

प्रेममा उदार युवाहरू यसभित्रको विकृति पनि पहिल्याउन पछि परेनन्। 'प्रेमलाई रोमान्सका रूपमा प्रयोग गरिन्छ,' रशिना भन्छिन्-'यस्तै चाहनाले प्रेम गर्नेहरूले साँचो प्रेमलाई बदनाम तुल्याएका छन्।' प्रेमको सम्बन्ध भावनासँग गाँसिएको हुने उनी बताउँछिन्। 'धेरैजसोले फिजिकली, इमोसनल्ली र यौनसम्पर्कका लागि प्रेम गर्छन्,' दिपेश भन्छन्- 'यस्तै प्रेम गर्नेहरूका कारण प्रेममा दुर्घटना पनि निम्तिन्छ।' भ्यालेन्टाइन डेलाई प्रेमको नाममा उच्छृंखल ढंगले दुरुपयोग गर्नुभन्दा पनि कायम रहेको सम्बन्धलाई प्रगाढ बनाउने र नयाँ सम्बन्ध गाँस्ने एउटा अवसरका रूपमा हेर्नुपर्ने अजित श्रेष्ठ बताउँछन्।

# सम्बन्ध प्रेम र विज्ञानको



हामीमध्ये धेरैलाई यही लाग्छ कि अचानक कसैसित प्रेम हुनु र उसमै हराउनु, आफै हुन्छ, मनबाट हुन्छ तर वास्तविकता के भने प्रेम पनि प्राकृतिक संरचना हो। मानिसको मस्तिष्कमा हुने केही रासायनिक क्रिया तथा जीनसम्बन्धी संरचना एवं विशेषता नै प्रेमको प्रमुख आधार हुन्छ, किनकि यस बखत मनुष्यको शरीरमा जैविक-रासायनिक समिकरणले जन्म लिन्छ र यो अभिक्रियाले उसलाई प्रकृतिको उद्देश्यलाई पूरा गर्ने दिशातर्फ उन्मुख गर्छ अनि त्यसकै उपज प्रेम र त्यसको गहिराइ तय हुन्छ। 'द बायोलजी अफ लव' का लेखक डा. जेनबका अनुसार– मनुष्य संवेदनशील प्राणी हो, त्यसैले प्रेम जस्तो भावनाको कमीले व्यक्तिको विकास र बाँच्ने क्षमतालाई कमजोर बनाउँछ।

प्रेममा जब उन्माद बढ्छ तब त्यसलाई पागलपनको नाम दिइन्छ, किनकि प्रेम गर्ने व्यक्तिलाई जहिले पनि 'प्रेममा पागल छ' भनिन्छ। प्रेमको यो कुरालाई बार्टेल र सेमी ज्याक नामक वैज्ञानिकले एउटा नयाँ प्रयोगका माध्यमबाट सुल्झाउने प्रयत्न गरेका छन्। बार्टेल र ज्याकले मस्तिष्कको त्यो भाग पत्ता लगाएका छन् जुन रोमान्टिक प्रेमका लागि सक्रिय हुन्छ र तिनले ती व्यक्तिको मस्तिष्कलाई स्क्यान गरेका छन् जसको भनाइ थियो कि उनीहरू प्रेममा पागल छन्। खोज अनुसार त्यो भाग जुन प्रेममा सक्रिय थियो त्यो मस्तिष्कको अन्य भागभन्दा फरक थियो जुन प्रायः भावनात्मक स्थितिहरू जस्तै- डर, रिस वा आनन्दको अवस्थामा सक्रिय हुन्छ।

जब व्यक्ति प्रेममा पर्छ तब उसले प्रेमका अतिरिक्त केही देख्दैन। उठ्दा, बस्दा, सुत्दा, खाँदा, हरेक पल मात्र आफ्नो/प्रेमीबारे चिन्तन भैरहन्छ। त्यसैले प्रेम अन्धो हुन्छ भन्ने भनाइले प्रश्रय पाएको हो। यही अन्धोपनका कारण प्रेममा पर्नेहरूले आफ्ना प्रेमी-प्रेमिकामा कमीकमजोरी देख्न सक्दैनन्। अनेकन कमीकमजोरीका बाबजुद पनि व्यक्ति प्रेम गर्न पछि पर्दैन। आफ्नो प्रियतमका स-साना कुरा प्रिय लाग्छन्, उसको मुस्कान र सानो अभिव्यक्तिले पनि मन प्रफुल्लित हुन्छ, तरंगित हुन्छ।

यो परिस्थितिमा समाज एवं परिवारले चाहे जस्तोसुके कुरा गरे पनि व्यक्तिलाई आफ्नो प्रियतम नै सही लाग्छ किनकि जब व्यक्ति कसैसित प्रेम गर्न थाल्छ तब उसलाई आफ्ना प्रेमी-प्रेमिकामा कुनै कमी महसुस हुँदैन। वैज्ञानिक रोबर्ट फ्रेयरका अनुसार यी सबैका पछाडि मानव शरीरमा उपस्थित न्युरोकेमिकलको हात हुन्छ। न्युरोकेमिकल फिनाइल इथाइल अमिन हो। यो केमिकलका कारण व्यक्तिले आफ्नो प्रेमी-प्रेमिकाको गल्तीलाई नजरअन्दाज गर्छ। प्रेममा डुबेका व्यक्तिको शरीरमा यो रसायनको मात्रा बढी उत्पन्न हुन्छ। यो रसायनको स्तर लामो समयसम्म कायम रहँदैन। एक दुई वर्षपश्चात् यसको स्तरमा कमी आउँछ। चार-पाँच वर्षपछि भने यसको प्रभाव शरीरबाट समाप्त हुन्छ।

प्रेममा आँखाको भूमिका महत्त्वपूर्ण हुन्छ। आँखाकै माध्यमबाट हामी एक-अर्कासँग नजिकिन पुग्छौं। किनकि आँखाले मनको भाकालाई धेरै हदसम्म अभिव्यक्त गर्छ अनि आत्मीयता र प्रेम सम्भव हुन्छ। प्रेम हुन जति सहज छ बुझ्न उत्तिकै कठिन। किनकि मिलनको यो तन्त्र अत्यन्तै गठिलो गाँठोभित्र कसिएको हुन्छ। कसैलाई देखेर राम्रो र आत्मीय महसुस हुनु, त्यसमा नजरको काम मात्र लेन्सको जस्तो हुन्छ। राम्रो वा नराम्रो अनुभूत गराउने कार्य त मस्तिष्कले नै गर्छ। मस्तिष्कलाई यसका बारेमा शरीरको रसायनले संकेत गर्छ।

वैज्ञानिक अनुसन्धानअनुसार प्रेममा भावना र संवेदनाका साथमा केही अन्य कुराको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। तिनमा एउटा महत्त्वपूर्ण कुरा हो– आँखा। प्रेममा एक-अर्कालाई आँखाको माध्यमबाट हेर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। लगातार आँखामा हेर्नाले एक-अर्काप्रति आकर्षणको अनुभूति जागृत हुन्छ।

प्रेममा नजरको तीरले मात्र काम गर्दैन, यद्यपि प्रेममा गन्धको पनि उत्तिकै भूमिका हुन्छ। हरेक व्यक्तिको आफ्नै स्वाभाविक प्राकृतिक गन्ध हुन्छ जुन व्यक्तिको छालाबाट निस्कन्छ र यो गन्धलाई पहिचान गर्न नाकले भूमिका खेल्छ। मानिसको शरीरबाट धेरै त्यस्ता पदार्थ निस्कन्छन् जसको आफ्नै खास किसिमको गन्ध हुन्छ। यी गन्ध नाकको माध्यमबाट मस्तिष्कसम्म पुग्छन् र मस्तिष्कले त्यो गन्धलाई कोड गर्छ अनि विशेष व्यक्तिको जिनका बारेमा पत्ता लगाउँछ। जिनको बनावट जानेर नै मस्तिष्कले त्यो व्यक्ति आफ्नो साथी बन्न लायक छ कि छैन तय गर्छ। त्यसैले साथी छनौट गर्दा गन्धलाई विशेष ध्यान दिनु आवश्यक छ।

प्रेमको केमेस्ट्री के हो भन्ने विषयमा वैज्ञानिकहरूले प्रेमसित जोडिएका अनेक तथ्यलाई उजागर गरेका छन् र यसको रहस्य जान्ने प्रयत्न गरेका छन्। यद्यपि के प्रेम मात्र रासायनिक क्रियाको उपज हो ? यसलाई रासायनिक नाम दिनु सही हुँदैन किनकि साँचो, निच्छल, पवित्र, कोमल प्रेमलाई मात्र महसुस गर्न सकिन्छ र हरेक व्यक्तिमा यसको बास हुन्छ। प्रेम जहाँसम्म एकातिर भावनात्मक अनुभूतिको खजाना हो, कविको कविता हो, त्यहाँ वैज्ञानिकका लागि यो एउटा रहस्य हो।

वैज्ञानिकहरूका अनुसार जो प्रेममा डुब्छन् तिनको मस्तिष्कमा न्युरोकेमिकल फिनाइल इथाइल क्रियाशील हुन्छ, फलस्वरूप प्रेम जागृत हुन्छ। डा. फिसरका अनुसार कुनै पनि व्यक्तिप्रति आकर्षित हुनु वा आकर्षणको जादू मात्र ९० सेकेन्डदेखि लिएर ४ मिनटसम्म कायम रहन्छ। यो आकर्षणमा ५५ प्रतिशत योगदान व्यक्तिको हाउभाउको हुन्छ। ३० प्रतिशत कुराकानीको गति र शैलीमाथि निर्भर गर्छ भने मात्र ७ प्रतिशत आकर्षण व्यक्ति के बोल्छ भन्नेमा निर्भर गर्छ। रटडार्स युनिवर्सिटीका शोधकर्ता एवं 'ह्वाइ वी लव' की लेखिका हेलन फिसरका अनुसार प्रेम तीन रूपमा देखापर्छ र हरेक रूप पछाडि अलग-अलग हार्मोनको क्रियाशीलता हुन्छ।

**वासना (तनको चाहना)**

वास्तवमा त्यो वासना नै हो जुन सेक्स हार्मोन टेस्टोस्टिरन तथा एस्ट्रोजनबाट उत्पन्न हुन्छ। टेस्टोस्टिरन पुरुषमा मात्र नभएर महिलामा पनि उत्तिकै सक्रिय हुन्छ।

**चाहना (मनको चाहना)**

यहाँबाट प्रेम हुने अवस्था प्रारम्भ हुन्छ। जब व्यक्तिले प्रेम गर्छ तब उसलाई अरू केही कुरामा मन लाग्दैन। उसको भोक, निद्रा, प्यास सबै सकिन्छ। उनीहरू धेरैजसो आफ्नो प्रेमि/प्रेमिकाकै बारेमा सोच्छन्।

**आसक्ति (जन्मजन्मको साथ)**

यो अवस्था आकर्षणपश्चात आउँछ जब सम्बन्धले लामो समयसम्म निरन्तरता पाउँछ। कोही पनि आकर्षणकै अवस्थामा कायम रहन सक्दैनन्। आसक्तिका कारण आपसी सम्बन्ध लामो समयसम्म चल्छ र दुईले सँगै जीवन विताउने र परिवार चलाउन एक-अर्कालाई सहयोग गर्छन्। यो अवस्थामा दुई विशेष हार्मोन अक्सिटक्लिन एवं बेसोप्रेसिन सक्रिय हुन्छन् जसले व्यक्तिमा सामाजिक लगाव उत्पन्न गर्न एवं त्यसमा क्रियाशील हुन मद्दत गर्छ।



www.skybird.com.np
ADMISSION OPEN FOR AIR HOSTESS TRAINING
Get the true & core counseling just give a call or visit once
The most trusted name in Air Hostess Training
Sky Bird Air Hostess Training Institute
New Baneshwor
Tel 4786500, 9841382886

OASIS
Is old name plate for Institute in valley & still in use with us. We have no branches. If there's any this is the childish/shameful try to eat in others plate. O.L.C. family
Learn to Speak English
★Different level & packages (2 & 3 Months)
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेप कक्षा
Japanese/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

तु–आवश्यकता
बल्खु स्थित एक International Project विस्तारका लागि इमान्दार कर्मचारी आवश्यकता
संख्याः 9 Gents / 9 Ladies
तलबः 9000+अन्य
योग्यताः SLC,PCL or above
सम्पर्कः 9841881312, 9849115602
बल्खु चोक
नोट : Office Visit गर्दा Document अनिवार्य छ।

तु- आवश्यकता
ख्याति प्राप्त International Company लाई कर्मचारी आवश्यकता।
योग्यताः SLC or PCL
संख्याः 7 Ladies & 9 Gents
सुविधाः 8500+TA
Unique Shine
5532447,9803437476
9803153812
लोकेशन : रिङरोड ललितपुर नख्खु दोबाटो Nepal Gas सँगै
Note : बुझ्न आउँदा Document अनिवार्य छ।

Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
संख्याः 11 Gents/ Ladies
तलबः 9000
योग्यताः SLC or PCL
Unique Solution
5543056, 9841466409
9849104244
Gwarko, Lalitpur
नोटः बुझ्न आउदाँ Document अनिवार्य छ।

होटल तालिम
Cook,Waiter, Waitress, Room Boy, Front office, Bar man, Housekeeping
Chinees,Indian,Continental, Italian, Cooking Indian Veg. Special, Bakery, Ice-cream, Tamato, Ketchup, Jam & Squash, Pickles
सिट सिमीत छ
विशेषताहरु:
Theory तथा Practical सँगै गरीने छ।
तारे होटलमा Practical गर्न लगिने।
विदेश जानेको लागि विशेष व्यवस्था
५ तारे होटलका दक्षप्रशिक्षकबाट तालिम
अभियान पर्यटन तथा होटल
तालिम केन्द्र कुपण्डोल बस स्टप
५५३६०५७, ५५२३०८२, ९८४१२०८७४९

"गजब छ है गजब छ"
होटल तालिम
विदेश जानेहरूको लागि लिनै पर्ने तालिमका कक्षाहरू धमाधम संचालन भई रहेको छ।
कुक वेटर बारम्यान हाउसकिपिङ
होटल तालिम गजब छ !!!
कुक तालिममा वेटर फ्रि
EMTC Hotel Training
New Baneshwor,Thapagun
Contact: 4483969

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801



# प्रेम : केही मुक्तक

सरु भक्त

**१**

प्रत्येक दिवस प्रेमदिवस हो यौटा सत्य जानिराख
प्रेमभन्दा मूल्यवान् केही अरू हुँदैन ठानिराख
सभ्यताको आकाशभरि कति घाम उदाए, जून उदाए
प्रेमको इतिहास अब लेखिनुपर्छ मानिराख ।

**२**

एउटा यस्तो प्रेम गर मरेर पनि बाँचिरहू
मानवताका लागि भनी अमृत केही साँचिरहू
समय बग्छ नदीझैं अज्ञात-अनन्त सागर छुन
तिमी अरूका सम्झनाभरि आस्था बनेर नाचिरहू ।

**३**

बदनाम नगर प्रेमलाई प्रेम महान् र अनन्त हुन्छ
धर्तीभरि, आकाशभरि सहृदयताको जालो बुन्छ
मान्छेहरू भन्छन् दुनियाँ स्वार्थमा कति डुबेको छ
तर प्रेम गर्ने मनले सधैं उत्सर्गलाई मात्र चुन्छ ।

**४**

नसोध मलाई कि म तिमीलाई कति माया गर्छु
हृदयको फाँट-गरामा अमूल्य कति सपना छर्छु
जान्नेहरू भन्छन् प्रेम एक सुन्दर प्रेरणा हो
प्रत्येक क्षण म जीवनका कति जँघार-सागर तर्छु ।

**५**

प्रेम कस्तो हुन्छ एउटा नमर्ने गीतझैं
दिनरात साथ नछोड्ने मनको प्रिय मीतझैं
हृदयको धड्कनलाई सोधे बुझिन्छ प्रेम
हारेर पनि जितिने एउटा महान् जितझैं ।

**६**

प्रत्येक क्षण मुटुको ढुकढुकी तिमी आएजस्तो लाग्छ
सत्य भन्छु प्रत्येक सासमा तिमी छाएजस्तो लाग्छ
प्रेम गरेर मैले जीवनमा के पाएँ के गुमाएँ
बेहिसाब बेहिसाब मैले आफैंलाई पाएजस्तो लाग्छ ।

**७**

प्रेम गरेर केही मागू म भिखारी बन्न चाहन्नँ
सत्य भन्छु म जीवनलाई यति तुच्छ भन्न चाहन्नँ
समर्पणको जीवनमा समर्पण नै गर्न देऊ है
विश्वासलाई चोट पारी आफ्नै दिल खन्न चाहन्नँ ।

**८**

वासनाको खेल खेल्नेहरू प्रेमको अर्थ बुझ्न सक्दैनन्
उच्चता अनि महानता के हुन् मनमा कतै सुझ्न सक्दैनन्
मौसम बदलिएझैं गरी प्रेम मात्र बदली हिंडेपछि
बिहानीको चोखो शीत परी ती प्रेमले रुझ्न सक्दैनन् ।

**९**

प्रेम पवित्र हुन्छ हिमाली मूलको पानीझैं
चरित्रले बेदाग मानौं सुनकेशरी रानीझैं
शब्दकोशबाट बुझिन्न आफैंबाट बुझी हेर
प्रेम तिमीलाई लाग्नेछ हृदयको अक्षय खानीझैं ।

**१०**

प्रेम अनायाश हुन्छ गर्छु भनेर गर्न सकिन्न
मनभित्र विशाल सागर भर्छु भनेर भर्न सकिन्न
ए नक्कली प्रेमको कुरा गरी आफैंलाई भुलाउनेहरू
विनाआस्था कसैका लागि मर्छु भनेर मर्न सकिन्न ।

**११**

प्रेमको नाम लिई फोहोरी खेल खेल्ने नगर
घामलाई सानो सम्झी हत्केलाले छेल्ने नगर
जीवनको घुम्तीभित्र जसलाई नजिक देखे पनि
तिमी आफ्नो मनभित्र बासनाको रोटी बेल्ने नगर ।

**१२**

तिमीलाई नदेख्दा यस्तो लाग्छ प्रत्येक क्षण देखेझैं
मनको अनन्त पानीभरि प्रेमपत्र सधैं लेखेझैं
झरीका बादलहरू कति आए अनि कति गए
हिमालझैं ठडिई मनका विषादहरू सबै छेकेझैं ।

**१३**

कसैलाई माया गरी म धर्तीलाई माया गरिरहन्छु
तनभरि र मनभरि म विश्वासहरू भरिरहन्छु
चाहे प्रेमी भन वा पागल भन मेरो केही भन्नु छैन
म हर्दम प्रेमपत्र सम्झी सिर्जनाहरू छरिरहन्छु ।

**१४**

प्रेम तपस्या हो स्व-परीक्षामा बस्नुपर्छ
कमजोरीहरू आए भने हृदय जम्मै कस्नुपर्छ
घृणाको यो दुनियाँमा प्रेम गर्छौ भनी ठान्छौ भने
अरूका लागि हाँसी-हाँसी नर्कमा पनि पस्नुपर्छ ।

**१५**

प्रेमीहरू प्रेम गरी अजम्मरी पीडा सहिरहन्छन्
ढुङ्गा-माटो कणकणमा आत्मा बनी रहिरहन्छन्
चाहे दुनियाँले मानोस् वा मान्न इन्कार गरोस्
प्रेमीहरू नबोलीकन चरित्रले केही कहिरहन्छन् ।

**१६**

तिमीलाई माया गर्दा सर्वस्व सबै लुटाइदिन्छु
खुसीका जम्मै अवसरहरू एक-एक गरी छुटाइदिन्छु
तिमी भन मात्र जीवनका कति शिखर चढ्छ्यौ ?
तिम्रा लागि मनभित्र असंख्य मन जुटाइदिन्छु ।

**१७**

प्रेम कति शाश्वत हुन्छ ढलाइ कहिले पनि ढल्दैन
मनको महान् आस्थालाई चलाई कहिले पनि चल्दैन
हे स्वर्गका देवताहरू □ प्रेमीहरूको कति परीक्षा लिन्छौ
संकटले प्रेम कञ्चन बन्छ गलाई कहिले पनि गल्दैन ।

**१८**

प्रेममा घात हुँदैन कहिल्यै प्रतिघात हुँदैन
ठूलो-सानो भन्ने पनि प्रेममा कुनै जात हुँदैन
ए नशाले बेहोस बनी प्रेमको कुरा गर्नेहरू
म सत्य भन्छु प्रेममा प्रभात हुन्छ, कहिल्यै रात हुँदैन ।

**१९**

इशु-बुद्धहरूले झैं मानवताका लागि मरिमेटे हुन्छ
विशाल आफ्नो छातीभित्र भावना यही फेटे हुन्छ
जीवनको अर्थ किन खोज्न जानु मन्दिर-मस्जिदहरूमा
माया गरी आफैंभित्र इशु-बुद्धहरूलाई भेटे हुन्छ ।

**२०**

यस्तो दिन आओस् यहाँ मायैमायाको बास होस्
रिस, द्वेष, घृणाहरू सबै-सबैको नाश होस्
मानवताको अंश भई म यस्तो सपना देखिरहेछु
मेरो सुन्दर धर्ती भोलि स्वर्गभन्दा पनि खास होस् ।

---

# के गर्ने प्रणय दिवसमा

प्रणय दिवस, प्रेम प्रकट गर्ने दिन । आफ्नो मनभत्र लुकेको शब्दलाई बयान गर्न सायद यही दिनलाई हरेक हृदयले पर्खिएको हुन्छ । प्रेमले भरिपूर्ण यो दिनलाई खुसीको प्रतीक मानिन्छ, प्रेममा डुबेकाहरूका लागि यो दिनले एउटा छुट्टै महत्त्व बोकेको छ ।

१४ फेब्रुअरीका दिन मनाइने 'भ्यालेन्टाइन डे' विभिन्न देशमा अलग-अलग तरिकाले र अलग-अलग विश्वासका साथ मनाइन्छ । चीनमा यो दिनले 'नाइट्स अफ सेवेन्स' का रूपमा बेग्लै स्थान राख्छ, जापान र कोरियामा यो पर्वलाई 'वाइट डे'का नामले चिनिन्छ । यी देशमा एक महिनासम्म एक-आपसमा प्रेम प्रकट गर्ने चलन छ । एक-आपसमा उपहार र फूल दिएर प्रेमको भावना व्यक्त गर्ने चलन त्यहाँ छ ।

पश्चिमी देशमा 'भ्यालेन्टाइन डे' का दिन प्रेमपत्र आदान-प्रदान गर्ने चलनका साथै हृदय, क्यूपिड, फूल आदि प्रेम चिन्हहरू उपहारस्वरूप दिएर आफ्नो भावना व्यक्त गरिन्छ ।

१९औं शताब्दीमा अमेरिकाले यो दिनलाई आधिकारिक रूपमा अवकाश घोषित गरेको थियो । यू.एस.ग्रिटिङ्स कार्डको अनुमानअनुसार पूरै विश्वमा प्रतिवर्ष करिब एक विलियन भ्यालेन्टाइन्स कार्ड आदान-प्रदान हुन्छ, जुन क्रिसमसपछिको दोस्रो स्थानमा सबैभन्दा धेरै कार्ड बिक्री हुने पर्व मानिन्छ ।

**विवाहपछिको भ्यालेन्टाइन डे**

के भ्यालेन्टाइन डेजस्तो प्रेमको पर्व केवल प्रेमी-प्रेमीका, युवा युवतीहरूका लागि मात्र हो ? होइन । विवाहको बन्धनमा बाँधिएका श्रीमान-श्रीमतीले पनि यो खास दिनलाई मनाउन सक्छन् । यो दिनलाई यादगार बनाउन चाहने हो भने यसलाई एउटा नयाँ रूप दिन सकिन्छ ।

**प्रेमपूर्ण उपहार** : यदि कुनै उपहार पाइयो भने कस्तो महसुस हुन्छ ? अवश्य राम्रो लाग्छ र प्रेम पनि दोब्बर भएर जान्छ । यस पटक आफ्नो साथीका लागि उसलाई मनपर्ने कुनै प्यारो उपहार किनिदिन सकिन्छ ।

**फूलको रंगबाट** : प्रेम प्रस्तावका लागि फूलभन्दा राम्रो वस्तु अरू केही हुन सक्दैन । फूलको रंग रातो, गुलाबी वा नवरंगी नै हुनुपर्छ, किनभने यी रंगलाई नै स्त्री पुरुषको गहिरो प्रेमको रंग मान्छन् । यो अवसरमा पूरै घरलाई फूलले सजाएर आफ्ना श्रीमती, प्रेमिकालाई रोमान्चित गर्न सकिन्छ । बेडरुममा पनि प्रेमको फूल सजाइएको छ भने... प्रेमको रंग अझ प्रगाढ हुँदै जान्छ ।

**बल्दछ बत्ती जब हल्का-हल्का** : प्रेममा नयाँ रंग ल्याउन नयाँ उपाय अपनाउन तयार हुनुपर्छ । आफ्नो घरलाई बत्तीले झिलीमिली बनाउनुहोस् । उज्यालोपनले प्रेमलाई प्रगाढ बनाउनेछ । खाना खाने समयमा डायनिङ टेबलको एक खास ठाउँमा मोमबत्ती बाल्नुहोस् र आफ्नो जीवनसाथीलाई उसको मनपर्ने डिश आफ्नै हातले ख्वाउनुहोस् । हल्का उज्यालो र हातमा हात राखी तपाईं र तपाईंकी उनी.................!

**आफ्नै हातले** : महँगो उपहार वा कुनै खर्चिलो सजावट प्रेम प्रदर्शनका लागि आवश्यक मानिँदैन । आफ्नो रचनात्मकताको सहारा लिएर कविता वा पेन्टिङ प्रयोग गर्न सकिन्छ । 'उनलाई' केवल 'आई लव यू' को तीन शब्द वा फेरि प्रेममा डुबेका केही कविता, त्यसैगरी भ्यालेन्टाइन कार्ड वा कुनै रोमान्टिक पेन्टिङले पनि प्रियतमलाई नजिक ल्याउन सक्छ ।

**डिस्कोमा पार्टी** : यस पटकको भ्यालेन्टाइन डेमा डान्स पार्टीका लागि डिस्को जान सकिन्छ । त्यहाँ नाचेर गाएर मजा लिन सकिन्छ । यस्तो रमणीय स्थलमा भ्यालेन्टाइन डे स्मरणीय हुन सक्छ ।

**यो कस्तो भ्यालेन्टाइन डे ?**

हामी किन मनाउँछौं भ्यालेन्टाइन डे ? न त यो हामीहरूको संस्कृति हो न त यो हाम्रो देशमा यो दिवसको प्रचलन पहिलेदेखि थियो । फेरि पनि किन हामी यसलाई मनाउँछौं ?

जे-जस्तो भए पनि हामी यो दिवस मनाउँछौं । हामी नेपाली हौं । हामीले सबैलाई प्रेम गर्न सिकाएका छौं । त्यसैले संसारमा यदि प्रेमका लागि कुनै दिवस मनाइन्छ भने हामीले किन यसलाई अस्वीकार गर्ने ? हामीले जहिले पनि सबैको आदर गर्न सिकेका छौं । इतिहास साक्षी छ कि नेपालीहरूले आफ्नो हृदयमा सधैं हरेक सभ्यतालाई अपनाएका छौं जसले प्रेम र अहिंसाको सन्देश दिन्छ । हाम्रो देशमा विश्वका सबै प्रमुख चाडपर्व मनाइन्छ ।

हामी नेपाली मन्दिर, मस्जिद वा चर्चको अगाडि पर्दा श्रद्धाले आफ्नो शिर झुकाउँछौं । कोही पण्डित, सन्त, फकिर वा फादर हामी उनलाई आदरको दृष्टिले हेर्छौं । हाम्रा पुर्खाले हामीलाई आफूभन्दा ठूलाको आदर गर्न सिकाएका छन् । हामी अर्काको संस्कृतिलाई एकदमै चाँडै आत्मसात् गर्छौं । यो हाम्रो स्वभाव हो । हाम्रो सोंच जहिले पनि सकारात्मक छ तब फेरि किन हामीले भ्यालेन्टाइन डे मनाउन हुँदैन ?

गत वर्षको कुरा हो, एक युवतीले १४ फेब्रुअरीको दिन बिहान एउटा गिफ्ट पाउँछिन्, जसमा कसैको नाम लेखिएको



हुँदैन । कसले पठाएको भनी उनी अचम्ममा पर्छिन् । त्यो गिफ्टलाई उनले एक कुनामा राखिदिन्छिन्, तर साँझपख गिफ्ट पठाउने युवक उनको घरमा आइपुग्छ र युवकले उनलाई आफूसँग घुम्न जाने आग्रह गर्छ ।

जब युवतीले अस्विकार गर्छिन् तब युवक भन्छ- आज भ्यालेन्टाइन डे हो र तिमीले मेरो गिफ्ट स्वीकार गरेकी छ्यौ । त्यसैले मसँग जानैपर्छ । यो असभ्य तरिका ठीक होइन । ती युवती समझदारीका साथ आफूलाई सम्हाल्न सफल हुन्छिन् तर अनेक युवा-युवती प्रणय दिवसको प्रणय निवेदनलाई सहजै स्वीकार गरेर केही यस्तो पाइला चाल्छन् जसपश्चात् पछुताउनु सिवाय अरू केही बाँकी रहँदैन ।

भ्यालेन्टाइन डेका राम्रा कुरामा हामी हाम्रो संस्कृतिअनुरूप जाऔं, तब हेरौं जिन्दगी कति सुखी, हराभरा लाग्छ ?

–रोहित राजभण्डारी



# माया गर्न सिकाउने चलचित्र



सुव्रत आचार्य






गोपीकृष्ण हलमा 'गजिनी' चलिरहेको थियो। एक प्रेमजोडी उक्त चलचित्र हेर्न पुगेका रहेछन्। उनीहरू एक-अर्काप्रति माया दर्साउँदै चलचित्र हेरिरहेका थिए। मध्यान्तरपछि जब नायिकाको हत्या हुन्छ, त्यो दृश्यमा प्रेमिकाले प्रेमीलाई यसरी अँठ्याइन, लाग्थ्यो कि पर्दामा आमिर खानसँग नायिका होइन, उनी आफ्नो प्रेमीसँग सदाको लागि छुट्टिँदै छिन्। चलचित्रले निकै छिटो प्रभाव पार्न सक्ने कुराको यो सानो उदाहरण थियो। चलचित्रले समाजमा निकै छिटो प्रभाव पार्छ। त्यसमा पनि प्रेमकथात्मक चलचित्र त युवावर्गका लागि प्रेरक नै बन्ने गरेका छन्।

सन् १९७३मा सार्वजनिक भएको चलचित्र 'बबी'को प्रभाव बेग्लै छ। ७०को दशककै सर्वाधिक सफल यो चलचित्रपछि मानिसहरुले त्यतिबेला जन्मिएका आफ्नो छोरीको नाम 'बबी' राख्न थाले भने चलचित्रका नायक ऋषि कपुरले चढेको राजदूत बाइकलाई 'बबी बाइक' समेत भनियो। राज कपुरले कार्टुन क्यारेक्टर आर्चिबाट प्रभावित भै निर्माण एवं निर्देशन गरेको यो चलचित्रमा डिम्पल कपाडिया र उनका छोरा ऋषि कपुरको टिनएजर



जोडी थियो। यो चलचित्रले दर्शकमा मात्रै होइन, चलचित्र निर्माता/निर्देशकहरूलाई समेत रोमान्टिक चलचित्र बनाउन उत्प्रेरित गर्‍यो। एकै ठाउँमा पाँच सय साता प्रदर्शन (दश स्वर्ण महोत्सव) को किर्तिमान राखेको एक मात्र चलचित्र 'दिलवाले दुल्हनियाँ ले जाएँगे'ले पनि युवामा केही सामाजिक प्रभाव पारेको थियो। आफुभन्दा ठुलाको आदर, प्रेम प्राप्तिका लागि प्रतिक्षा, पारिवारिक मुल्य मान्यताका बारेमा यसले राम्रै प्रभाव पार्‍यो। शाहरुख खान र काजोलको जोडीलाई निकै सुहाउने ढंगबाट आदित्य चोपडाले निर्देशन गरेको यो साधारण तर पटकपटक हेर्न सकिने किसिमको चलचित्र थियो।

८० को दशकको अन्त्यमा आएको सलमान खानको चलचित्र 'मैने प्यार किया'पछि धेरैले चलचित्रकी नायिका भाग्यश्री जस्ती प्रेमिकाको खोजी गरे भने सलमान खानजस्तो प्रेमी खोज्ने युवतीहरूको कमी पनि थिएन। 'दिल दिवाना, बिन सजनाके माने ना, ये पगला है समझानेसे समझे ना..' गाउँदै आफूलाई मन परेकासँग प्रेम प्रस्ताव गर्नेहरू ह्वात्तै बढेका थिए। त्यतिबेलाका नेपाली युवा पुस्ता पनि यसबाट टाढा थिएनन्? यो भन्दा एक वर्षअघि 'कयामत से कयामत तक'को बेलामा पनि त्यस्तै थियो। आमिर खान र जुही चावलाको जोडीजस्तै आफ्नो जोडी बनाउन त्यति बेलाका युवाहरू लागि परेका थिए। ८० को दशकको आरम्भमा आएको चलचित्र 'लभस्टोरी'पछि घरबाट भाग्ने घट्ना निकै बढेको थियो। त्यसको प्रभाव अहिलेसम्म पनि पाइन्छ, घर-परिवारले मानेनन् भने घरबाट भागेर बिहे गर्ने।

हलिउडका रोमान्टिक चलचित्रमा सर्वाधिक सफल 'टाइटनिक'ले फरक प्रस्तुति बोकेको थियो। प्रेममा सधैं मिलन नै हुनुपर्छ भन्ने छैन वा प्रेमी-प्रेमिकाबीच मिलन भएर पछि सदाका लागि विछोड हुँदा प्रेम अमर भैरहन सक्छ भन्ने यो चलचित्रको विषयमा यसअघि पनि निकै चलचित्र बने। बलिउडमै तीन पटक बनेको चलचित्र 'देवदास', सलमान खानको सबैभन्दा स्तरीय अभिनय रहेको 'तेरे नाम'लगायत नेपाली चलचित्रको 'दर्पण छायाँ' आदिले त्यस्तै सन्देश दिएका थिए। प्रेम गर्नेहरूलाई माया गर्न उत्प्रेरित गरिरहने केही चलचित्रहरूका बारेमा यहाँ जानकारी दिइएको छ। हामीलाई लाग्छ– यी चलचित्र प्रेम गर्ने सबैले हेर्नैपर्छ।

**नेपाली**

**कुसुमे रुमाल :** २२ वर्षअघि तुलसी घिमिरेको निर्देशनमा उदितनारायण झा, भुवन केसी तथा तृप्तिले अभिनय गरेको यो चलचित्र त्रिकोणात्मक प्रेमकथामा आधारित छ। प्रदर्शनको रजत जयन्ती मनाएको यो चलचित्र उद्धव पौडेलले निर्माण गरेका थिए।

**दर्पणछायाँ :** तुलसी घिमिरेले नै निर्देशन गरेको यो चलचित्रमा पनि त्रिकोणात्मक प्रेमकथा नै समेटिएको थियो। जसमा दिलीप रायमाझी, निरुता सिंह तथा उत्तम प्रधानले अभिनय गरेका थिए। यो चलचित्र नेपाली चलचित्रहरूमध्ये सर्वाधिक सफल चलचित्र मानिएको छ।

**युगदेखि युगसम्म :** राजेश हमाललाई लभरव्वाइका रूपमा प्रस्तुत गरिएको यो चलचित्रबाटै नेपाली रजतपटमा उनको आगमन भएको थियो। दीपक रायमाझीद्वारा निर्देशित एवं छविराज ओझाद्वारा निर्माण गरिएको यो चलचित्रमा दुई परिवारको कटुतामा हुर्किएको प्रेम देखाइएको थियो।

**सपना :** भुवन केसीले बनाएको सपनामा शिव श्रेष्ठले पनि अभिनय गरेका थिए। शम्भु प्रधानले निर्देशन गरेको यो चलचित्रमा प्रेमको प्राप्ति कालान्तरमा गएर पनि हुनसक्छ भन्ने विषयलाई व्यावसायिक ढंगबाट देखाइएको थियो।

**सानो संसार :** आधुनिक प्रेमलाई प्रस्तुत गरिएको यो चलचित्रका निर्देशक आलोक नेम्वाङ हुन्। यसमा प्रेम गरेर हुँदैन, आफै हुनसक्छ भन्ने कुरा देखाइएको छ।

**हेर्नै पर्ने नेपाली रोमान्टिक चलचित्रहरू**


कुमारी, सिन्दूर, जीवनरेखा, बेहुली, राजमती, सिलु, सम्झना, कोसेली, लाहुरे, मायाप्रीति, पिरती, तिलहरी, तृष्णा, जिन्दगानी, चाहन्छु म तिमीलाई नै, ढुकढुकी, देउता, भाग्यरेखा, म तिमीबिना मरिहाल्छु, झुमा, तकदिर, किस्मत, नेपाली बाबु, करोडपति, आफ्नो मान्छे, ए मेरो हजुर, सीमारेखा, प्रेमपिण्ड, वसन्ती, यो मायाको सागर, सगुन, आगो, रगत, सान्नानी, मर्यादा, मौसम, पर्खिबसेँ, शुभकामना आदि।

**हिन्दी**

लभस्टोरी, मैने प्यार किया, कयामतसे कयामत तक, दिल, कहो ना प्यार है, दिलवाले दुल्हनियाँ ले जाऐंगे, प्यार झुकता नही, सिलसिला, हम तुम, आशिकी, प्यार किया तो डरना क्या, सडक, दिल हे कि मानता नहीं, दिवाना, दिल तो पागल है, कुछ कुछ होता है, एक दुजेके लिए, बबी, धडकन, तेरे नाम, राजा हिन्दुस्तानी, हम दिल दे चुके सनम, देवदास, साथियाँ, कभीकभी, लभ, साजन, मोहब्बतेँ, इश्क, दिल क्या करेँ, जब वी मेट, इश्क विश्क, पाकिजा, आरजु, गाइड, मुगले आजम, सरस्वतीचन्द्र, उमराव जान, चौदहवीका चाँद, अन्दाज, आराधना, कास्मिरकी कली, तेरे घरके सामने, पडोसन, जब प्यार किसीसे होता है, जब जब फुल खिले, लैला मजनुँ, संगम, आदि।

**अंग्रेजी**

टाइटेनिक, द लायन किंग, प्रीटि वुमन, ह्वाट वुमन वान्ट, रन अवे ब्राइड, माइ बेस्ट फ्रेण्डस् विडिङ, यु हेभ गट अ मेल, ह्वेन ह्यारी मेट स्याली, सेक्सपियर इन लभ, ह्वाइल यु वेयर स्लिपङ, मिस्टर एन्ड मिसेज स्मिथ, द इङ्लिस पेसेन्ट आदि।



यो कुरा व्यक्तिगत निर्णयमा भर पर्छ। कतिपय अवसरमा सहभागी हुन उमेरले पनि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ। भ्यालेन्टाइन डे युवा-युवतीहरूको पर्वका रूपमा विकास भएको छ। प्रेम अभिव्यक्त गर्ने दिनका रूपमा मनाइने भएकाले उनीहरूले यो पर्व खुलेर मनाउन सक्छन्। मेरो प्रसंगमा चाहिं श्रीमतीसँग डिनरका लागि जान सकिन्छ।

– निखिल उप्रेती (नायक)

म भ्यालेन्टाइन डे मनाउनुपर्छ भन्ने पक्षमा छु। अघिल्ला वर्षका भ्यालेन्टाइन डेहरूमा म सांगीतिक कार्यक्रममा व्यस्त हुन्थें, तर यसपटक चाहिं मैले भ्यालेन्टाइन डे मनाउने व्यक्ति फेला पारेकी छु। उनी पनि सांगीतिक क्षेत्रकै व्यक्तित्व हुन्। चलचित्र हेर्न जान पनि सक्छौं, समयले साथ दियो भने अहिलेसम्म घुम्न नभएको ठाउँमा गएर दिन बिताउने योजना छ।

– प्राश्ना शाक्य (गायिका)

भ्यालेन्टाइन डे मनाउनु अति आवश्यक छ। प्रेम गर्नेहरूका लागि यही एक दिन त हो स्वतन्त्रतापूर्वक आफ्नो मनको भावना व्यक्त गर्न पाइने, तर हेर्नुस्, म आफैंले चाहिं कसरी मनाउने भन्ने योजना बनाएको छैन। चलचित्रको छायांकनबाट फुर्सद मिल्यो भने छविसँग डिनर खान बाहिर निस्कन्छु होला।

– रेखा थापा (नायिका)

कस्तो रमाइलो प्रश्न सोध्नुभयो □ भर्खरै प्रेमविवाह गरेको डेका लागि त्यस्तो विशेष कार्यक्रम तय भैसकेको छैन। भ्यालेन्टाइन पार्टीमा सहभागी हुने सम्भावनाचाहिं छ।

– असलम खान (संगीत व्यावसायी)

म भ्यालेन्टाइन डे मनाउनु आवश्यक छ भन्छु। वर्षमा एक पटक आउने यो दिनको प्रतीक्षामा बस्नेहरूको संख्या ठूलो छ। हामीजस्ता टिनएजरहरूमाझ यो दिनको महत्त्व अझ बढी नै छ। यसपटकको भ्यालेन्टाइन डेको दिन कलेजका साथीहरूसँग घुम्न जाने योजना छ। साँझ डान्स पार्टीमा पनि सहभागी हुन सक्छु।

– सामना बुढाथोकी (मोडल)

प्रेमि-प्रेमिका हुनेहरूले अवश्यै मनाउनुपर्छ, तर मेरो त खासै भ्यालेन्टाइन डे मनाउने योजना छैन...के गर्नु प्रेमिका नै छैनन्। (हा हा हा...) तर यो पर्व मनाउनेहरूलाई भने शुभकामना दिन्छु।

– फुर्वा शेर्पा (गायक)

भ्यालेन्टाइन डे मनाउनु आवश्यक छ तर अचेल प्रेम गर्नेहरूका लागि भ्यालेन्टाइन डे नै कुर्नुपर्छ जस्तो लाग्दैन। सहर-बजारमा अहिले प्रत्येक दिन नै भ्यालेन्टाइन डेको वातावरण देख्छु म त। १४ फेब्रुअरीको दिनलाई विशेष रूपले मनाउनुपर्छ। त्यसलाई निरन्तरता दिनु नराम्रो कुरा होइन। अघिल्ला वर्षहरूमा झैं यसपटक पनि म साथीहरूसँग पिकनिकजस्तो आउटडोर ग्यादरिङ गर्ने मुडमा छु।


– आयुशी शाह (मोडल/कोरियोग्राफर)



# भ्यालेन्टाइन डे मनाउनु आवश्यक छ कि छैन ?

# तपाईं कसरी मनाउँदै हुनुहुन्छ ?





मानिसलाई □ वर्षमा एकपटक आउने भ्यालेन्टाइन डे जस्तो रोमान्टिक दिन रमाइलो गरी मनाउनुपर्छ। यो दिन प्रेमि-प्रेमिकाका लागि मात्र हो भनिन्छ। गत वर्षसम्म म पनि प्रेमिकाका रूपमा यो दिन रमाइलो गरी बिताउँथें। पहिलेका प्रेमी नै अहिले मेरो श्रीमान् हुनुभएको छ। यसपटक अझ रमाइलो शैलीमा मनाउने योजना बनाएका छौं।

– आगन्तुक खरेल (गायिका)

शतप्रतिशत आवश्यक छ □ भन्नेहरू त यसलाई प्रेमि-प्रेमिका हुनेहरूले मात्र मनाउने दिन हो भन्छन्, तर मलाई लाग्छ, प्रेमी-प्रेमिका नभएकाहरू पनि भ्यालेन्टाइन डे मनाउन सक्छन्। म पनि साथीहरूसँग मिलेर यो दिन रमाइलोसँग मनाउँछु। मेरो यस पटकको भ्यालेन्टाइन डेचाहिं पोखरामा बित्नेछ।

– जेनिशा केसी (नायिका)

माया-प्रेम साटा-साट गर्ने दिनमा पनि कसैले सेलिब्रेट नगर्ला र ? म त भन्छु यो प्रेमीप्रेमिकाको मात्र दिन होइन, सबै उमेरका व्यक्तिले आफूलाई मन परेको व्यक्तिलाई माया गर्ने, सम्झने दिन हो, तर यसपटक भ्यालेन्टाइन डेकै दिन सांगीतिक कार्यक्रमका क्रममा अमेरिकातर्फ लाग्नुपर्ने भएकाले रमाइलो गरी मनाउन पाउँदिनँ।

– सुदीप गिरी (गायक)

२१ औं शताब्दीमा आएर पनि कसैले भ्यालेन्टाइन डे मनाउनु आवश्यक छैन भन्छ र ? अहिले त अविवाहित युवा-युवतीमा मात्र होइन, विवाहित जोडीले पनि उत्तिकै रमाइलो गरी यो दिवस मनाउन थालिसकेका छन्। म विवाहित हुँ, त्यसैले भ्यालेन्टाइन डेको दिन श्रीमान्सँग क्यान्डिल लाइट डिनर मात्र गरेर भए पनि यो दिनलाई स्मरणीय बनाउँछु।

– जयन सुब्बा (कोरियोग्राफर)

मलाई भ्यालेन्टाइन दिवस मनाउनैपर्छ भन्ने लाग्दैन। सहर-बजारमा भ्यालेन्टाइन डेको रौनक बेग्लै हुन्छ, तर गाउँमा अझै पनि यो दिवस पुगेको छैन। नेपालको परिपेक्ष्यमा हेर्ने हो भने यो दिवस सहरमा बस्ने युवा-युवतीहरूका लागि मात्र हो जस्तो भएको छ। व्यक्तिगत प्रसंगमा चाहिं साथीहरूले मलाई 'ह्याप्पी भ्यालेन्टाइन डे' भनेर एसएमएस गर्छन्। म पनि साथीहरूलाई शुभकामना दिन्छु। प्रेमि-प्रेमिकाका रूपमा भ्यालेन्टाइन डे मनाएकी छैन।

– योजना पुरी (गायिका)

भ्यालेन्टाइन डे मनाउने चलनले अहिले युवापुस्तालाई मात्र होइन नेपाली सञ्चारमाध्यमलाई पनि छोएको छ। नेपाली एफ.एम. तथा टेलिभिजन च्यानलमा भ्यालेन्टाइन विशेष कार्यक्रमहरू प्रसारण भैरहेका छन्। यस्तो बेलामा भ्यालेन्टाइन डे मनाउनु हुँदैन भन्नेको संख्या निकै कम होला, तर यस पटकको भ्यालेन्टाइन डेका लागि भने मैले अहिलेसम्म योजना बनाइसकेकी छैन। शनिबार परेकाले कामबाट अलि फुर्सद त मिल्छ, साथीहरूसँग रमाइलो गरेर मनाउन सकिन्छ।

– निशा अधिकारी (मोडल/नायिका/भिजे)

भ्यालेन्टाइन डे प्रेमी-प्रेमिकाहरूले मात्र मनाउने पर्व हो। प्रेमी-प्रेमिका नै नभएकाहरूले चाहिं खै कसरी मनाउँदा हुन् कुन्नि □ म आफूचाहिं काममै व्यस्त हुनुपर्ने भएकाले यसपटकको भ्यालेन्टाइन

भ्यालेन्टाइन डे एउटा यस्तो दिन अथवा अवसर हो, जुन दिन आफूले चाहेको व्यक्तिलाई निःसन्देह, निसंकोच अनि निडर भएर प्रेम प्रस्ताव राख्न सकिन्छ। चाहे जवाफ जस्तो आओस्। यो दिनलाई हामी प्रेमको स्वतन्त्रता दिवसका रूपमा पनि लिन सक्छौं। जुन दिन हरेक प्रेमी-प्रेमिकाले खुलेर आफ्नो प्रेमको चर्चा परिचर्चा गर्न पाउँछन्। म यो दिवस मनाउँछु अथवा मनाउँदिनँ त्यही दिन थाहा हुन्छ। मैले त दुई वर्षअघि भ्यालेन्टाइन डेका लागि नै एउटा विशेष गीत बनाएर म्युजिक भिडियो पनि निर्माण गरेको छु, तसर्थ यो दिनलाई मेरो पूर्ण समर्थन छ।

– विवश पौडेल (गायक)

नेपालमा केही वर्षअघिदेखि मात्र मनाउन थालिएको यो दिवसले फेसनको रूप लिएजस्तो लाग्छ। भ्यालेन्टाइन डे नेपालमा नभित्रिँदा पनि त माया-प्रेम गर्नेहरू त थिए नि □ तर माया र प्रेमको अभिव्यक्तिकै लागि एउटा निश्चित दिन तोकिनु राम्रो कुरा हो। मैले चाहिं मिल्ने साथीहरूलाई भ्यालेन्टाइन डेको शुभकामना दिएर यो पर्व मनाउने विचार गरेकी छु।

– तारा लिम्बु (गायिका)

मलाई आवश्यक छ जस्तो लाग्छ। वास्तवमा यो पर्व प्रेमी-प्रेमिकाका लागि मात्र होइन एक-अर्कालाई माया गर्ने सबैको पर्व हो। माया गर्नेका लागि वर्षको एक दिन छुट्याइएकोमा मलाई खुसी लागेको छ। अघिल्ला वर्षहरूझैं यस वर्ष पनि म अनाथालयका बालबालिकालाई मिठाइँ तथा माया बाँडेर भ्यालेन्टाइन डे मनाउँछु। यसपटक स्वयम्भूमा रहेको एउटा अनाथालयका बालबालिकालाई मिठाइँ ख्वाउने कार्यक्रम छ।

– युना उप्रेती (नायिका)

विश्वमा हरेक कुरा मनाउने एउटा विशेष दिन तोकिएको हुन्छ। माया गर्नका लागि छुट्याइएको एउटा दिन खुसियालीका साथ मनाउनुपर्छ। घृणा र युद्धग्रस्त यो विश्वमा मायाको पनि संसार छ भन्ने कुरा सम्झाउने दिन नै भ्यालेन्टाइन डे हो जस्तो लाग्छ। प्रेमिकाहरूसँग मात्र भ्यालेन्टाइन डे मनाउनुपर्छ भन्ने छैन जसलाई माया गरिन्छ उसैसँग मनाउन सकिन्छ। म त परिवारका सदस्य, साथीभाइ र मेरै प्रशंसकसँग भ्यालेन्टाइन डे मनाउँदैछु।

– निर्णय श्रेष्ठ (गायक)

प्रेम दिवसको दिन चाहे त्यो कुनै पनि रूपमा होस्, बुबा-आमाले आफ्नो सन्तानका लागि होस् वा दाजु-बहिनीले आफ्ना दिदी-भिनाजुका लागि। साथीले साथीका अथवा प्रेमीले प्रेमिकाका लागि होस्। जीवनको भागदौडमा सधैं एकनासको समय हुँदैन। कहिले तीतो, कहिले मीठो समयबाट यो वर्षको एक दिन सबै कुरा बिर्सी एक-आपसमा आफ्नो मनको भावना व्यक्त गर्ने यो दिन पनि मनाउनुपर्छ। म पनि अरूले जस्तै सरल रूपमा मनाउँछु।


– सारंगा श्रेष्ठ (नायिका)

'निष्ठुरीलाई माया गरी आफैलाई जोगी बनाएँ...' भ्यालेन्टाइन डे मनाउनैपर्छ भन्ने चाहिं लाग्दैन। यो हाम्रो चाड होइन। साथै मेरो कसैसँग लभ अफेयर नभएर पनि हुनसक्छ मलाई यस विषयमा धेरै ज्ञान छैन।

– राजेशपायल राई (गायक)








साप्ताहिक








# लभ इन द एयर


राागिनी उपाध्याय ग्रेला समकालीन नेपाली कलामा स्थापित नाम । अहिले प्रेमको एउटा नयाँ परिभाषासहित सिद्धार्थ आर्ट ग्यालरीमा प्रस्तुत भएकी छिन् । रागिनीको शब्दमा अहिले हाम्रो जीवनमा हावाले व्यापक अर्थमा हस्तक्षेप गरेको छ । हावा अर्थात् शक्तिको प्रतीक, हाम्रा पौराणिक कथाहरू यसै भन्छन । हाम्रो जीवनमा प्राणवायुका रूपमा हावाको उपस्थिति छ । हावाको यस्तो उपस्थिति अहिले मोबाइल, इन्टरनेटजस्ता जीवनका अनिवार्य अंग हुन पुगेका वैज्ञानिक उपलब्धिहरूमा पनि छ । मानिसको प्रेम र जीवन अहिलेको अवस्थामा मोबाइल, इन्टरनेटजस्ता भौतिक वस्तुको कल्पनाविना परिभाषित हुन सक्दैन । परिभाषाभन्दा परको यस्तो मानवीय उपलब्धिलाई रागिनीले आफ्नो क्यानभासमा हिन्दूहरूको धार्मिक आस्था र मान्यतासँग गाँसेर त्यसलाई माया र प्रेमको चास्नीमा डुबाएर नयाँ परिभाषा दिने प्रयत्न गरेकी छिन् ।


रागिनी भन्छिन्- हामी अहिलेको २१ औं शताब्दीमा भोजन र पानीविना बाँच्न सक्छौं तर हावाविनाको जीवन कल्पना गर्न सक्दैनौं । मैले अहिले वायरलेस हुँदै गएको तर प्रेमको डोरीले जेलिएको समाजको प्रतिविम्ब यी चित्रहरूमा उकेर्ने प्रयत्न गरेकी छु । यसले प्रेमीहरूलाई शक्ति प्रदान गर्नेछ र उनीहरूको भावनालाई एउटा मनदेखि अर्को मनसम्म तरंगीत गर्न सहयोग गर्नेछ ।






तस्बिर : नवराज वाग्ले











## ● मेरो अनुभवमा ●



## नन्दिता केसी
(चलचित्र नायिका)

प्रेमको व्याख्या धेरै प्रकारबाट भएको छ। प्रेम बाँच्नका लागि चाहिने ऊर्जा हो। जीवनलाई सुन्दर बनाउने तत्त्व हो। मायाप्रेमबिना संसारमा एक्लो भइन्छ। म पनि यही धर्तीमा बाँचेकी छु, मायाबिना म कसरी बाँच्न सक्छु ? मलाई प्रेमको अनुभव छ, तर त्यो प्रेम तपाईंले भनेजस्तो प्रेमको अनभूति सँगाल्ने अवसर भने मलाई जुरेको छैन। मलाई माया गर्ने धेरै छन् र मैले माया गर्ने पनि निकै छन्। आमा, बुवा, परिवारका सदस्यहरू, साथीभाइ सबैलाई म माया गर्छु, तर अहिलेसम्म मैले कुनै व्यक्तिविशेषलाई माया गरेकी भने छैन। विद्यालय जीवनमा मलाई कतिले मन पराए होलान्, मैले त्यसको सुइँको पाइन। त्यो उमेरमा मायाप्रेमका बारेमा बुझ्न सक्ने दिमाग नै थिएन। जब कलेज पढ्न थालेँ, त्यति बेलासम्म पनि म प्रेमका बारेमा सोच्ने वा प्रेमी खोज्ने किसिमको भएकै थिइनँ। ११ कक्षा सक्नेबित्तिकै चलचित्र नायिका बन्न पुगें। त्यसपछि अध्ययन र क्यारियरलाई सँगसँगै लानुपर्ने भयो। एकपछि अर्को चलचित्रमा व्यस्त हुन थालेपछि प्रेमका बारेमा सोच्ने वा कसैलाई मन पराउने कुरा मनमै आएको छैन।

चलचित्रको पर्दामा नायकहरूसँग रोमान्सको दृश्य गर्दा निर्देशकले भनेबमोजिम गर्दै जान्छु। प्रेमको दृश्यमा अभिनय गर्न वास्तविक जीवनमा प्रेम गरेको अनुभव हुनैपर्छ भन्ने छैन। अभिनेत्री भएपछि जस्तो पनि अभिनय गर्न सक्नुपर्छ। मरेको अभिनय गर्न के मर्नै पर्छ र ?

मैले शाहरूख खानको व्यक्तित्व मात्र होइन, भविष्यमा ऊजस्तै जीवनसाथीको कल्पना पनि गरेकी छु। मलाई उसले नारीलाई सम्मान गरेको राम्रो लाग्छ तथा कुनै पनि अप्ठेरो प्रश्नमा सहज उत्तर दिनसक्ने खुबी मन पर्छ। भविष्यको मेरो प्रेमी ऊजस्तै परोस् भन्ने चाहना छ। प्रेम भन्ने कुरा गर्छु भनेर हुने कुरा होइन। अहिलेको पुस्तामा प्रेम फेसन बनेको छ, जुन मलाई पटक्कै मन परिरहेको छैन। मैले गर्ने प्रेम त्यस्तो हुँदैन। मेरा लागि जोडी वा प्रेमी भगवान्ले चाहिएको दिन पठाइदिनुहुन्छ होला, त्यही बेला मेरो लगन जुर्ला, हैन त ? ●




## निशा अधिकारी
(चलचित्र नायिका/भिजे)

प्रेम जीवनभन्दा वृहद् छ र यसैका कारण संसार टिकेको छ। प्रेम जोससँग पनि हुन्छ, गीतार, पालेको कुकुर, मोबाइल, घर, मोटरसाइकलदेखि आमा, बुवा, दाजु, भाइ, साथी, छोरा, छोरी जोससँग पनि प्रेम हुनसक्छ। मलाई एकदमै मन पर्ने सामानलाई म निकै माया र स्याहार गर्छु भने त्यो पनि प्रेम भएन र ?

जहाँसम्म प्रेमी-प्रेमिकाबीचको प्रेम छ, यो विश्वासको आधारमा टिकेको हुन्छ। प्रेम र विश्वास एक-अर्काका पूरक पनि हुन्। म त के भन्छु भने यस्तो प्रेम नभएको भए, संसारको सञ्चालन नै हुँदैन थियो, अनि हाम्रो अस्तित्व कहाँ हुन्थ्यो ? प्रेम गर्नुलाई समाजमा अझै पनि नराम्रो दृष्टिले हेरिन्छ। किनकि समाजमा देखासिकी प्रेम गर्नेहरू धेरै छन्। चलचित्रको पर्दामा नायक र नायिकाले प्रेम गरेको देखेर होस् वा उसको त कसैसँग प्रेम छ, मेरो पनि हुनुपर्छ भन्ने धारणाले होस्, विशेष गरी युवापुस्ता देखासिकी प्रेम गरिरहेका छन्। हुनत देखासिकीबाटै मानिसले सिक्छ। पछि गएर जब उसले आफ्नो जीवनमा साँचो र वयस्क प्रेम गर्न थाल्छ, तब उसले पहिले गरेका देखासिकी सम्झेर हाँस्न थाल्छ। प्रेम गर्नेहरूका लागि अझै पनि दुई परस्पर विरोधाभाष कुराले अप्ठेरोमा पारिरहेको हुन्छ। उनीहरूका लागि एकातिर सामाजिक प्रतिबन्ध छ भने अर्कातिर उमेर पुगिसकेका उनीहरूका लागि विपरीत लिंगीसँग प्रेमसम्बन्ध बनाउनु 'बायोलोजिकल निड्स' हो।

कक्षा तीनमा पढ्दा म एउटा केटाप्रति आकर्षित भएकी थिएँ, त्यो उमेरमा त्यो मेरो 'बायोलोजिकल निड्स' थिएन। ऊ राम्रो पेन्टिङ बनाउँथ्यो, त्यो देखेर म उसलाई मन पराउँथे। अहिले सम्झेर हाँसो उठ्छ। जीवनमा धेरैबाट आकर्षित भइयो, तर पनि प्रेमसम्बन्ध कसैसँग भएन। ए लेबल पढ्दासम्म मेरो टिनएजर लभ कसैसँग भएन। हो, कतिले प्रेमपत्र र लभकार्डहरू पठाउँथे। जसलाई मैले संकलन गरेर राखेकी छु। उनीहरूमध्ये कोही मन परेन। अब त घरमा सीधै विवाहका लागि प्रस्ताव आउन थालेका छन्। मेरा अभिभावकहरू मलाई बुझ्नुहुन्छ, उहाँहरू छोरीको विवाह गरी सेटल गराइदिने भन्दा आत्मनिर्भर भएको हेर्न चाहनुहुन्छ। मलाई अहिले प्रेम छ त मात्र आफ्नो कामसँग। जब कुनै युवकसँग प्रेम गर्छु सबैलाई थाहा दिउँला। ●

## नम्रता श्रेष्ठ



यो विषयका लागि म गलत रोजाइ हुन्छु होला, किनकि मेरा कोही प्रेमी छैनन्। न त पहिले थिए, न त अहिले नै छन्। त्यसैले प्रेम कस्तो हुन्छ अथवा हुनुपर्ने हो भन्ने अनुभव मसँग छैन। एसएलसीपछि मोडलिङ् हुँदै अभिनयमा व्यस्त हुन थालें, सँगसँगै पढाइमा ध्यान दिनुपर्ने बाध्यता थियो। कान्तिपुर एफएममा आरजे पनि भएपछि अहिले त झन् प्रेम, प्रेमी अथवा विवाहका बारेमा सोच्ने पनि फुर्सद पाएकी छैन, तर पनि अरू युवतीहरूझैं मैले पनि प्रेमीका बारेमा केही सपना बुनेकी छु। झट्ट हेर्दा राम्रो त हुनुपर्छ, त्यसबाहेक ऊसँग म 'कम्फर्टेबल फिल' गर्न सकूँ। अनि जो मेरो प्रेमी हुन्छ, ऊ नै मेरो भावी श्रीमान् हुन्छ भन्ने 'ग्यारेन्टी' म दिन सक्दिनँ। प्रेमीसँगै विवाह हुनुपर्छ भन्ने छ र ? त्यो प्रेमीसँग विवाह गर्न सकिन्छ, जसका बारेमा मनले भनोस् कि योसँग तैले सहज जीवन बिताउन सक्छेस्। त्यसैले प्रेम गरियो भन्दैमा उसैसँग विवाह गर्नुपर्छ भन्ने मलाई लाग्दैन।

प्रेमको कुनै निश्चित मापदण्ड छैन। प्रेमिकालाई केयर गर्ने एवं विश्वासिलो व्यक्ति असल प्रेमी हुन सक्छन्। पहिलो पटक भेट्यो, चिनाजानी भयो अनि प्रेम प्रस्ताव राख्यो र प्रेम गर्न थाल्यो– अहिलेका प्रेमी-प्रेमिका धेरै 'फास्ट' छन्। उनीहरू एकैपटकमा तीन-चार जनासँग प्रेम गरिरहेका हुनसक्छन्। म त्यस्तालाई प्रेमी वा प्रेमिका होइन, साथीभाइका सामुन्ने आफ्ना ब्वाईफ्रेन्ड वा गर्लफ्रेन्डहरूको नाम गनेर 'सो अप' गर्ने झूटा मानिस मान्छु। गहिरो मित्रता पछि गएर प्रेममा परिवर्तन हुनसक्छ। असल साथीका रूपमा रहेका व्यक्ति पछि गएर असल प्रेमी वा प्रेमिका हुनसक्छन्। मित्रताबाट पनि एक-अर्काको बोलीव्यवहार जान्न सकिन्छ। पहिले साथी, उसको बानी र व्यवहार मन परेको खण्डमा प्रेमी अनि विश्वासिलो लागे मात्रै श्रीमान्। मेरा बारेमा भन्नुहुन्छ भने भगवान्ले यो संसारमा कतै न कतै मेरा लागि पनि असल प्रेमी पठाइदिएका होलान्। बेला आएपछि भेटिन्छ कि ?

## अनामिका गुरुङ
(मिस टिन नेपाल-२००८)

युद्धजस्तै प्रेमको सुरुवात गर्न सजिलो छ, तर यसको सफलता गाह्रो। यो एउटा चर्चित उद्गार हो, मलाई मनपर्ने। वास्तवमा पनि प्रेम गर्न सजिलै सकिन्छ, तर छुट्न गाह्रो पर्छ। त्यसैले म प्रेम गरेपछि छुट्टिनु नपरोस् भन्ने कामना गरिरहन्छु। प्रेम एउटा यस्तो बन्धन हो, जसलाई विश्वास र समझदारीले जोडेको हुन्छ। आफैं पनि टिनएजर भएकीले मैले टिनएजर प्रेमलाई नजिकबाट देखेकी छु। उनीहरूको प्रेममा वयस्कता त हुँदै हुँदैन, त्यसैले पनि प्रेम सम्बन्धलाई उनीहरू फेसन वा 'टाइमपास'का रूपमा लिन्छन्। टिनएजर केटाहरू भन्छन्- 'बाइक र मनीबिना केटी आकर्षित हुँदैनन्।' यो पूरापूर गलत हो र हामीजस्ता केटीहरूमाथि लगाइने मिथ्या आरोप। म त भन्छु, केटीलाई सम्मान गर्न जान्नुपर्छ, विश्वासिलो हुनुपर्छ, समझदार हुनुपर्छ अनि ऊसँग कुनै पनि केटी मात्र होइन, समाज नै आकर्षित हुन्छ।

मैले पनि प्रेम गरेकी छु। मेरो अनुभवमा प्रेममा कहिले रुनु र कहिले हाँस्नुपर्दो रहेछ। विशेष गरी टिनएजमा प्रेम गर्दा एउटा कुराचाहिँ ढुक्क हुन्छ कि कसैले साथ दिएनन् भने ऊ त छ। जोसँग प्रेम गरिन्छ उसैसँग विवाह हुनुपर्छ भन्ने पक्षमा म छु। प्रेम एउटासँग विवाह अर्कोसँग भन्ने कुरा मलाई ठीक लाग्दैन। फेरि प्रेमविवाह नै गर्नु ठीक कुरा हो, किनकि एरेन्ज म्यारिजमा नचिनेको मानिससँग कसरी साथ बिताउन सकिन्छ होला र जस्तो लाग्छ। प्रेम गरुन्जेल उसका आनीबानी सबै थाहा हुन्छ, अनि विवाहपछि उसको अझ बढी माया लाग्छ र जीवन सुखमय रूपमा बित्छ। म अहिले नै विवाह गर्दिनँ। नेपालको कानुनअनुरूप विवाह गर्ने उमेर भैसकेको छ। अबको दुई वर्षमा विवाह गर्न सकिन्छ। हामी केटीहरूलाई सजिलै छ, विवाहपछि ढुक्क बूढाको कमाइ खायो बस्यो, तर केटाहरूलाई भने क्यारियर र स्थायी काम चाहिन्छ, नत्र उनीहरूले स्वास्नी र छोराछोरी कसरी पाल्ने ? बेला भएपछि म पनि विवाह गर्छु र प्रेमविवाह नै गर्छु।





# छानिए लिटिल प्रिन्स-प्रिन्सेज

**साप्ताहिक समाचार**

काठमाडौं– ६ देखि १२ वर्ष उमेर समूहका ४८ जना बालबालिका गत आइतबार राजधानीको एउटा प्रेक्षालयको ऱ्याम्पमा आकर्षक क्याटवाक गरिरहेका थिए। २० जना बालक तथा २८ जना बालिका लिटिल प्रिन्स तथा लिटिल प्रिन्सेजको ताजका लागि प्रतिस्पर्धा गरिरहेका थिए।

ग्यालेक्सी मोडलिङ एजेन्सीले आयोजना गरेको उक्त प्रतिस्पर्धा करिब छ घण्टा चलेको थियो। परिचयात्मकदेखि टप सिक्स चरणसम्म आइपुग्दा सहभागि बालबालिकाले विभिन्न चार सिक्वेन्समा क्याटवाक गरेका थिए। उनीहरू बेस्ट ड्रेसको उपाधिका लागि पालैपालो ऱ्याम्पमा प्रस्तुत भए। विभिन्न जनजातिका वेशभूषा मात्र होइन, यो चरणमा उनीहरूले पार्टी वेयर, सुट, दुलहीको पहिरन, परीको पहिरन पनि प्रदर्शन गरे। त्यसपछिको चरणमा इभिनिङ गाउन तथा टिसर्ट-ट्राउजरमा सजिएका प्रतिस्पर्धीले सामूहिक क्याटवाक गरे। आठ जना निर्णायकको प्रारम्भिक निर्णयपछि दुवै समूहबाट उत्कृष्ट १२ प्रतिस्पर्धी छनौट गरियो। उनीहरूलाई निर्णायकले पालैपालो विभिन्न विषयमा आधारित प्रश्न सोधेपछि उनीहरूकै जवाफको आधारमा निर्णायक चरणका लागि छ-छ जना बालबालिका मात्र प्रतिस्पर्धामा सहभागी भए। उनीहरूले अन्तिम चरणमा सोधिएको एक-एक प्रश्नको लिखित जवाफ दिएपछि कार्यक्रम सञ्चालकले विजेताको घोषणा गरेका थिए।

प्रतियोगितामा सन्देश लामिछाने तथा स्वेच्छा शिवाकोटीले क्रमशः लिटिल प्रिन्स तथा लिटिल प्रिन्सेजको ताज पहिरिए। विजय श्रेष्ठ तथा इसिका खड्का फस्ट रनर-अप भए भने प्रयास कुडेल तथा स्मृति राईले सेकेन्ड रनर-अपमा चित्त बुझाए। मञ्जिल आचार्य तथा नादिया अधिकारीले बेस्ट ड्रेसको एवार्ड जिते। धीरज तण्डुकार तथा दीपक घिमिरेले संयुक्त रूपमा संयोजन गरेको यो प्रतियोगिताको कोरियोग्राफी उमा थापा तथा सोफिया महर्जनले गरेका थिए। कार्यक्रममा महादेव त्रिपाठीको हास्यप्रस्तुतिका साथै द ऱ्याम्पका मोडलहरूले गरेको फेसन सो विशेष आकर्षणका रुपमा रह्यो।

# सडक उत्सवमा कल्चरल फेसन सो



तस्विर : विकास राई

धरान– धरानको पर्यटन क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक वर्ष आयोजना हुँदै आएको यस पटकको तीनदिने धरान सडक उत्सव विभिन्न जातजातिको फेसन सोसँगै आइतबार सम्पन्न भएको छ।

होटल एसोसिएन अफ धरानको आयोजनामा भएको यस पटकको सडक उत्सव कल्चरल सोमा शेर्पा, तामाङ, गरुङ, राई, लिम्बू, नेवार, थारू जातिको फेसन प्रदर्शन भानुचौकमा गरिएको थियो। विभिन्न जातिको संकृति झल्किने जातीय पहिरनमा मोडलहरू स्टेजमा आउँदा दर्शकहरू हर्षित भएका थिए। समापन कार्यक्रममा स्थानीय कलाकारहरूले पनि दर्शकको वाहवाही पाएका थिए। उक्त फेसन सोमा शान्ता नेपालीको कोरियोग्राफर र ललित राईको ड्रेस डिजाइन थियो। कल्चरल फेसन सो कार्यक्रममा अत्यधिक भीड भएकाले प्रहरीहरूलाई भीड नियन्त्रन गर्न कठिन भएको थियो। कार्यक्रममा स्थानीय गरिमा डान्स सेन्टर, मुनलाइटडान्स सेन्टर तथा युनाइटेड मल्टिआर्ट्सको नेपाली सांकृतिक एवं रिमिक्स नेपाली नृत्यले पनि उपस्थित दर्शकको मन तानेको थियो। उत्सव अवधिभर धरानको परिचय बोकेका विभिन्न वस्तु, जातीय परिकार, लत्ता कपडाहरू र घरायसी सामग्रीहरूसमेत प्रदर्शन गरिएका थिए। उक्त उत्सव अवधिभर प्रत्येक दिन सांस्कृतिक-सांगीतिक कार्यक्रमका साथै विभिन्न प्रकारका डकुमेन्ट्रीसमेत प्रदर्शन गरिएको थियो। उत्सवमा जातीय खाना खाने प्रतियोगिता, वेटररेस प्रतियोगिता, मःम खाने प्रतियोगिता, जोली पिउने प्रतियोगिता, डोरी तान्ने प्रतियोगिता आदि पनि भएका थिए।

भीषण राई

# पोखरामा एड्रिन प्रधान

पोखरा- पिङ्क अरबिट नामक संस्थाले पहिलो पटक यहाँ चर्चित पप गायक एड्रिन प्रधान नाइट सम्पन्न गरेको छ। १९७४ एडीका भोकलिस्ट तथा ड्रमरलाई द लिजन्ड ब्याण्डले सघाएको थियो। लभ सङले दर्शकलाई रोमान्टिक बनाइरहेका प्रधानले कार्यक्रममा राष्ट्रिय भावनाले ओतप्रोत धुन पनि फुके। धुनपछि उनले 'सम्झिल्याउँदा आँसु बग्छ' राष्ट्रिय गीत गाए।

२ घण्टाभन्दा बढी समय एकोहोरो गीत गाएका एड्रीन पसिनाले निथ्रुक्कै भएका थिए। रात ११ बजेसम्म चलेको गाला नाइटमा स्थानीय ऱ्यापगायक विजय लामा र नब्रोले पनि आफ्ना चर्चित गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरे। गाला नाइटपछि दर्शकहरूले डिजे सेसनमा सहभागी भएर रातलाई गुल्जार पारे।

# दुबईमा सोनाम ल्होछार

दुबई- गत जनवरी ३० तारिख शुक्रबारका दिन तामाङ समाज युएईको आयोजनामा दुबईस्थित अस्टोरिया होटलमा एक भव्य सांस्कृतिक कार्यक्रमसहित २ हजार ८ सय ४५ औं सोनाम ल्होछार मनाइयो। लामा गुरुहरूको मन्त्रोच्चारणबाट सुरु भएको उक्त समारोहमा गायक-गायिकाद्वयले कार्यक्रममा उपस्थित करिब ८ सय दर्शकलाई पर्याप्त मनोरन्जन दिलाए भने दर्शकहरू आफ्नो सम्पूर्ण कार्यलाई बिर्सेर राति १२ बजेसम्म पनि कलाकारहरूका साथ गीत र संगीतको संसारमा रमिरहेको देखिन्थ्यो। स्थानीय कलाकारहरूको एकल एवं सामूहिक नृत्यहरूले पनि दर्शकहरूलाई उत्तिकै आकर्षित गरेको देखिन्थ्यो।

उक्त समारोहमा तनहुँ घर भै हाल युएईको आबुधावीमा कार्यरत दुवै मृगौला काम नलाग्ने भै मृत्युको सम्मुख जान बाध्य भैरहेको मनोज राउतलाई मृगौला प्रत्यारोपणका निम्ति सहयोगार्थ नेपाली रुपैयाँ करिब रु. १ लाख ३० हजार नगदसमेत संकलन भएको थियो।



# डट कममा प्रेम र विवाह

रोजिन शाक्य

भनिन्छ भावनाको वहावलाई छेक्न सकिंदैन, यसको गहिराइलाई मापन गर्न सकिंदैन, प्रेमको आकाश अनन्त हुन्छ, यसको उडानलाई छेक्न सकिंदैन तर सूचना प्रविधिको विकाससँगै माउसको एउटा क्लिकमा की-बोर्डमा हतारिएका औंलाहरू अनि वेबसाइटहरूको सञ्जालले उल्लेखित सबै कुरा क्षणभरमै समेटिएको र सम्भव बनाएको आभास हुन्छ।

सागरिका र अविनाश यही फागुन महिनाको लगनमा विवाह बन्धनमा बाँधिंदै छन्। पोखराकी सागरिका र काठमाडौंका अविनाशबीचको प्रेमसम्बन्ध गत भ्यालेन्टाइन-डेदेखि नै गहिरिएको हो। त्यसपछि भने अनलाइन च्याटको भूमिका रहेको उनीहरूले सुनाए। गत भ्यालेन्टाइन-डेभन्दा करिब ६ महिनाअघि एमएसएन च्याटमार्फत् अनलाइनमा भेटिएका सागरिका र अविनाश पहिलोपटक अनलाइन साथीका रूपमा सामान्यरूपमा परिचित भएका थिए।

सामान्य परिचयबाट अघि बढेको यात्राले सातामा एकपटक गर्दै महिना दिन नबित्दै च्याटको वार्तालापसँगै एमएसएनबाट तस्बिरसमेत आदान-प्रदान भयो। अनि विस्तारै यी दुईबीचको अनलाइन सम्बन्धले गत भ्यालेन्टाइन-डेमा प्रत्यक्ष अभिव्यक्तिसँगै एक-अर्कालाई जीवनसाथीकै रूपमा स्वीकारेको थियो। अब यो वर्ष यी दुईबीचको प्रेम सम्बन्धको एनिभर्सरीसँगै वैवाहिक जीवन पनि प्रारम्भ हुँदैछ।

लोडसेडिङका कारण दस जोड दुई अध्ययनरत युनिशलाई हिंजोआज बेलुकी ९ देखि ११ बजेसम्मको समय बिताउन साह्रै गाह्रो हुन्छ किन ? भन्ने जिज्ञासा राख्दा युनिश बताउँछन्, यो समयमा अनलाइन च्याट गर्नु मेरो दैनिकी भैसकेको थियो। एकै पटक कम्तीमा तीन-चारजनासँग अनलाइन च्याट गर्न आफ्नो कम्प्युटरको किबोर्ड र माउसमा हात दौडाउने युनिश आफू मूलतः अनलाइन च्याटमार्फत् देश-विदेशका साथीहरूसित विचारविमर्श गर्ने, विशेषतः केटी साथी बनाउने, फ्लर्ट गर्ने बताउँछन्।

केही समययतामात्रै फेसबुकमा आफूलाई अभ्यस्त बनाउन थालेका सुविन भने आफ्नो फेसबुकमा नयाँ मित्रहरूलाई एड एवं खोजी गर्न आफ्नो फुर्सद खर्चिन्छन्। विशेषतः उनलाई वाल टु वाल कमेन्ट गर्न र पढ्न बढी रहर लाग्छ। २१ वर्षीया आयुष्मा भने भ्यालेन्टाइन-डे नजिकिएसँगै लभ मेसेज, लभ पोएम, रोमान्टिक एसएमएस, भ्यालेन्टाइन-डे कार्डका साइटमा आफ्नो भावना मेलखाने अभिव्यक्ति खोज्नमा व्यस्त देखिन्छिन्। यी साइटको प्रयोग गरेर आफ्नो अभिव्यक्तिमार्फत् आफ्नो मनमा बस्ने व्यक्तिलाई इम्प्रेस गर्ने सोचाइ आयुष्माको छ।

उल्लेखित सबै प्रसंगले कम्प्युटर प्रविधिको विकासक्रमसँगै माउसको एक क्लिकको भरमा आफ्नो रोजाइ अनुसारको साथी खोज्न, प्रेम प्रस्ताव राख्न, अनलाइन कुरा गर्न, डेटिङ गर्न र आफूले इच्छाएको जीवनसाथी खोज्न इन्टरनेट अहिले सहज, सरल र विश्वसनीय एवं लोकप्रिय माध्यम बन्न पुगेको कुरालाई प्रष्ट्याउँछ। अनलाइन च्याट नेपालीहरूका लागि नौलो कुरा रहेन। युवापुस्ताको त यो दैनिकीभित्रै परेको देखिन्छ। आफ्नो विचार आदान-प्रदान गर्न र सहज अनि कम बजेटमा मनले धित नमरुञ्जेलसम्म अनलाइन कुराकानी गर्ने यो माध्यम सूचना सञ्चारको सबैभन्दा लोकप्रिय माध्यम भएको छ।

यसबाहेक नयाँ सम्बन्ध स्थापित गर्नमा च्याटले महत्त्वपूर्ण भूमिका खेलेको छ। साइवर लभको ट्रेन्डसँगै विभिन्न वेबसाइटहरूमा भएका च्याटरूमको लोकप्रियता पनि बढ्दो छ, साथै यसमा विविध सुविधा पनि उपलब्ध हुन थालेका छन्। जस्तै- अहिले उपलब्ध च्याट मेसिनबाट कुनै पनि फाइल, तस्बिर, भिडियो क्लिप आदि तुरुन्तै पठाउन सकिन्छ। युवा पुस्तामाझ अहिलेसम्म एमएसएन मेसेन्जर तथा याहु मेसेन्जर च्याट मेसिनका रूपमा बढी प्रचलनमा रहे पनि हाल जी-मेल र फेसबुकमा रहेको च्याट रूमको प्रयोग पनि बढ्दो छ। यसैगरी talk city.com, multichat.com, google.com, zoom.it आदि पनि च्याटका लागि प्रचलनमा रहेका साइट हुन्।

त्यस्तै त विश्वभरि नै ख्याति कमाएको च्याट मेसिन भने ICQ.com (आइ सी क्यु डट कम) हो। यस साइटमार्फत् विभिन्न फूलका ग्रिटिङ कार्ड अर्थात् वेबफ्लाबरहरू पठाउन सकिन्छ। यो साइटको अर्को विशेषता हो आइसीक्यु भ्यालेन्टाइन। वेबसाइटको यो सेक्सनबाट आफ्ना प्रेमीलाई प्रेमसँग सम्बन्धित प्रश्न-उत्तर पठाउन सकिन्छ। उक्त प्रश्नको उत्तर यो वेबसाइट आफैले पढ्छ र त्यसको मूल्यांकन गरेर तपाई र तपाईंका प्रेमीबीचको सम्बन्ध, प्रेमिकाको साँचो माया आदिबारेका उत्सुकतालाई मेटाउने कार्य गर्छ। यसैगरी यो साइटमा रहेको 'लभ म्याच' शीर्षक अन्तर्गत आफ्नो रोजाइ अनुसारका साथीको फोटोसित उसको जानकारी पाइनेछ। यसमा आफैले पनि आफ्नो जानकारी र फोटो अपलोड गर्न सकिन्छ। अनलाइन च्याटिङसँगै अनलाइन मित्र खोज्ने, सम्बन्ध स्थापित गर्ने, अनलाइन डेटिङका साइटहरूको लोकप्रियता पनि उत्तिकै छ।

कुनै समय इन्टरनेटको यो कार्यलाई व्यक्ति आफैले वा कसैमार्फत् पूर्णता प्रदान गर्नुपर्थ्यो जसमा समय, समाज, स्थिति, परिस्थितिको जोखिम हुन्थ्यो तर आज इन्टरनेटमाफत् मित्रता गराउने, प्रेम साइनो स्थापित गराउने उद्देश्यले बनेका र सञ्चालनमा रहेका दर्जनौं वेबसाइट सहयोगी सावित भएका छन्। सन् २००४ मा गरिएको एक अध्ययन अनुसार अमेरिकीहरू ४ सय ६९ दशमलव ५ मिलियन अमेरिकी डलर अनलाइन डेटिङमा खर्चिने गरेको पाइएको थियो। २००५ सम्ममा यो बढेर ५ सय मिलियन अमेरिकी डलर पुगेको थियो। यसपछिका समयमा यसको अनुपात बढ्दै गएको अध्ययनले देखाएको छ। हिट वाइज इन्कको एक अध्ययन अनुसार सन् २००४ को अन्तसम्ममा डेटिङ र लाइफस्टाइलसम्बन्धी ८ सय ४४ वटा वेबसाइट सञ्चालनमा थिए भने त्यसपछि यसको संख्यामा ३८ प्रतिशतले वृद्धि भएको छ।

मित्रता गाँस्ने, प्रेमसम्बन्ध स्थापित गर्ने जस्तै- कम्प्युटर गतिलो डेटिङ स्टेसनसमेत बनेको छ। एकै ठाउँमा बसेर प्रेम-रोमान्सको रोमाञ्चतालाई अनलाइन डेटिङमार्फत् प्रत्यक्ष अनुभव गर्न सहज तुल्याएको छ अनलाइन डेटिङ साइटहरूले। यी वेबसाइटहरूले इलेक्ट्रोनिक रूपमै प्रेम गर्न सहज तुल्याएको छ। जसले गर्दा आफ्नो इच्छा अनुसारको स्वजातीय, अन्तर्जातीय, स्वदेशी तथा विदेशी मित्र वा प्रेम खोज्न सकिन्छ। इच्छाको आकाश र भावनाको उडानले देशभित्र अन्तर्देशीय र अन्तर्महादेशीय सम्बन्ध स्थापित गर्न सम्भव भएको छ इन्टरनेटमार्फत्। यी साइटका माध्यमबाट प्रेमी-प्रेमिकाको खोजी, प्रेम र रोमान्सको सम्बन्ध स्थापित गर्न र त्यसलाई अघि बढाउन, व्यक्तिले इच्छाएको अवस्थामा यौन-सम्बन्ध विस्तार गर्नसमेत सहयोग प्रदान गर्छ। प्रायः सबै अनलाइन डेटिङ साइटहरूले आफ्ना सदस्यलाई आफ्नो फोटो अपलोड एवं अरूको फोटो ब्राउज गर्ने सुविधा प्रदान गरेको हुन्छ। यसका अतिरिक्त अनलाइन डेटिङलाई रमाइलो, रोमाञ्चक र सुमधुर बनाउन यी साइटहरूमा अनलाइन च्याट रुम, वेबकास्ट, टेलिफोन च्याट, इलेक्ट्रोनिक फ्लर्टिङ फिचर, मेसेज बोर्ड जस्ता फिचरहरूसमेत हुन्छन्। अनलाइन डेटिङका थुप्रै वेबसाइटहरूमध्ये प्रयोगकर्ताहरूमाझ म्याच डट कम, इ हारमोनी डक कम, फ्रेन्ड फाइन्डर डट कम, पर्फेक्ट म्याच डट कम, ड्रिम मेट्स डटकम, केमिस्ट्री डट कम, डेट डट कम, सिङ्गल्स नेट डट कम, एडलन्ट फ्रेन्ड फाइन्डर डट कम, ससिया फ्रेन्ड फाइन्डर डट कम, याहु पर्सनलस आदि साइटहरू लोकप्रिय देखिन्छन्।

इन्टरनेटमार्फत् मित्रता गराउने दर्जनौं वेबसाइट सञ्चालनमा छन्। जसअनुसार कुनै पनि साइटमा गएर आफ्नो इच्छाअनुसारका व्यक्तिलाई मित्रका रूपमा छनौट गर्न सकिन्छ। जस्तै- आफूलाई कुन देशको, कुन वर्णको, कुन उमेरको मित्र चाहियो ? वा कस्तो रुचि भएको ? यसका लागि कुनै सर्च इञ्जिन गएर पेनपाल भनेर खोजियो भने त्यस्ता साइटहरू प्रशस्तै पाउन सकिन्छ। पेनपालका लागि प्लानेटप्लस डट कम, डिजिटल सिटी डट कम, इन्टरपल डट कम चर्चित साइट हुन्। यस्ता साइटले मित्र खोज्ने मात्र नभएर मित्रताका लागि आफ्नो नाम, उमेर, रुचि आदि निःशुल्क दर्ता गराउन सक्ने सुविधा पनि उपलब्ध गराएका हुन्छन्। आफ्नो नाम दर्ता गरिसकेपछि आफूलाई कसैले इच्छाएमा आफ्नो मेल बक्समा उसको इमेल प्राप्त हुन्छ। त्यसैगरी म्याच मेकर डटकम खोलेर त्यसभित्र फ्रेन्ड फाइन्डरमा क्लिक गरियो भने आफ्ना मनपर्ने कुराहरू, रुचि, जीवनको मूल्य, उद्देश्य जस्ता प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ। यदि जवाफ अरू कुनै व्यक्तिसित मिल्न गयो भने सो व्यक्ति आफ्नो मन मिल्ने साथी भएको मानिन्छ। अनि दुवैबीच सम्बन्धले अघि बढ्ने अवसर पाउँछ। मित्रता, प्रेम, रोमान्ससँग सम्बन्धित थुप्रै वेबपेजमध्ये डेट अमेरिका डटकम, कनेक्सजोन डटकम, एकभेलभ डट कम, फ्रेन्ड फाइन्डर डट कम, एल्युरिङ डट कम, लभ इज ग्रेट डक कम, आइ लभ यु मोर डट कम, म्याच डट कम आदिको प्रयोग बढी देखिन्छ। पछिल्लो समयमा नेपाली युवापुस्तामाझ हाइ फाइभ, फेसबुक, माइस्पेस, ट्यागड डट कम जस्ता वेबपेजको प्रयोग एवं प्रचलन बढ्दो छ। नयाँ मित्र बनाउने सिलसिलामा अनलाइन मित्रको खोजीमा आफ्नो पर्सनल वेबपेजकै रूपमा विकसित हुँदै गएको देखिन्छन् यस्ता साइटहरू। अनलाइन कुराकानी, आफ्नो रोजाइको तस्बिर अपलोड गर्न सकिने, अरूको तस्बिर ब्राउज गर्न सकिने, आफ्नो प्रोफाइलमा टाडा अपडेट गर्न सकिने, अरूको प्रोफाइल हेर्न सकिने, कमेन्ट गर्न मिल्ने आदि आफूलाई मनपर्ने व्यक्ति मित्रका रूपमा एड गर्न सकिने तथा आफ्नो निमन्त्रणा पठाउन सकिने जस्ता सुविधाका कारण हाइ फाइभ, फेसबुक, माइस्पेस, ट्यागड डटकम जस्ता वेबसाइटको लोकप्रियता बढ्दो छ।

मित्रता, प्रेम, डेटिङदेखि जीवनसाथीको खोजीसम्ममा इन्टरनेटको भूमिका प्रभावकारी हुँदै गएको छ। आज इन्टरनेटमा सयभन्दा बढी म्याट्रिमोनियल साइट उपलब्ध छन्। दर्जनौं युवायुवती यसको सहयोग र सुविधाबाट आफ्नो जीवनसाथी खोज्न यो साइटको प्रयोगमा देखिन्छन्। अमेरिकास्थित एमपावर रिसर्चले प्रकाशित गरेको रिपोर्ट अनुसार आगामी सन् २०१० देखि ११ सम्म भारतीय अनलाइन म्याट्रिमोनियल उद्योगले २१ मिलियन रजिस्ट्रेसनमार्फत् ६३ मिलियन अमेरिकी डलर बराबरको कारोबार गर्ने अनुमान गरेको छ। एम पावर रिसर्चका अनुसार अनलाइन म्याट्रिमोनी सेवाको बढ्दो लोकप्रियता पछाडिको कारण यसको सुविधा, गोपनियता, विश्वासनियता र मितव्ययिता हो। जस्ट कन्सल्ट नामक फर्मले भारतमा गरेको एक अध्ययन अनुसार सहरी क्षेत्रमा १२ मिलियन इन्टरनेट प्रयोगकर्ताबीच अनलाइन म्याट्रिमोनियलका साइट लोकप्रियता आधारमा १३ औं स्थानमा छ।

भावी वर-बधुका बीच आ-आफ्नो पर्सनल प्रोफाइल, तस्बिर, रुचि-अरुचि, भावी योनजाबारे स्वतन्त्ररूपमा जान्ने, बुझ्ने अवसर पहिले सम्भव थिएन जसरी यी साइटका माध्यमबाट सहज हुन पुगेको छ। मुकुन्द २००८ का नामबाट काठमाडौं निवासी ५ फिट ३ इन्च अग्ला एक जना नेपाली युवालाई नेपाल म्यारिज ब्युरो डटकम नामक म्याट्रिमोनियल साइटमा हेर्न सकिन्छ। आफ्ना लागि योग्य बधुको खोजीमा रहेका यी युवासम्बन्धी र उनले खोजेका बधुका बारेमा थप विवरण यही साइटमा छ। काठमाडौं निवासी ३० वर्षीया मिनी नाम गरेकी महिलाको प्रोफाइल भने नेपाल म्याट्रिमोनियल डट कममा हेर्न सकिन्छ। ३५ देखि ४२ वर्ष उमेर समूहका हिन्दू धर्मका मास्टर्स अध्ययन पूरा गरेका वरको खोजीमा उनी रहेको कुरा साइटमा उपलब्ध अन्य विवरणसहित बुझ्न सकिन्छ। आफ्नो इच्छा अनुसारको वर-बधुको खोजीमा रहेका नेपालमै भएका तथा नेपालमा जन्मिएका र विदेशमा बसिरहेका नेपालीहरूमाझ विदेशीहरू जस्तै म्याट्रिमोनियल साइटको प्रयोग बढ्दो छ। नेपालमा विवाह डट कम, म्यारिजब्युरो डट कम, नेपाल म्याट्रिमोनियल डट कम, इ-विवाह डट कम, नेपाली साथी डट कम, नेपाल म्यारिज डट कम जस्ता वेबसाइटहरू साइबरको माध्यमबाट लगन जुराउने काममा सक्रिय देखिन्छन्।

म्याट्रिमोनियल साइटहरूमा जाति, धर्म, मातृभाषा आदिका आधारमा वर-बधुको, प्रोफाइललाई वर्गीकृत गरिएको पाइन्छ। उचाइ, उमेर, पेसा, शिक्षा, नागरिकता, वर्ण आदि यसका अन्य महत्त्वपूर्ण आधार हुन्छन्। यसअन्तर्गत कसैलाई वा कसैले आफूलाई तबमात्र सम्पर्क गर्न सक्छ, यसबाट बारम्बार केटी वा केटा हेर्ने झन्झटबाट पनि मुक्ति प्राप्त हुन्छ। विवाहसम्बन्धी वेबसाइटले वैवाहिक रीतिरिवाज, वर-बधुको सामान प्याकिङ, म्यारिज काउन्सिलिङ, हनिमुन चेकलिस्ट आदिका सम्बन्धमा समेत जानकारी प्रदान गरेका हुन्छन्। यी साइटका कारण अब संसारको कुनै कुनामा बसेर कुनै पनि कुनाका व्यक्तिलाई आफ्नो जीवनसाथी बनाउन सम्भव भएको छ। संसारभरि नै यस्ता साइट सयौंको संख्यामा छन्। तीमध्ये एलिना म्यारिज एजेन्सी डट कम, एसियन युरो डट कम, म्याच डट कम, सिएचएनलभ डक कम, सादी डट कम, भारत म्याट्रिमोनी डट कम, जीवनसाथी डट कम, सिम्पल्ली म्यारी डट कम, मेरा साथी डट कम, विवाह डक टक, शुभसादी डट कम, वालसा डट कम, लाइफपार्टनर इन्डिया डट कम, लगनमण्डप डट कम आदि साइट बढी प्रयोगमा देखिन्छन्।

## लाइभ सो

- भ्यालेन्टाइन डेका अवसरमा हेटौंडामा डान्सपार्टी हुँदैछ। रिभायवल युथ क्लबले भ्यालेन्टाइन डेकै दिन अर्थात् भोलि शनिबार हेटौंडास्थित पल्पसा सभागृहमा डान्सपार्टी आयोजना गर्न लागेको हो। पार्टीमा काठमाडौंका डिजे महेशले गीत-संगीत प्रस्तुत गर्नेछन् भने नृत्य गर्ने उत्कृष्ट जोडीलाई पुरस्कार पनि प्रदान गरिनेछ।
- भ्यालेन्टाइन डेकै अवसरमा भोलि शनिबार काठमाडौंस्थित र्‍याडिसन होटलमा एउटा सांगीतिक कार्यक्रम आयोजना गरिंदैछ। कार्यक्रममा नेपाली सांगीतिक क्षेत्रका दस जना नयाँ अनुहारलाई पहिलो पटक एकसाथ प्रस्तुत गर्न लागिएको आयोजकहरूले बताएका छन्।

## • तालुमा आलु •



प्रकाश ओझा

भ्यालेन्टाइ-डेको दिन एक युवती आफ्नो नयाँ ब्वाइफ्रेन्डसँग डेटमा गई । फर्किएपछि साथीले युवतीलाई सोधी 'कस्तो वित्यो आजको दिन ?'

'अचम्मको केटा रहेछ' युवतीले भनी- सिनेमा हलको क्याबिनमा मैले उसलाई तीन पटक झापड हान्नुपर्‍यो ।

हो र, के गर्‍यो उसले त्यस्तो ?

केही पनि गरेन ?

केही पनि गरेको थिएन भने किन तीनपटक झापड हानेको त ?

ऊ निदाएको छ कि छैन भनेर जाँच्न ।

०००

एउटी सुन्दरी युवतीले प्रेमीसँग सोधी- के तिमी मसँग विवाह गरिसकेपछि अन्य केटीहरूसँग बोल्न छोडिदिन्छौ ?

अवश्य छाडदिन्छु, केटाले केटीको काखमा टाउको राख्दै भन्यो ।

साथीभाइसँग डुल्न, घुम्न छाडिदिन्छौ ?

त्यो पनि छाडिदिन्छु ।

आमाबाबु, परिवारलाई डुलाउन-घुमाउन पनि छोडिदिन्छौ ?

त्यो पनि छाडिदिन्छु अनि म तिमीसँग विवाह गर्ने विचार पनि छोडिदिन्छु, प्रेमिको जवाफ थियो ।

०००

प्रेमिका : यदि विवाह गर्नुभन्दा पहिले गर्भवती भएँ भने म त आत्महत्या गर्छु ।

प्रेमी : स्यावास् असल प्रेमिका भनेको यस्तै हुनुपर्छ ।

०००

भ्यालेन्टाइन-डेको दिन एक प्रेमी आफ्नी प्रेमिकालाई औंठी किनिदिन ज्वेलर्समा गयो । प्रेमी लोभी थियो । सस्तो खालको औंठी खोज्दै उसले सस्तो होला भन्ने अपेक्षासहित सोध्यो- यो औंठीको मूल्य कति हो ?

दस हजार- सेल्सम्यानले भन्यो

हे भगवान् यति महंगो ? केटाको मुखबाट सिट्ठी बज्यो ।

फेरि उसले अर्को औंठी देखाउँदै सोध्यो- यसको मूल्य चाहिँ ?

दुई सिट्ठी- सेल्सम्यान बोल्यो ।

०००

भ्यालेन्टाइन-डेको दिन एक युवक आफ्नी गर्लफ्रेन्डसँग घुम्न गयो । आधारातितिर जब ऊ आफ्नो होस्टल फर्कियो तब सहपाठीहरूले उत्सुक भावले सोधे- दिन कसरी बित्यो ।

राम्रैसँग बित्यो, ऊ दिनभरिको कुरा सुनाउन थाली, पहिले हामी रेस्टुराँमा गयौं कफी, नास्ता गर्‍यौं, इभिनिङ सो हेर्न हामी दुवै सँगै सिनेमा हल गयौं । बेलुकी फेरि हामी रेस्टुराँमा गयौं र कफी, खाजा खायौं । राति उसले मलाई सँगै उसको कोठामा लगी अनि हामीले धेरै कुरा गर्‍यौं । अचानक उसले बत्ती निभाई अनि ओछ्यानमा लडी, उसलाई निन्द्रा लागेको कुरा मैले बुझें अनि फर्किए ।

०००

तिम्री गर्लफ्रेन्डको स्पेसल बानी के छ ?

ऊ दाँतले नङ टोकिरहन्छे ।

यो त प्रायजसो सबै केटीले गर्छन् ।

खुट्टाको...।

०००

युवकले भ्यालेन्टाइन-डेको दिन प्रेमिकालाई चुम्बन गर्‍यो र सोध्यो- प्रिय तिमीलाई चुम्बन गर्ने पहिलो व्यक्ति मै हुँ ?

हो त, युवतीले भनी- किन होला सबै पुरुषले मसँग यही प्रश्न सोध्छन् ?'

०००

एउटा अधबैसे प्रेमी भ्यालेन्टाइन-डेको अवसर पारेर प्रेमिकाको घर गयो अनि प्रेमिकाकी आमासँग भन्यो-

'म तपाईंकी छोरीलाई विगत १६ वर्षदेखि प्रेम गर्छु ।

अनि... तिमी अब के चाहन्छौ ? आमाले सोधी

म अब ऊसँग विवाह गर्न चाहन्छु ।

धन्य भगवान्- आमाले लामो सास तान्दै भनिन्- मैले त तिमीले पेन्सन माग्न लाग्यौं कि भनेर सोचेकी थिएँ ।



०००

भ्यालेन्टाइन-डेको अवसर पारेर मोटीकाली प्रेमिकालाई पातलो प्रेमीले पहेंलो साडी उपहार दियो । प्रेमिकाले साडी लगाएर आई र प्रेमीलाई सोधी- कस्ती देखिएकी छु ?

तोरीबारीमा भैंसी चरे जस्ती- प्रेमीले जवाफ दियो ।

०००

हिंजो मैले मेरी प्रेमिकालाई धेरै दुःख दिएँ नि ।

एउटाले भन्यो कसरी ?

हिंजो मैले प्रेमिकालाई, पाइन्ट, टिर्सट, बुट अरू चाहिने चीजहरू किनिदिएँ अनि ऐना नभएको कोठामा थुनिदिएँ ।

०००

म तीस वर्षकी जस्ती पनि लाग्दिन हगी ? प्रेमिकाले भनी ।

लाग्दिनौ प्रिय, कुनै बेला लाग्थ्यौ अब लाग्दिनौ- प्रेमीको अवाज थियो ।

०००

प्रेमी-प्रेमिका घुम्न गएका बेला एउटा यस्तो इनारमा गए जहाँ पैसा खसाएर जे इच्छा गरे पनि पूरा हुन्छ भन्ने किम्वदन्ती थियो । पहिले प्रेमीले इनारमा पैसा खसाल्यो अनि मनमनै वर माग्यो । अब प्रेमिकाले पैसा (सिक्का) इनारमा खसाई अनि इनारभित्र हेर्न झुकी, त्यसैबेला सन्तुलन बिग्रिएर ऊ इनारमा खसेर डुबेर मरी ।

हे भगवान् □ प्रेमी अचम्मित हुँदै बरबरायो- म त यस्तो कुरामा विश्वासै गर्दिनथें ।

०००

भ्यालेन्टाइन-डेका दिन प्रेमी-प्रेमिका एउटा अग्लो रूखको फेंदमा बसेर प्रेमका कुरा गर्दै थिए ।

प्रेमीले भन्यो- तिम्रो आँखामा म मेरो सुख देखिरहेको छु ।

हो र..., प्रेमिका फेरि मख्ख परी...।

तिम्रो आँखामा म मेरो घर, मेरो जीवनदेखि लिएर यो संसारका यावत् कुरा देखिरहेको छु- प्रेमी फेरि बोल्यो ।

त्यत्तिकैमा प्रेमी-प्रेमिका बसेको त्यो अग्लो रूखबाट एउटा व्यक्ति ओर्लियो र भन्यो..., हेर्नुस् न मेरो भैंसी हराएको तीन दिन भयो, धेरै ठाउँमा खोजें पाइनँ, रूखबाट देखिन्छ कि भनेर चढेको देखिएन, अनि तपाईंको कुरा सुनें..., यी नानीको आँखामा तपाईंले सारा संसार देखिरहेको छु भन्दै हुनुहुन्थ्यो... मेरो भैंसी कहाँ छ भनिदिनुहोस् न... ।

०००

### मेरो कुरो

असल केटी : जो जति लिपिस्टिक लगाएर घरबाट निस्कन्छे र त्यति नै लिपिस्टिक लगाएर घर फर्कन्छे ।

धेरै असल केटी : जति लिपिस्टिक लगाएर घरबाट निस्कन्छे त्यसको दोब्बर लिपिस्टिक लगाएर घर फर्कन्छे ।

अति धेरै असल केटी : एउटा रंगको लिपिस्टिक लगाएर निस्कन्छे अनि अर्को रंगको लिपिस्टिक लगाएर फर्कन्छे ।

# एक-अर्कालाई प्रभावित गर्ने केही टिप्स

प्रेम गर्ने कतिपय युवायुवती एकले अर्कालाई मन पराए पनि सामान्यजस्तो लाग्ने कतिपय कमी-कमजोरीका कारण प्रेममा असफल हुन पुग्छन् । अधिकांश युवती आफ्ना केटासाथीबाट मर्यादित, सभ्य एवं सन्तुलित व्यवहार चाहन्छन् । उनीहरू आफ्नो केटा साथी आफूसित इमान्दार, सहयोगी र एउटा विश्वासिलो रूपमा प्रस्तुत होस् भन्ने चाहन्छन् । कतिपय युवकको रोजगारी राम्रो हुन्छ, कतिपयको कमाइ र मीठो बोलीवचनका साथै स्वभाव पनि राम्रो हुन्छ, तर किन आफूलाई मन पर्ने कुनै युवतीसँग मित्रताको हात बढाउन खोज्दा उसलाई असफलता प्राप्त हुन्छ ? किन कुनै युवतीसँग कुरा गर्न खोज्नेबित्तिकै युवतीले कुरा गर्नुको साटो मुन्टो बटार्छिन् ? यो कुनै भाग्यको खेल पनि होइन कि कसैलाई देख्नेबित्तिकै कुनै पनि केटीले मुन्टो बटार्छिन् वा तर्केर हिंड्छिन् । यो त आफ्नै कर्मको खेल हो जसलाई आफैंले बिगारेको हो । यदि प्रेममा सफलता हात पार्न चाहने हो भने केही टिप्सलाई व्यवहारमा लागू गर्नुपर्ने हुन्छ ।



**सास गन्हाउँछ कि ?**

साथी वा प्रेमिका मात्र होइन, कसैसँग नजिकै गएर कुरा गर्न खोज्दा सम्बन्धित व्यक्तिले मुन्टो फेर्छ र टाढै बसेर कुरा गर्छ भने के बुझ्नुपर्छ भने आफ्नो श्वासबाट दुर्गन्ध आइरहेको छ । यस्तो अवस्थामा अस्पतालमा गएर जँचाउनु आवश्यक हुन्छ । सही कुरा डाक्टरले नै बताउने हुँदा यस्तो समस्याबाट छुट्कारा पाउन चिकित्सकसँग सल्लाह लिनुपर्छ । कतिपय चिकित्सकका अनुसार सास गन्हाउने समस्या पेटभित्रको आन्तरिक गडबडी, दाँत वा गिजाका कारण पनि हुने भएकाले श्वासमा समस्या छ भन्ने थाहा पाउनासाथ उपचार गराउनु राम्रो हुन्छ । यसका साथै राति खाना खाएपछि दाँत र जिब्रोको माथिल्लो भाग ब्रसले सफा गरेर सुत्नुपर्छ ।

**काखी र पहिरनको दुर्गन्ध**

कतिपय व्यक्तिको सासका साथै काखी पनि गन्हाउने प्रकृतिको हुन्छ । गर्मी महिनामा यस्ता व्यक्तिको काखी र शरीर पसिनाका कारण गन्हाउने मात्र नभै यही कारणले लुगा र मोजा समेत गन्हाउने हुन्छ । शारीरिक एवं लुगा-कपडाको दुर्गन्धबाट छुट्कारा पाउन नियमित सरसफाइमा ध्यान दिनुपर्छ । नियमित नुहाउने र पहिरनको सरसफाइ तथा आइरन गर्नु आवश्यक हुन्छ । कुनै किसिमको सेन्ट वा सुगन्धित तेलको मात्र भर नपरी नियमित सरसफाइ गर्नु उपयुक्त हुन्छ ।

गर्मी महिनामा यदि शरीरबाट धेरै पसिना आउँछ र शरीरका साथै लुगा पनि गन्हाउँछ वा फोहर हुन्छ भने दिनहुँ लुगा फेर्नुपर्छ । यति मात्र होइन, लुगामा दाग, मैलो नहोस्, लुगा मुजा परेको नहोस् भन्ने कुरामा विचार पुर्‍याउनुपर्छ । यहाँसम्म कि जुत्ता पनि सफा र पालिस गरिएको हुनुपर्छ ।

**आवश्यक छ शरीरका अन्य अ□को पनि सरसफाइ**

हात-खुट्टाका औंलाहरूमा नङहरू बढेको वा फोहर भएको छ भने नङ्हरू काट्नुपर्छ । हातका औंलाका साथै नाक, मुख, आँखा कपाल सफा राख्नुपर्छ । जिङ्रिङ्ग, फोहर र सुख्खा केश कसैलाई मन पर्दैन । केशलाई शरीर सुहाउँदो अवस्थामा राख्नुपर्छ । केश धेरै लामो वा धेरै छोटो राख्दा पनि आकर्षणमा कमी आउँछ ।

**असामान्य व्यवहार**

हिंड्दा-हिंड्दै पान वा सुर्ती खाने, बाटोमा जथाभावी थुक्ने, बारम्बार ख्वाकख्वाक गर्ने, नाक सिकसिक गर्ने, नाक कोट्याउने, अङ्गहरू कन्याउने, खाने बेलामा ठूलो-ठूलो गाँस हाल्ने आदि बानी-बेहोरा युवतीहरूलाई मात्र होइन, कसैलाई पनि मन पर्दैन । त्यसैले यस्ता बानीबेहोरा त्याग्नुपर्छ ।

**मदिरापान**

रक्स्याहाहरू कुनै पनि युवतीलाई मन पर्दैनन् भन्ने कुरा बेलैमा बुझ्नुपर्छ । अझ रक्सी खाएर बाटोमा जे पायो त्यही बोल्ने, असभ्य बानी-व्यवहार देखाउने, उत्तेजित हुने, राति अबेला घर फर्कने बानी मित्रताका लागि घातक हुन्छ ।

**मायालुको इज्जत र आदर**

कुराकानीका क्रममा प्रेमिकाको सौन्दर्य, काम र बोल्ने शैलीको प्रशंसा गर्नुपर्छ । उनको परिवार र परिवारका सदस्यहरूको मानसम्मान, इज्जत-प्रतिष्ठाको आदर गर्न बिर्सनु हुँदैन । आफ्नै बारेमा तब मात्र केही बताउनुपर्छ जब उनले केही सोध्छिन् । आफ्नै मात्र बढाइचढाइ गर्ने प्रयासले इम्प्रेसन बिग्रन बेर लाग्दैन ।

**कुराकानीको शैली**

युवतीको आमनेसामने भएर कुराकानी गर्नुपर्छ । आँखामा आँखा मिलाएर कुराकानी गर्नुपर्छ, तर आँखा गाडेर हेर्नुहुँदैन । यदि केटी साथी केही भन्दै छिन् भने उनको कुरालाई राम्रोसँग सुन्नुपर्छ । कुराकानीका क्रममा त्यसै हँ-हँ, हो-हो गर्नुभन्दा सोधेको बेलामा तर्कपूर्ण र चित्तबुझ्दो जवाफ दिनुपर्छ । उसले भनेको कुरा सुनेर स्मरणमा राख्नुपर्छ ताकि अर्को भेटमा त्यसलाई उल्लेख गर्न सकियोस् ।

**चल्ने बानी राम्रो होइन**

कुराकानी गर्दागर्दै अचानक धेरै ठूलो स्वरमा हाँस्ने, पिठ्युँमा धाप मार्ने, शरीरमा त्यसै छोइदिने वा चल्ने, भद्दा खालको चुट्किला सुनाउने, आफूलाई ठूलो साहसी अरूलाई डरछेरुवा भन्ने, नारी जातिलाई अपमानित गर्ने, केटीलाई केटाको तुलनामा असक्षम, असहाय, हीन, दोस्रो दर्जाको भनेर हेंला गर्ने प्रवृत्ति त्याग्नुपर्छ । आफूलाई मै ठूलो हुँ र अरूलाई केही गन्दै नगन्ने खालका कुराकानी र बानीव्यवहार प्रस्तुत गर्नु हुँदैन । आफ्ना कमी-कमजोरी कहिल्यै पनि देखाउनु हुँदैन । केटीसाथीसँग घुम्न जाँदा उनको अगाडि-अगाडि हिंड्नु राम्रो मानिंदैन । उनको अगाडि स्नेह, इज्जत र आत्मीयताका साथ प्रस्तुत हुनुपर्छ ।

-भोला

## ● सन्देश ●

दिलु, टिष्टा, चन्द्र, दीपक, रञ्जित, पदम, इन्द्र, इन्दिरा, आशा, रोशन, रञ्जिता, कल्पना, रचना, अजय, खेम, नरेश, उषा, पूणम, हेमन, शर्मिला, मधु, पूजा, तारा, सिर्जना, गोमा, यशोदा, विमला, प्रेम, धनुष, तीर्था, सुमन, सुदेश, राजकुमार, मित्रकुमारी, सुजना, निर्माला, असिम, संगम, विमल, शन्तोष, सरिता, प्रदीप, रिना, संगीता, राजन, दिनेश, शन्तोष, लक्की, पवित्रा, तुलसी, सविता, प्रीति, अभागी तारा, टीका, मोना, सविना, अर्चना, जुनु, प्यारी, कमला, महिमा, सरिना, उमा, अञ्जुला, प्रतिमा, लक्ष्मी, सिन्धु तथा विनालाई ह्यापी भ्यालेन्टाइन डे।

**कल्पना**

अजय, प्रेम दिवसको लाखौंलाख शुभकामना। मायाका अनमोल सौगातहरू, जिन्दगीका सुनौला अध्यायहरू अनि अतीतदेखि वर्तमानसम्मका सबै खुसीहरू केवल तिमीलाई, मेरो हरेक समयको गति हौ तिमी, तिमी केवल मेरै हौ, सिर्फ मेरो, मात्र मेरो...।

**सरु**

मनु, भ्यालेन्टाइन डेको हार्दिक शुभकामना, साथै उत्तरोत्तर प्रगतिको कामना अनि आई लभ यू पनि।

**बाबुराम**

प्यारो साथी 'तिमी', तिमीसँग धेरै कुरा गर्नु छ। मौका मिले अवश्य गर्नेछु। तिमीप्रति आकर्षित यो निर्दोषी मनसँग तिमीले विकर्षणको कुनै पनि खेल खेल्नेछैनौ भन्ने विश्वासमा छु। तिमीलाई साउदी अरबको मरुभूमिबाट प्रेमदिवसको धेरै-धेरै शुभकामना।

**एस.जे.**

आत्मीय साथी सपना, जन्मदिनको शुभकामना। तिम्रो जीवन फलोस् फुलोस्, हामीले भनेको खुरुक्क मानेस् है।

**नितु+सुप्रिम**

अमृता, तिमीलाई मैले आजको दिन मात्र सम्झिएको होइन, तिमीलाई मैले आजदेखि प्रेम गरेको होइन। म तिमीलाई मदनले मुनालाई, मजनुले लैलालाई र रोमियोले जुलियटलाई जत्तिकै सधैं माया गर्छु अनि गरिरहनेछु।

**सुवास**

प्रिय सिड्नी, प्रेम दिवसको धेरै-धेरै शुभकामना। तिम्रा हरेक पाइलाले सफलताको शिखर चुमुन्। तिम्रो अनुहारबाट त्यो मुस्कान कहिल्यै नहराओस्। तिम्रो इच्छा, चाहना सबै पूरा हुन्, यो प्रेमीको हार्दिक शुभकामना।

**बिजु**

पूजा, हृदयदेखिको माया एवं सम्झना। तिमीलाई थाहा छैन होला म तिमीलाई कति माया गर्छु ? विगत चार वर्षदेखि म तिमीलाई मन पराउँछु। फोनमा कुरा गर्दा सायद तिमीले मेरो कुरालाई सामान्य लिन्छ्यौ तर वास्तविकता अर्कै छ।

**राजु**

मेरिना, म तिमीलाई हृदयदेखि नै माया गर्छु।

**नाग**

सुनि., तिम्रो दाम्पत्य जीवन सुखमय बितोस् यही कामना छ। मानिसहरू भन्छन् धोका दिनु पाप हो तर तिमीलाई पाप नलागोस्, ईश्वरसँग मेरो यही प्रार्थना छ।

**भक्त**

सञ्जिता, ह्यापी भ्यालेन्टाइन डे। तिमीलाई के छ ? आरामै होला। आफू त आँसुमा डुबेको मान्छे। म आँसुमा डुबे पनि तिमी मुस्कानै मुस्कानमा बाँच्नु, सबैको खुसी समेटिदिनु। जतिजति पुल अनि चौबाटोमा काँडाहरू भेट्छ्यौ ती सबै पन्छाई हिँड्नु। म दुःखमा डुबे पनि तिमी सुखसयलमा बाँच्नु।

**शिव**

अन्तरहृदयले गरिएको प्रेममा जगतका सम्पूर्ण सकारात्मक-नकारात्मक तत्त्व, सम्प्रदाय, मानव समाज, प्राणी, धर्म वा निर्जीव वस्तु नै किन नहोस् आदि सबै समान रूपले अटाउन सक्छन्। किनभने त्यस्तो प्रेममा सर्त हुँदैन, त्यहाँ वास्तविक मानवीय भावना र स्वतन्त्रता हुन्छ। प्रेमले सदा सकारात्मक जीवनको दिशानिर्देश गर्नुपर्छ, शुभ प्रेम दिवस सबैमा।

**किराँत सुनुवार**

अञ्जु, तिमीले चालेका हरेक पाइलामा सफलताको शुभकामना। तिमीले मलाई धोका दिएर जसको साथ अँगाल्न पुगेकी छ्यौ त्यसलाई मलाई जस्तै तड्पाएर आजीवन दुखी नबनाऊ।

**मणि**

जीवनभर यसरी नै माया पाइरहूँ, हजारौं जन्मसम्म हजुरकै हुन पाऊँ। सुनेकी थिएँ मायामा सबैभन्दा ठूलो शक्ति हुन्छ। त्यो शक्तिले मान्छेलाई प्रेमको दुनियाँमा सबैभन्दा शक्तिशाली बनाउँछ, वास्तवमा यो कुरा सत्य रहेछ। जीवनभर तपाईंलाई माया गर्न पाइरहूँ, हाम्रो साथ नछुटोस्– प्रेम दिवसको शुभकामना।

**प्रिया**

सम्पूर्ण प्रेमी-प्रेमिकाहरूमा प्रेमदिवस (भ्यालेन्टाइन डे) को मंगलमय शुभकामना। विशेषगरी मेरी मनकी रानी, मुटुको टुक्रा प्रेरणालाई मेरो हृदयभरिको न्यानो माया।

**प्रितम**

शर्मी, आफ्नो उद्देश्य सफल पार, जीवनभर रिस नलिनु, सोचेका कामलाई पूरा गर, भ्यालेन्टाइन डेको शुभकामना।

**००७डी**

ठूलीमाया, हाम्रो यो पवित्र मायामा कसैको आँखा नलागोस्। हाम्रो यो माया अजम्बरी होस्– प्रणय दिवसको शुभकामना।

**अर्जुन**

भावना, प्रेम दिवसको मंगलमय शुभकामना।

**दीपक**

निशा, ह्यापी भ्यालेन्टाइन डे। कुनै एक प्रेमीले कुनै एक प्रेमिकालाई दिने सम्पूर्ण माया तिमीलाई। मेरो यो जीवन डढेलो लागेर खरानी भए पनि तिमीलाई प्रणय दिवसको शुभकामना।

**विनोद**

भ्यालेन्टाइन डेको उपलक्ष्यमा मायाका सौगातसँगै मीठो चुम्बन अनि लाखौंलाख जुनी तिमीसँगै जिउने प्रण गर्दछु।

**केदार**

साथीहरू राधा, नवीन, राहुल, साजिर, मनीषा, गीता, निसान, दुर्गा, मुना एवं कुमारीमा सम्झनासहित ह्यापी भ्यालेन्टाइन डे।

**bibek_htel7@yahoo.com**

जुनसुकै विषयमा भए पनि कम्तीमा ब्याचलर लेभल पढेका, सानो ठूलो जस्तोसुकै भए पनि जब गर्ने पच्चीसदेखि तीस वर्षसम्मका महिला साथीलाई मित्रताका लागि सम्पर्क राख्न अनुरोध छ।

Kathmandu_boy72@rocketmail.com

प्यारा साथी रीना, तारा, रचना, अलिशा, शोभा, गणेश तथा विशेष गरी सालुलाई प्रेम दिवसको शुभकामना।

**प्रकाश**

सुशीला, हृदयको हरेक कुनाबाट तिमीलाई न्यानो माया।

**विवेक**

पवित्रा, म तिमीलाई असाध्यै माया गर्छु। म सात समुद्र पार भए पनि तिमीलाई प्रेम दिवसको धेरै-धेरै शुभकामना। मलाई आशा छ, तिमी मलाई पर्खिरहनेछौ।



**विकास**

मेनुका, टाढा भए पनि म सधैं तिम्रो सम्झनामा छु। यो मेरो पहिलो प्रेमदिवस हो। तिम्रा हरेक पाइला सफलताले चुमून्, धेरै-धेरै मायासहित मीठो सम्झना। जीवनका हरेक पलमा म तिम्रो साथ हुनेछु। म तिमीलाई जीवनभर माया गर्ने वाचा अनि तिम्रो न्यानो मायाको अपेक्षा गर्दछु। भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**मनोज**

अञ्जु, अपार माया सँगाली जीवनका प्रत्येक गोरेटो नियाल्ने र जीवनपथमा सहयात्रा गर्ने प्रण गर्दै मीठो सम्झना– ह्यापी भ्यालेन्टाइन डे।

**किरण**

कान्छी, माया र सम्झनाका पुष्पगुच्छा मात्र मेरी हृदयकी रानीलाई। प्रणय दिवसको शुभकामना। हेर न, आज हाम्रो मायाले चौथो वसन्त पार गरी पाँचौं वसन्तमा प्रवेश गरेको छ। आज म धेरै खुसी छु। आजको यो महान् दिनमा हामी एक-अर्कासँगै भएको भए कति रमाइलो हुन्थ्यो ? हामीबीच भौगोलिक दूरी भए पनि हाम्रो माया-प्रेम अनि विश्वासमा कुनै दूरी आउनेछैन। मलाई सधैं तिम्रो निश्चल प्रेम अनि मायाको साथ चाहिरहन्छ।

**कान्छा**

प्रिय पवि, प्रेम दिवसको उपलक्ष्यमा असीम मायासहित हार्दिक शुभकामना। बितेका दिनको सम्झना गर्दै अब आउँदा दिनमा हाम्रो प्रेममा अझै .... आशासहित।

**लक्ष्मण**

सम्झना, प्रणय दिवसको उपलक्ष्यमा शुभकामना। म जहाँ छु, जस्तो छु, त्यो सम्पूर्ण तिम्रै हौसला, प्रेरणा र मायाको साथका कारण मात्र सम्भव भएको हो। मलाई अझ जीवनको अन्तिम समयसम्म तिम्रो आवश्यकता रहनेछ। आशा छ, अघिल्ला समयमा जस्तै आउने समयमा पनि साथ दिनेछौ।

**इडकर उमेश**

आशा, प्रेम दुई मुटुको अन्तरमिलन अनि 'खुसी' प्रेमको अनमोल अनुभूति। त्यही खुसीलाई आत्मसात् गर्दै भ्यालेन्टाइन डेका अवसरमा तिमीलाई मायाको सौगातस्वरूप अथाह मायासहित शुभकामना।

**सञ्जीव**

सरिता, भ्यालेन्टाइन डेका अवसरमा लाखौंलाख शुभकामना।

**राजेन्द्र**

अनिता, मायाको संसारमा उडिरहेको यो मन गुलाफको फूलसँग परिचित हुँदा अथाह खुसीको अनुभूति भैरहेको छ। यही खुसीलाई आत्मसात् गर्दै तिमीलाई 'प्रेम दिवस'का अवसरमा पवित्र मायाको उपहारस्वरूप हार्दिक शुभकामना छ। आशा छ, स्वीकार्नेछौ।

**सञ्जीव**

सुनिता, मैले तिमीलाई मेरो सारा जीवन अर्पण गरेको छु। यो हाम्रो छैटौं प्रणय दिवस हो। विगतका दिनमा जस्तै आउने दिनमा पनि तिम्रा माया र साथ पाइरहूँ। प्रणय दिवसको धेरै-धेरै शुभकामना।

**आकाश**

साथीहरू जीवन, विनोद, श्याम, मार्सल, चतुर, गोकुल, निर्मला, रमा, उर्मिला, एकता, मिनाक्षी, चन्द्रकला, तिर्सना, प्यारी दिदी एवं बहिनीलगायत मेरो घरपरिवारलाई प्रेम दिवसका अवसरमा हार्दिक शुभकामना।

**वासुदेव**

काली, प्रणय दिवसका अवसरमा लाखौंलाख माया। म तिमीलाई सधैंभरि यसरी नै माया दिइरहनेछु, हामीबीचको मायामा कुनै बाधा नआओस्। आई लभ यू।

**काले**

कुन्छाली, म तपाईंको नजिक हुन चाहन्छु। आई लभ यु □ प्लिज एसेप्ट इट।

**अञ्जु**

भाग्य, प्रेम दिवसको शुभकामना। म तिमीसँग माया गाँस्न चाहन्छु। म तिमीलाई धेरै-धेरै माया गर्छु। मेरो जीवनमा आइदेऊ, म तिमीविना बस्नै सक्दिनँ। अब फैसला तिम्रै हातमा छ।

**राजकुमार**

कृष्णमन्दिरमा सँगसँगै दर्शन गर्ने तीन जना केटीहरू, हाम्रो पछिपछि मन्दिरको बगैंचामा आउने, कुर्ता-सुरुवाल लगाउने र पछि गेटमा आउँदा एक जनालाई पठाइदिने अनि चस्मा लगाउनेले हातको इसाराले बोलाउनेहरूलाई भ्यालेन्टाइन-डेको शुभकामना।

**विराज**

अनुशा, म काठमाडौंमा नभएको बेला गत वैशाखमा सुटुक्कै विवाह गऱ्यौ। एकपटक मसँग किन नसोधेको ? तिमी भन्थ्यौ, भाग्यभन्दा धेरै र समयभन्दा पहिले केही पाइदैन। सायद हाम्रो मिलन लेखिएको थिएन। गत वर्ष तिमीसँग बिताएको भ्यालेन्टाइन डेको सम्झना गर्दै यो वर्ष तिमीविनाको ....। काली, लभ यू एन्ड मिस यू लट्स इन माइ लाइफ।

**अर्जुन**

सानु, म तिमीविना यो संसार अन्धकार देख्छु। यो प्रेम दिवसका अवसरमा म तिमीलाई बाँचुन्जेल मेरो मायाको डोरीले कसिरहनेछु, तिमी मबाट टाढा भाग्ने प्रयास नगर– आई लभ यू।

**कृपु**

अनुमा, हुनत तिम्रो र मेरो भेट नभएको पनि धेरै भयो। जब तिमी उच्च शिक्षाका लागि राजधानी छिऱ्यौ त्यसपछि हाम्रो भेट भएको छैन। तिमीलाई जन्मदिनको शुभकामना दिँदै प्रगतिको कामना गर्दछु।

**विजय**

कक्षा १० का मायालु साथीहरू पूजा, मञ्जु, सुनिता, सिर्जना, रीमा, सविता, इन्दिरा, रोज, राजु, राजेश, सुजन, रामसुन्दर, मुना, सुष्मा तथा सुमनमा भ्यालेन्टाइन डे रमाइलोसँग बिताउनू भन्दै लाखौंलाख शुभकामना।

**सुशीला**

उरुसा, जीवनका श्रृंखलाहरूमा हरियाली वसन्तको कोमलतालाई नियाल्न पाउँदा खुसी लागेको छ। पवित्र अनि सुन्दर गुलाफको फूल टिप्ने प्रयास गरेको छु। अनमोल साथको मीठो अपेक्षासहित प्रणय दिवसका अवसरमा कञ्चन मायाको सौगातस्वरूप अथाह शुभकामना □

**राजु**

नवीन, ह्यापी भ्यालेन्टाइन डे। तपाईंको आत्मीय साथ र तपाईंजस्तो सच्चा मित्र पाएर साँच्चै म धेरै खुसी छु। यसरी नै हाम्रो मित्रता सधैं कायम रहोस्।

**खुसी**

बाँदर्नी, मेरो मुटुको धड्कन, शीघ्र स्वास्थ्यलाभको कामनासहित अटल, अटुट स्नेह छ भन्दै प्रणय दिवसको हार्दिक शुभकामना।

**ढेडु**

अनुप, प्रणय दिवसका अवसरमा धेरै-धेरै शुभकामना। सायद मेरो भाग्यमा नै रैनछ तिम्रो साथ जीवन बिताउने, त्यसैले त आज उजाड मरुभूमिसरि एक्लो यात्री भएकी छु तर पनि मेरो सास रहुन्जेल तिमीलाई माया गरिरहन्छु, मलाई नबिर्सिदिनु।

**सीता**

बी.आई.के., ह्याप्पी भ्यालेन्टाइन डे अनि आई लभ यू। मलाई सधैंभरि यसरी नै माया गरिराख ल, डन्ट फर्गेट मी।

**योर नाइस बेबी**

प्यारी फ्याउरी, ह्याप्पी भ्यालेन्टाइन डे। एक दिन मेरो सपनामा भगवान् प्रकट हुनुभयो, अनि मैले सोधें– भगवान्जी, मलाई त्यो बाङ्गी केटीको किन माया लाग्छ ? भगवान्ले भन्नुभयो– बालक, जुन दिन म तिम्रो शरीर बनाउँदै थिएँ, अभाग्यवश तिम्रो शरीरमा दुईवटा मुटु जोड्न पुगेछु, पछि थाहा पाएँ र एउटा चुडाएर मैले तिम्रो नजिक बनिरहेको बादर्नीजस्तै छुच्चीको शरीरमा राखिदिएँ, त्यसैले पो हो कि ? म दंग परें, बुझ्यौ भुतैनी... त्यसैले पो रहेछ मेरो मुटुको धड्कनले सधैं सर्मी...सर्मी भनेको...।

**जुडुवा धड्कन**

काली, तैंले मलाई गर्ने माया सधैं यस्तै अविच्छिन्न होस्। मुना-मदन, रोमियो-जुलिएटको जस्तै आदर्श नभए पनि त्यही दिशामा अग्रसर रहोस्। हामी सधैं त्यागी, विश्वासी तथा निर्भर हुन सकिरहूँ। हामी आदर्श हुन सकौं। जीवनका रङ्गहरू दुवैले आपसमा नै खोजिरहन सकौं। हामी यो यौवनामा मात्र होइन, जीवनका उत्तरार्द्धसम्म पनि एक-अर्कामा लीन हुन सकौं। हाम्रो प्रेम फलोस्, फुलोस्, समृद्ध होस्। प्रेम दिवसका अवसरमा यही नै कामना छ।

**तेरो प्यारो बुढो**

राज, प्रणय दिवसका अवसरमा हजुरको दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना। मेरो जीवनको पहिलो प्रणय दिवस हजुरसँग मनाउन पाउँदा आफूलाई निकै भाग्यमानी मानेकी छु। त्यस्ता सयौं दिन हजुरको साथमा मनाउने अपेक्षा गर्छु। हजुरले आ□नो शिक्षालाई पनि निरन्तरता दिनु, साथै स्वास्थ्यको विशेष ख्याल राख्नू। हजुरले चालेका पाइला विनाअवरोध सधैं सफल हुन्।

**नानु**

माया, तिमो मायाले मलाई हरपल सताइरहन्छ, आई लभ यू अनि प्रणय दिवसको मंगलमय शुभकामना।

**एच.पी.**



# प्रेममा कहिलेकाहीँ

सृष्टिको मूल तत्त्व नै प्रेम हो। यो धर्तीको कण-कणमा प्रेम नै छरिएको पाइन्छ। जब अबोध शिशुले धर्तीमा पहिलो पटक जीवनको आभास गर्छ तब बिस्तारै उसले आफ्नै ढंगबाट प्रेमको गहिराइलाई महसुस गर्न सिक्छ। जसरी भोजनले उसलाई शारीरिक पोषण प्रदान गर्छ त्यसरी नै प्रेमले उसको आत्मालाई पोषण प्रदान गर्छ। बुबाआमा, दिदीबहिनी एवं आफन्तजनबाट उसले प्रेमको नयाँ एवं फरक-फरक स्वरूपको ज्ञान हासिल गर्छ। कहिले उसलाई स्पर्शको माध्यमबाट प्रेमको अनुभूति हुन्छ त कहिले शब्दबाट, कहिले गन्धबाट उसलाई प्रेमको सुगन्ध महसुस हुन्छ त कहिले आवरण, रूप सौन्दर्यबाट। यद्यपि ऊ जसरी शारीरिक एवं मानसिक रूपमा विकसित हुँदै जान्छ, त्यही अनुपातमा प्रेमका सम्बन्धमा बुझ्न अझ कठिन हुँदै गएको अनुभव हुन्छ। किनकि प्रेम त्यस्तो अनुभूति हो जसलाई कुनै रूपमा मापन तथा मूल्यांकन गर्न सकिँदैन, व्यक्त एवं परिभाषित गर्न सकिँदैन।

यही अन्यौलमा ऊ आफ्नो कसैप्रतिको लगाव, चाहना, आकर्षणलाइ प्रेमको नाम दिन पुग्छ। उमेरको त्यो अवस्था बितेसँगै उसको चाहना रुचि र आकर्षणमा पनि परिवर्तन हुन्छ। किशोर वा किशोरी विपरीत लिंगीलाई देखेर एक-अर्काप्रति आकर्षित हुन्छन्। एक-अर्काको सामीप्यताका लागि लालयित हुन्छन्, एक-अर्कासित समय बिताउने बहाना खोजिरहन्छन्।

साथीको एक झलकले पनि तिनलाई स्वप्नलोकमा विचरण गराउन पर्याप्त हुन्छ तर वास्तवमा यो प्रेम नभएर, मात्र शारीरक आकर्षण अर्थात् इन्फेचुएसन हो। यही उमेरमा सपनाको राजकुमार एवं ड्रिमगर्ल जन्मन्छन्। सँगै बाँच्ने-मर्ने कसम खाइन्छ, एकसाथ जीवन बिताउने ठूल्ठूला दाबी एवं संकल्प गरिन्छ। यद्यपि सामाजिक एवं पारिवारिक बन्धनले तिनलाई सीमारेखा पार गर्ने अनुमति दिँदैन। केही समयसम्म सपनाको रंगीन संसारमा हराइसकेपछि तिनलाई त्यही प्रेम अर्थहीन लाग्न थाल्छ। जुन रूपमा किशोरकिशोरीहरूमा सामाजिक अनुशासन तोड्ने प्रचलन बढ्दैछ, त्यही अनुपातमा आकर्षणलाई प्रेम मानेर जीवनको यात्रा प्रारम्भ गर्नेहरूको जोस केही समयमै रित्तिन्छ र जीवन रंगहीन बन्न पुग्छ। शरीरको उन्माद सकिनेबित्तिकै 'प्रेम' ले अर्थ खोज्न थाल्छ, तब तिनका सामु एक-अर्कालाई दोष दिने, एक-अर्कासँग गुनासो पोख्ने बाहेक अरू उपाय बाँकी रहँदैन।

कैयन् अवस्थामा व्यक्तिले प्रत्यक्ष रूपमा नभेटे पनि ऊसित आफ्नो प्रेमको दाबी गर्छ। वास्तवमा यो प्रेम होइन, प्यासन हो। प्रायः पर्दामा देखिने कलाकार, मोडल वा अन्य सेलिब्रेटीहरूसँगको लगाव एवं झुकावलाई नै प्रेम भन्नेहरू नभएका होइनन्। तिनका तस्बिर, चलचित्र, गीत वा तिनीहरूसँग सम्बन्धित हरेक कुराप्रतिको लगावसँगै उनीहरूप्रति तिनको आकर्षण बढ्दै जान्छ। यो एकतर्फी लगावको कुनै अर्थ वा लक्ष्य हुँदैन। यसले भ्रम मात्र सिर्जना गर्छ। वास्तवमा पवित्र प्रेम स्थायी भाव हो जुन कहिल्यै नास हुँदैन, निरन्तर रहन्छ, तर रोमानी प्रेम समयसँगै फिक्का हुँदै जान्छ। यसमा कुनै पनि रूपमा एक-अर्काप्रति समर्पण वा त्यागको भावना हुँदैन। त्यसैले यी सबै जीवनका हरेक नयाँ मोडमा पछाडि छुट्न पुग्छन्। यो काल्पनिक कुरा हो जसको यथार्थसित कुनै सम्बन्ध हुँदैन।

यहाँ व्यक्ति दिनुको साटो पाउने अपेक्षा राख्छ, एक-अर्कामाथि आ-आफ्ना चाहना लाद्ने, उसलाई आफू अनुसार ढाल्ने, जीवन बिताउन बाध्य गराउने आदि धुनमा रहन्छ, जबकि साँचो प्रेममा जहिले पनि दिने भाव प्रमुख हुन्छ। जीवनसाथीहरू एक-अर्कामा आफ्नो चाहना, विचार लाद्दैनन्। उनीहरू स्वतन्त्ररूपमा आ-आफ्नो शैलीमा जीवन बिताउन स्वतन्त्र हुन्छन्।

साँचो प्रेम कसैको पनि चाहना वा इच्छाको गुलाम हुँदैन। जसमा साँचो प्रेम हुन्छ, उनीहरूले एक-अर्काको भावनाको जहिले पनि सम्मान गर्छन्। यही समभावमा एक-अर्काको कमजोरीलाई पनि तिनीहरू स्वीकार गर्छन्। हरेक अभावबीच बाँच्न जान्दछन्।

तिनीहरू मात्र आफ्ना लागि नभएर एक-अर्काका लागि बाँच्छन्। बितेका कुरामा अल्झेर बस्नुभन्दा आजको खुसीमा विश्वास गर्छन् र तिनका लागि प्रेमको सही परिभाषा नै एक-अर्कासित आजको खुसी हुन्छ। जब मनमा केही हलचल महसुस हुन्छ तब त्यसलाई प्रेम नै हो भन्ने गल्ती गर्नु हुँदैन। यो कतै आफ्नो प्यासन (लगाव), इन्फेचुएसन, आकर्षण, एकातर्फी लगाव, शारीरिक खिचाव के हो भन्ने बुझ्नु आवश्यक छ। होइन भने केही समयपश्चात प्रेमका लागि पुनः अर्को साथी खोज्नुपर्ने हुनसक्छ।

-रोशा

# प्रेमले सिकाउँछ धेरै कुरा



जहाँ प्रेम हुन्छ, त्यहाँ रिसाउने र फकाउने काम स्वतः भैहाल्छ। प्रेममा रिसाउनु र फकाउनुको आफ्नै किसिमको आनन्द हुन्छ। हामी त्यसैसँग रिसाउँछौं जसलाई प्रेम गर्छौं अनि उसैलाई फकाउने प्रयास गर्छौं जोसित हाम्रो प्रेम हुन्छ। विना प्रेम न रिसाउने, न त फकाउने कारण बन्छ। झगडाले प्रेमजोडीलाई नजिक त ल्याउँछ नै, साथै प्रगाढता पनि बढाउँछ।

● प्रेममा जहाँ एक-अर्कासँग आशा हुन्छ त्यहीं एक-अर्काप्रति गुनासो पनि। प्रेममा मन कोही एकजनामाथि गएर स्थिर हुन्छ, जिद्दी हुन थाल्छ र आफ्नो प्रियमाथि अधिकार जमाउने अनि उसबाट धेरै कुराको आशा-अपेक्षा गर्न थाल्छ। गुनासो अपेक्षाबाट जन्मिन्छ र तब जीवनको जमिनमा दुःखको बिजारोपण हुन्छ अनि व्यक्तिले अपेक्षा एवं गुनासोबाट नै तिनका नकारात्मक प्रभाव बुझ्न थाल्छ।

● जहाँ प्रेम छ त्यहाँ प्रतीक्षा र राहत पनि हुन्छ। प्रतीक्षा दुःख हो भने राहत सुख। दुवै एक-अर्कासँग जोडिएका हुन्छन्। प्रेममा जसले पीडा दिन्छ उसैले राहतको मल्हम पनि लगाउँछ। यही नै प्रेमको जादू हो। प्रेमीको धैर्यताका पछाडि उसको प्रतीक्षा नै हुन्छ जसले उसमा हरेक स्थिति-परिस्थितिसित लड्ने आत्मविश्वास कायम राख्छ।

● प्रेमसँगै इर्ष्या र क्रोध पनि आफैं जन्मन्छ। प्रेममा व्यक्तिलाई जलन पनि हुन्छ र रिस पनि उठ्छ। प्रेमी आफ्नो प्रियालाई सधैं सँगालेर राख्न चाहन्छ, उसमाथि आफ्नो एकाधिकार कायम गर्न खोज्छ। ऊ कहिल्यै पनि आफ्नो प्रेमीलाई तेस्रो व्यक्तिले चाहोस् भन्ने चाहँदैनन्, दुईबीच तेस्रो व्यक्तिले उसमा ईर्ष्या पैदा गराउँछ। इर्ष्याले क्रोध जन्माउँछ र यसैबाट जीवनमा दुःख, हानि र पश्चातापका बारेमा व्यक्तिले बुझ्न अनि सिक्न थाल्छ।

● प्रेममा सर्त र शंकाको उपस्थिति हुन्छ। विश्वास, साँचो प्रेमको आधार भए पनि यो सजिलै प्राप्त हुँदैन। प्रेमीले कैयन् अवस्थामा शर्त र शंकाको घेरामा उभिनुपर्ने हुन्छ। प्रेमीले आफ्नो प्रियलाई बाँध्न कैयन पटक शर्तहरूको सहारा लिन्छ, नियम बनाउँछ, दायरा सिर्जना गर्छ र जब प्रेमी अलिक टाढिन्छ आफूबाट कुनै अन्य कारणले तब प्रेमीको मनमा शंकाले स्थान पाउँछ। जसबाट आपसी सम्बन्धमा चिसोपन बढ्ने सम्भावना हुन्छ। जीवन कति संयमताका साथ जिउनुपर्छ भन्ने ज्ञान प्रेमले नै दिन्छ।

● प्रेममा प्रयास पनि छ र परीक्षा पनि। आफ्नी प्रियालाई पाउन धेरै प्रयास गर्नुपर्छ र प्रियालाई पाएपछि त्यै प्रयास आपसी सम्बन्धलाई सुमधुर राख्नमा केन्द्रित हुन्छ। यस क्रममा उसले कैयन परीक्षाबाट गुज्रनुपर्ने हुन्छ। परीक्षा सामाजिक रीतिरिवाजको हुन सक्छ, घरायसी मतभेदको हुनसक्छ, आर्थिक स्थितिको हुनसक्छ। सुखको प्राप्ति सरलतापूर्वक हुँदैन। कैयन प्रयास एवं परीक्षा पार गरेर नै व्यक्तिले त्यसको अनुभूति गर्छ र यी सबैको पाठ उसलाई प्रेमले नै बोध गराउँछ।

● हाम्रो जीवनमा केही पनि कुरा स्थिर हुँदैन, सबै क्षणभरका लागि हुन्छ र यही भयले व्यक्तिलाई असुरक्षा प्रदान गर्छ। यस्तै असुरक्षाको सामना प्रेममा गर्नुपर्ने हुन्छ। प्रेमीबाट विछोड हुने कुराले नै भयभीत गराउँछ। असुरक्षाको यही भावले विश्वास सिर्जना हुन दिँदैन वा भनौं विश्वासको कमीले असुरक्षालाई जन्म दिन्छ। प्रेमलाई सधैं एक समान स्वस्थ, सुखद राख्न सम्भव हुँदैन। यसैबाट व्यक्तिले कुनै पनि कुराको स्थिरता नहुने ज्ञान प्राप्त गर्छ।

● प्रेमीका साथमा रहँदा बदला र विद्रोहको भावना प्रबल हुन्छ। संसारको सामाजिक नियम-रीतिरिवाजमा बाँधिन मन लाग्दैन। प्रेमका विरुद्धमा भएका व्यक्तिसित विद्रोह गर्न प्रेमले नै सिकाउँछ। यस स्थितिमा प्रेमीलाई आफूभित्र लुकेको हिम्मत र ऊर्जाको ज्ञान हुन्छ।

● जहाँ प्रेम छ त्यहाँ दया-करुणा पनि हुन्छ। प्रेममा निर्दयी हृदय पनि पग्लन्छ। प्रेममा व्यक्ति आफ्नो भन्दा प्रेमीको चिन्तामा समय व्यतीत गर्छ। हृदय भावुक एवं संवेदनशील हुन थाल्छ। अरूको विवशता बुझ्न थाल्छ र माफी दिन पनि सिक्छ।

● प्रेमीका लागि उसको प्रेम नै सेवा हो। ऊ आफ्नी प्रेमीका लागि केही न केही गर्न चाहिरहन्छ। ऊ आफ्नी प्रेमीको भावनाको कदर मात्र गर्दैन उसको सम्मान पनि गर्छ। प्रेमीको मनको भाव बुझेर उसले व्यक्त गर्नुपूर्व नै सबैथोक पूरा गर्ने क्षमता वृद्धि हुन्छ। प्रेममा व्यक्ति आफ्नो प्रेमी सेवाका लागि जति अवसर पाए पनि कमी भएको बुझ्छ, त्यसैले आफ्ना प्रियको सम्मानमा, उसको खुसीमा नै आफ्नो खुसी महसुस गर्छ।

● प्रेममा व्यक्तिको स्वीकार भाव पनि बढ्छ। ऊ कुनै पनि स्थिति-परिस्थितिलाई स्वीकार गर्न सक्ने बन्छ। प्रेमी प्रेममा कहिल्यै नाफा-नोक्सानको व्याख्या गर्दैन। अतः आफ्नो प्रियलाई उसको गुण-दोष, कमी-कमजोरी सबैका साथ सहज रूपमा स्वीकार गर्छ। उसलाई ज्ञान हुन्छ कि स्वयंलाई बचाएर कसैको हुन सकिँदैन त्यसैले ऊ पलपलमा मेटिन तत्पर रहन्छ र मेटिएर नै बन्छ।

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगानाः फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारिपट्टि, काठमाडौं

के तपाईमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (निः सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थानः माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोनः ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३९१२४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२

मौका नगुमाउनुहोस्
के तपाई कोरीयन बर संग बैबाहिक जिवन बिताउन चाहानुहुन्छ?
हामीलाई सम्झनुहोस्।
Nepal Korea Int'l Marriage Bureau
Samakhusi : 012291457, 9803374844, 9803776754

# प्रेम : अभिव्यक्तिको बाटो

हुनत प्रेम अभिव्यक्तिका लागि १४ फेब्रुअरी अर्थात् भ्यालेन्टाइन-डेलाई नै पर्खेर बस्नुपर्छ भन्ने छैन तर यो दिनको रोमाञ्चकता अनि मादकता आफ्नै किसिमको हुन्छ जीवनलाई प्रेमरूपी रंगले रंगाउन रुचाउनेहरूका लागि यो दिनको विशेषता र महत्त्वलाई शब्दमा सीमित गर्न सकिदैन । उपहारलाई प्रेम, आत्मीयता एवं प्रगाढता अभिव्यक्तिका लागि सरल एवं सहज माध्यमका रूपमा लिइँदै आएको छ । हुनतः आफ्नो भावना अभिव्यक्त गर्ने दर्जनौं किसिमका उपहार बजारमा उपलब्ध छन् । यीमध्ये त्यस्तो उपहारलाई महत्त्व दिनु उचित हुन्छ जसले आफ्नो रोमान्टिक भावनालाई सुन्दर ढंगबाट अविस्मरणीय रूपमा अभिव्यक्त गरोस् साथै त्यसले उपहार प्राप्तकर्ताको मनलाई प्रफुल्लित बनाई आपसी सम्बन्धलाई अझ प्रगाढ एवं सुमधुर बनाउने सेतुको कार्य पनि गरोस् ।



**उपहार मायालुका लागि**

रोमान्टिक चलचित्र हेर्न लाने मामिलामा महिलाको तुलनामा पुरुष बढी अग्रसर हुन्छन् तर यसपटक आफैं किन अग्रसर नहुने ? त्यसैले यो भ्यालेन्टाइन डेमा आफ्नो रोमान्टिक अन्दाज प्रस्तुत गर्न आफ्ना प्रियतमलाई रोमान्टिक चलचित्र देखाउन लान सकिन्छ वा उनलाई मनपर्ने रेस्टुराँमा डिनर वा लन्चको सरप्राइज दिन सकिन्छ । यद्यपि उनको रोजाइअनुरूपको उपहार प्रदान गर्नु सबैभन्दा रोमान्टिक हुने कुरालाई नकार्न सकिदैन । धेरैजसो पुरुष आफ्नो व्यक्तित्व एवं जीवनशैलीलाई प्रतिबिम्बित गर्ने उपहारप्रति बढी लगाव राख्छन् । जस्तैः संगीतप्रति बढी क्रेजी छन् भने उनलाई मनपर्ने गीत-संगीतको सिडी, कलेक्सन, अध्ययनमा रुचि भएकालाई पुस्तक, खेलकुदप्रति झुकाव राख्नेलाई स्पोर्ट्स इभेन्टको टिकट, आफ्नो लुकमा बढी ध्यान दिनेलाई सुहाउँदो पहिरन, आफ्टर सेभ लोसन, हेयर जेल, बडिस्प्रे, कोलोन आदि । यसो गर्नाले उनको रुचि एवं चाहनालाई कति महत्त्व दिइन्छ भन्ने झल्किनुका साथै साँच्चै उनलाई बुझिएको छ भन्ने कुरा पनि व्यक्त हुन्छ ।

अधिकांश पुरुष डियोडरेन्ट, सेभिङ लोसन, आफ्टर सेभ, कोलोन, बडी स्प्रे, स्टाइलिस गगल्स, ब्रासलेट, चेन तथा ट्रेन्डी रिष्ट वाचको कलेक्सनमा रुचि राख्ने खालका हुन्छन् । आफ्ना प्रियतमलाई यीमध्ये कुनै एक भेट गर्न सकिन्छ । व्यस्त जीवनमा भागदौड गरिरहेकाहरूका लागि भने लेदर वालेट, ब्याग, ल्यापटप होल्डर, अर्गनाइजर, टाइमपिस वा स्पाको गिफ्ट कुपन पनि उपयुक्त हुनसक्छ । टेक्नोलोजीको विकाससँगै अधिकांश पुरुष गिज्मो जीवनशैलीमा बाँधिएका देखिन्छन् । कम्प्युटर, ल्यापटप, सेलफोन, आइपडको दुनियाँमा व्यस्त हुन पुगेको अनुभव हुन्छ तिनको जीवनशैली । यिनका लागि लेटेस्ट मोडलको हाइफाइ सेलफोन वा आइपोड सुहाउँदो उपहार हुन सक्छ । त्यसका अतिरिक्त कार स्टेरियोज एवं हाइ क्वालिटी स्पिकर, डिभीडी, होमथिएटरको सराउन्ड सिस्टम, फल्याट टेलिभिजन स्क्रिन आदिले उनको मन जित्न सकिन्छ । यद्यपि यी उपहारहरू बजेटको दृष्टिले खर्चालु छन् । यो मामिलामा घाँटी हेरेर हाड निल्नुपर्ने कुरालाई मनन गर्नु बुद्धिमानी हुन्छ ।

इलेक्ट्रोनिक ग्याजेटका अतिरिक्त पुरुषका लागि प्रणय दिवसको उपहारमा फेसन एक्सेसरिजको छनौट सबैभन्दा उत्तम हुन्छ । ट्रेन्डी रिस्टवाच, स्टाइलिस गगल्स, लेदरवालेट, बेल्ट, स्कार्फ, कफलिन्क, टाइ र टाइपिनको सेट, टिसर्ट आदिलाई प्रियतम सामु आफ्नो प्रेमरूपी भावना एवं रोमान्टिक अन्दाजलाई व्यक्त गर्न प्रयोगमा ल्याउन सकिन्छ । प्रेम अभिव्यक्तिको बजारमा भेटिने अनगिन्ती माध्यममा रोमान्टिक कविता संग्रहहरू, रोमान्टिक नोवल, गीतका सिडी, एमपीथ्री, स्वीस नाइफ, आकर्षक डिजाइनका बक्कल, कि-चेन, इयर स्टड, जिप्पो लाइटर आदि पनि उपहारको विकल्प बन्न सक्छन् ।

**उपहार प्रेमिकाका लागि**

विभिन्न प्रकारका फूल प्रेमलाई अभिव्यक्त गर्ने सबैभन्दा राम्रा माध्यम हुन् । तीमध्ये पनि रातो गुलाफ सबैभन्दा उत्तम माध्यम हो आफ्नो अन्तर्मनको रोमान्टिक भावना व्यक्त गर्ने । लामो स्टेम भएको सिंगल रेडरोज अनि रोमाञ्चताले भरिएको रोमान्टिक कविता वा सायरीका साथमा चुम्बन आफ्नी प्रियसीका लागि सबैभन्दा रोमान्टिक उपहार हुन सक्छ । त्यसो त अधिकांश महिलालाई फूलको बुके फ्लावर बास्केट, चकलेट एवं क्यान्डी अत्यन्त प्रिय लाग्छ । यिनका साथमा मुटु आकारको एरोमा क्यान्डलले आफ्नो प्रेमको सुगन्धलाई अझ सुवासिलो बनाउन मद्दत गर्न सक्छ । लामो स्टेम भएका सिंगल रेड रोजका अतिरिक्त लामै स्टेम भएका अठारवटा वा नौवटा रेड रोजको बुके वा फलावर बास्केट पनि प्रयोग गर्न सकिन्छ । रातो गुलाफ बाहेक यो दिन गुलाबी तथा सेतो रंगको गुलाफ, सेतो रंगको गोदावरी, ट्युलिप, क्यामेलिया, कमल, चमेली, जुही, पहेंलो लिली आदि पनि प्रयोग गर्न सकिन्छ ।

भ्यालेन्टाइन डेको उत्सवलाई मीठो एवं सुगन्धित बनाउन परफ्युम र चकलेटको प्रयोग पनि उत्तिकै सान्दर्भिक हुन्छ । प्रेमको मीठो अभिव्यक्तिका लागि डार्क चकलेट, हार्ट सेप क्यान्डी, अल्मोन्ड र नट्सको चकलेट, क्यान्डी चकलेट, चकलेट प्याक, चकलेट बास्केट आदिलाई प्रयोगमा ल्याउन सकिन्छ । स्वादकै माध्यमबाट उनको मन जित्ने विचार छ भने विभिन्न बेकरी आइटम जस्तैः डार्क फरेस्ट, हार्ट सेप कुकिज, पेस्ट्री, केक आदि उपलब्ध छन् । यसैगरी भेनिला, स्ट्रबेरी, चकलेट, २१ लभ, ब्लाइन्ड लभ जस्ता आइसक्रिमबाट पनि उनको मन पगाल्न सकिन्छ ।

प्रेमको रोमाञ्चता र मादकतालाई विशेष रूपमा मनाइने भएकाले भ्यालेन्टाइन डेलाई अनुपम र अविष्मरणीय बनाउने प्रयत्न गर्नुपर्छ । यसका लागि एक-अर्काको सामीप्यमा कुनै राम्रो रेस्टुराँमा क्यान्डल लाइट डिनर लिँदै रोमान्टिक हुन सकिन्छ वा प्रकृतिसँग रमाउँदै लङ ड्राइभको उमंग अनुभव गर्न सकिन्छ ।

भनिन्छ आकर्षक गरगहना महिलाको मन जित्ने सबैभन्दा सहज उपाय हो । भ्यालेन्टाइनडेमा ज्वलेरीको उपहारबाट उनी प्रफुल्लित हुने कुरामा कसैको विमति नहोला । आफ्नो बजेट अनुसार आफ्नी प्रियसीलाई हार्ट सेप पेन्डेन्ट वा रोज लकेट भएको गोल्ड वा सिल्भर चेन भेट गर्न सकिन्छ । यदि अलि बढी खर्च गर्ने मुडमा भए डायमण्ड वा प्लाटिनियमको औंठी, रिङ, चेन वा पेन्डेन्ट राम्रो छनौट हुनसक्छ । भ्यालेन्टाइनडेका लागि पर्लको ब्रासलेट, नेकलेस, पेन्डेन्ट, औंठी, टप आदि पनि उपयुक्त हुन्छन् । यसैगरी स्वरोस्की क्रिस्टल हार्ट इयरिङ, सिल्भर फ्लावर पेन्डेन्ट, स्टरलिङ, लभ ब्रेसलेट, बटरफलाई नेकलेस आदि पनि ठीक हुन्छन् । इमिटेसन र फेसन ज्वेलरीको प्रचलन रहेकाले आफ्नी प्रियसीको मन जित्न यस्ता ज्वेलरी पनि उचित माध्यम बन्न सक्छन् । उनको रुचि र चाहना अनुसार क्याजुएल, फेन्सी, ट्रेन्डीवियरदेखि इभिनिङ गाउन, कुर्ता-सलबार, वा साडी पनि भेट गर्न सकिन्छ । महिलाको क्रेज डिजाइनर हयान्ड ब्याग, पर्स, नाडी घडी, बेल्ट, स्कार्फ, हेयर ब्यान्ड, विभिन्न स्टाइलका फुटवेयरमा समेत हुने भएकाले यी फेसन एक्सेसरिजलाई पनि आफ्नो प्रेम व्यक्त गर्ने बाटोका रूपमा उपभोग गर्न सकिन्छ । प्रेम र रोमान्समा विचरण गर्न उनको रूप, सौन्दर्यलाई अझ निखार्ने मेकअप किट तथा सौन्दर्य प्रशाधनको उपहारलाई प्रयागमा ल्याउन सकिन्छ ।

**अन्य विकल्प**

विभिन्न किसिम र आकार-प्रकारका कार्डसँगै प्रणय दिवसलाई वास्तुशास्त्र एवं अध्यात्ममा आस्था राख्नेहरूले प्रकृतिसम्बद्ध पेन्टिङ सुन्दर ल्याम्प सेड, विभिन्न आकार-प्रकारका मूर्तिलाई आफ्नो रोजाइमा पार्न सक्छन् । फेंगसुइबाट प्रभावित हुनेहरूका लागि लाफिङ बुद्ध, थ्री वाइज मैनबत्ती, मदर अफ मर्सी, गुललड बेम्बु, लविङ वर्ड, थ्री लेग फ्रेम, विन्ड चाइम्स आदि उपलब्ध छन् । उपहारकै भीडमा क्रिस्टलका गिफ्ट आइटम, संगमरमर, उड, चन्दन उड, कपडा, भिनाइल, टिकउड, वेक्स, ग्लास आदि सरसामान पनि रोजाइभित्र पर्न सक्छन् ।

यसैगरी सेरामिक सोपिसहरू, उडन सोपिसहरू, एन्जेल हार्ट सेप सोपिस, कलरफुल ल्याम्प सेट, फोटोफ्रेम, वेक्सलेबनेका लवबर्ड, परेवाको जोडी, क्युपिड, चुम्बन गरिरहेको जोडी, आलिंगनबद्ध युगल जोडी, नृत्य गरिरहेको जोडी, ताजमहल, दर्जनौं थरीका विन्ड बेल, जेल क्यान्डल, एरोमा क्यान्डल, किङकप आदि थुप्रै विकल्प प्रेम अभिव्यक्तिका माध्यम हुन सक्छन् । यिनका अतिरिक्त सफ्ट टोइजतर्फ रातो मुटु चिह्न अंकित ह्वाइट टेडी बियर, हार्ट सेप सफ्ट टोइज, टेडी विथ फ्लावर, सफ्ट टोय विथ क्याप, बनी हार्ट पिलो आदिबाट पनि प्रेमका सुकोमल भावनालाई आफ्नो प्रियतम वा प्रियसी सामु पुऱ्याउन सकिन्छ ।

# केही विशेष लक्षण प्रेमका

तपाईं प्रायः भविष्यका बारेमा कल्पना गर्नुहुन्छ, केही न केही सोचिरहनुहुन्छ । ती विचार र कल्पनाहरूमा अचानक तपाईंको 'ऊ/उनी' पनि समाहित हुन पुग्छन् । यस्तो बारम्बार हुन थाले बुझ्नुहोस् कि तपाईंलाई ऊसित प्रेम हुन थाल्यो । किनकि यदि कसैका लागि मनमा प्रेम पलाए त्यसलाई लुकाउन सम्भव हुँदैन ।

- तपाईं ऊसित भेट्न, कुरा गर्न बहाना अथवा अवसर खोजिरहनुहुन्छ । बिना कारण फोन गर्नुहुन्छ, म्यासेज वा इमेल गर्नुहुन्छ भने त्यो पनि प्रेमकै लक्षण हो ।
- तपाईंको जीवनमा धेरै महत्त्वपूर्ण कुरा होलान् तर जब अन्य प्रमुख कुराहरू कम महत्त्वका लाग्न थाल्छन् र मात्र एकजना व्यक्ति नै सर्वोपरि भएको महसुस हुन्छ तब सम्झनुहोस् त्यो प्रेम हो ।
- सम्भवतः तपाईं पहिले-पहिले कुनै काम परे, केही प्रयोजनका लागि मात्र उसको घर जानुहुन्थ्यो अब त्यसो नभई अकारण नै कुनै बहाना बनाएर उसको निकटता पाउन उसको घर जानुहुन्छ । जस्तैः कुनै पुस्तक दिन-लिन वा हालचाल बुझ्न । आफ्नो कुनै जिज्ञासा, प्रश्न, समस्या जसको समाधान फोनबाट पनि सम्भव छ तर तपाईं भेट्ने नै चाहना राख्नुहुन्छ भने त्यो पनि प्रेमकै लक्षण हो ।



- तपाईंको आफ्नो सिद्धान्त र मान्यता छ । तपाईं त्यसबाट कहिल्यै पछि हट्नुहुन्न न त सम्झौता नै गर्नुहुन्छ । यद्यपि कसैका लागि तपाईं तुरुन्तै सम्झौता गर्न तयार हुनुहुन्छ । आफ्नो नियम र मान्यताबाट पछि हट्न पनि तपाईंलाई समय लाग्दैन । यसमा तपाईं संकोच गर्नुहुन्न न त बाध्यता नै सम्झनुहुन्छ । अरूका लागि त तपाईंका नियम, आदर्श कायमै रहन्छन् तर कोही विशेषका लागि तिनको औचित्य रहँदैन । यो विचलन तब मात्र सम्भव छ जब ऊप्रति तपाईंको मनमा चाहनाको भावना उत्पन्न हुन्छ ।
- तपाईं आफ्ना योजनाहरूमा उसलाई सहभागी गराउनुहुन्छ । उसका योजना सोध्नुहुन्छ र सल्लाह दिनुहुन्छ । एउटा साझा जीवनको चाहना तपाईंको मनमा जन्मिन्छ । तपाईं ऊसित बस्न चाहनुहुन्छ किनकि तपाईंको मनमा ऊप्रति प्रेम भाव पलाउन थालेको छ । धेरैजसो समय ऊसितै व्यतीत होस् भन्ने मनोकांक्षा उत्पन्न हुन्छ ।
- तपाईंको परिचय एवं मित्रताको सूचीमा धेरै व्यक्ति समाहित होलान् । बिस्तारै तिनीहरूबाट सम्पर्क कम हुन थाल्छ । मात्र एकजना व्यक्ति नै बढी सम्पर्कमा रहन्छ । उसलाई नै तपाईं बढी फोन गर्नुहुन्छ र म्यासेज पठाउनुहुन्छ । सम्भव भएसम्म भेट्नुहुन्छ वा जहिले पनि भेट्ने प्रबल इच्छा राख्नुहुन्छ । ऊसित कुरा गर्न, समय बिताउन मन लाग्छ भने यो प्रेमको लक्षण हो ।
- तपाईं उसका रुचिमा सामेल हुनुहुन्छ । उसका लागि आफ्ना योजना, कार्यक्रम परिवर्तन गर्नुहुन्छ । उसलाई आफ्नो रुचिमा सहभागी गराउन खोज्नुहुन्छ । उसका लागि दिवास्वप्न देख्नुहुन्छ, साझा कार्यक्रम बनाउनुहुन्छ । यी सबै पनि प्रेमका लक्षण हुन् ।

पुरुषमा महिलाप्रति प्रेमका जुन लक्षण भनिएका छन्, तिनै लक्षण महिलामा पनि देख्न सकिन्छ, जब उनी कसैलाई चाहन्छिन् । यदि सबै लक्षण व्यवहारमा देखिए, आफूले महसुस गर्न थाले बुझ्नुहोस् कि तपाईं प्रेममा पर्नुभएको छ । प्रेमको यो मीठो अनुभूतिलाई स्वीकार गर्नुहोस् र अभिव्यक्त गर्नुहोस् । किनकि अभिव्यक्ति बिनाको अनुभूति एकोहोरो हुन्छ र एकोहोरो चाहनाको कुनै समाधान हुँदैन ।

# फुड, फन एन्ड लभ

• सुव्रत आचार्य

काठमाडौं- दस वर्षअघि लिजा शर्मा बागबजारस्थित पद्मकन्या क्याम्पसमा पढ्थिन्। कलेज छुट्नेबित्तिकै उनलाई लिन पुग्थे, सुगम। त्यसपछि उनीहरू कलेजको सडकपारि गल्लीमा रहेको एउटा सानो क्याफेमा चिया, केक वा मम खान्थे। आधा घण्टादेखि एक घण्टासम्म त्यहाँ सुख-दुःख र मायाका कुरा गरेपछि उनीहरू पुरानो बसपार्क पुग्थे, जहाँबाट बस चढेर बानेश्वरमा लिजाको घरनजिकै उनलाई छाडेपछि सुगम आफ्नो डिल्लीबजारस्थित डेरामा फर्कन्थें, भोलि फेरि त्यसैगरी लिजासँग भेट्ने कल्पनामा कल्पिँदै। उनीहरू त्यो दिनचर्या चार वर्षसम्म चल्यो, जतिबेला सुगम डिल्लीबजारको डेरा छाडेर कुपन्डोल सरिसकेका थिए। ०५९ सालमा गएर यो क्रम टुट्यो। किनभने त्यो वर्ष उनीहरूको प्रेमले विवाहको रूप लियो। विवाहपछि सुगम देशव्यापी रूपमा प्रसिद्ध भए, गायक सुगम पोखरेल भएर। अहिले यदाकदा बागबजारको बाटो भएर कार कुदाउँदा सुगमको आँखा गल्लीभित्रको त्यो क्याफेलाई खोज्न थाल्छ। 'अहिले त्यो क्याफे त्यहाँ छ कि छैन थाहा भएन, तर त्यहाँ बिताएका ती दिन अनि चिया र कफीको स्वाद म कहिल्यै बिर्सन सक्दिनँ,' -सुगमले विगत सम्झँदै भने।

बागबजारकै एउटा गल्लीमा एउटा सानो रेस्टुराँ छ- चाँदनी। विगत डेढ दशकदेखि सञ्चालित उक्त रेस्टुराँ स्थानीय व्यापारी तथा पेसाकर्मीहरूमाझ खाजा खाने र गफ चुट्ने थलोका रूपमा परिचित छ। दस वर्षअघिसम्म उक्त रेस्टुराँमा जोडीहरूकै आगमन हुने भएकाले त्यसलाई 'लभ स्पट'का रूपमा पनि लिइन्थ्यो। त्यतिबेलाकै कुरा हो, चलचित्र निर्देशक प्रदीप श्रेष्ठले यही पंक्तिकारमार्फत अनौपचारिक रूपमा भेटिएकी बुटवलकी निलु रायमाझीलाई चिने। निलु बागबजारकै पद्मकन्या कलेजमा पढ्दै थिइन्। चलचित्रमा मुख्य सहायक निर्देशकको काम गरिरहेका प्रदीप निलुको कलेज छुट्ने बेलामा चाँदनीमा बसिरहेका हुन्थे, जहाँ निलु उनलाई भेट्न आउँथिन्। उनीहरूसँगै बसेर खाजा र चिया खान्थे। त्यसपछि प्रदीप उनलाई ताहाचलस्थित उनको डेरासम्म पुऱ्याउन जान्थे। यसैक्रममा उनीहरूबीचको प्रेम झाँगियो। निलु हाल चर्चित चलचित्र निर्देशक प्रदीपसँग सुखमय गृहस्थ जीवन बिताइरहेकी छिन्। चाँदनी रेस्टुराँको स्वादिलो परिकार र रमाइलो भेट उनीहरूका लागि प्रेममय जीवनको कारण बन्यो।

आठ वर्षअघि ठमेलमा हिमालयन जाभा सञ्चालन हुन थालेदेखिकै नियमित ग्राहक हुन्, प्रतिभा तुलाधर। त्यतिबेलाको समाजमा उनको कुनै पहिचान थिएन, न त कुनै जागिर नै थियो। 'महँगो लाग्थ्यो, जाभाको कफी'- सात वर्षअघिको जाभामा बिताएको दिनचर्या सम्झँदैं उनले भनिन्। यो सात वर्षमा जाभाको प्रसिद्धिले आकाश छोइसकेको छ। काठमाडौं उपत्यकाका सहरियाहरूमा मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि हिमालयन जाभाको नेपाली कफीको चर्चा छ। अनि यो सात वर्षमा प्रतिभाले पनि जीवनमा फड्को मारिसकेकी छिन्। कान्तिपुर टेलिभिजनको अंग्रेजी समाचारवाचिकाका रूपमा उनले आफूलाई चिनाइसकेकी छिन् भने जाभाको कफीको मूल्य अब उनका लागि सामान्य भैसकेको छ। यस दौरान उनलाई जाभाले जीवनकै महत्त्वपूर्ण सौगात दियो, सुवन राजभण्डारीका रूपमा। सुवनसँग उनको पहिलो भेट जाभामै भएको थियो। त्यहीँ उनीहरूबीच मित्रता बढ्यो, एक-अर्कालाई त्यहीँ मन पराए र विवाह गर्ने निर्णय गरे। जाभाले नै उनीहरूलाई मिलायो। (विस्तृत, हेर्नुहोस् बक्समा)

**लभ इन क्याफे**

रेस्टुराँ वा क्याफेमा मीठा परिकारको स्वाद लिई मायाका कुरा गर्दै समय बिताउनु निकै रमाइलो मानिन्छ। एक दशकअघिसम्म महँगा रेस्टुराँ तथा क्याफेमा प्रेमी वा प्रेमिकासँग समय व्यतीत गर्नु राजधानीका मध्यम वर्गीय युवाका लागि पहुँचबाहिरको कुरा थियो। दस वर्षमा समयसँगै परिस्थिति पनि परिवर्तन भैसकेको छ। लाजिम्पाटका २१ वर्षीय विवेक आफ्नी १८ वर्षीया प्रेमिकासँग धेरैजसो दरबारमार्गस्थित कौसी रेस्टुराँमा भेट्छन्। 'प्रायः कलेज बिदा भएका बेला दिउँसो दुई बजेपछि साँझसम्म हामी त्यहीं हुन्छौं।'- विवेकले बताए। कलेज छुटेपछि पनि कहिलेकाहीं उनीहरू सीधै कौसी पुग्छन्। मीठा परिकार खाँदै, अंकमाल गरेर प्रेमिकासँग त्यहाँ बसेर मीठा-मीठा गफ गर्दा उनलाई संसारकै सबैभन्दा रमाइलो काम गरेको अनुभूति हुन्छ। कौसीका सञ्चालक जोली टार्गेन आफ्नो रेस्टुराँ केही हदसम्म 'लभस्पट' बनेकोमा दंग छन्। 'दरबारमार्गको सालिकदेखि नारायणहिटी दरबारसम्मको भ्यू हेर्दै बस्न पनि लभजोडीहरू यहाँ आउने गरेका छन्।' -उनले सुनाए। जोलीको अनुभवमा त्यहाँ अहिले भर्खरै खुलेको 'एक्सक्लुसिभ बार'मा पनि विदेशी तथा स्वदेशी मदिराहरूको चुस्की लिँदै प्रेमका कुरा गर्ने जोडीहरू आउन थालेका छन्। 'तर त्यस्ता जोडी टिनएजर कम, पेसाकर्मी धेरै हुन्छन्।' -उनले बताए।

आठ वर्षअघि अमेरिकन स्टाइलको कफी सप हिमालयन जाभा सञ्चालन गर्दा गगन प्रधानले यसले यति धेरै ख्याति कमाउँछ भन्ने सोचेका थिएनन्। चलचित्र 'सानो संसार'मा देखाइएजस्तै काठमाडौंका युवापुस्ताको गन्तव्य जाभा भएकोमा उनी प्रसन्न छन्। विशेष गरी युवापुस्ताबीचको प्रेम झाँगिने थलोका रूपमा पनि जाभाले नाम कमाएको छ। 'आज कहाँ भेट्ने ?'- प्रेमिकाले प्रेमीलाई सोध्छिन्, प्रेमीको जवाफ हुने गरेको छ- 'जाभामा, तीन बजे'। विगत केही वर्षदेखि विवाहको मौसममा घटीमा दुईवटा उपहार गगन प्रधानको नाममा जाभामा आएकै हुन्छ। कसले पठाउँछन् ती उपहार ? गगनले भने- 'जाभामा भेटेर, त्यहीं प्रेम प्रस्ताव गरेर, विवाह गरेका जोडीले।' प्रधानको अनुभवमा सुरुमा एक्लै-एक्लै आउनेहरूले पछि जोडी बाँधेर बच्चा लिएर आएका पनि छन्। प्रधानले राजधानीमा अन्य तीनवटा क्याफे तथा रेस्टुराँ पनि सञ्चालनमा ल्याएका छन्। न्युरोडको जिन्स क्याफे, पुतलीसडकको कोर्टियार्ड तथा कमलादी चोकको क्यान्डल्स। क्यान्डल्सको उद्घाटन आजै शुक्रबार हुँदैछ। त्यो स्थानमा पहिले विभिन्न अन्तर्राष्ट्रिय खेल प्रतिस्पर्धालाई प्लाज्मा टेलिभिजनमा प्रत्यक्ष प्रसारण देखाइने 'स्पोर्ट्स बार' सञ्चालन गरिएको थियो। त्यो रेस्टुराँ लोडसेडिङका कारण अब मैनबत्ती मात्रै बालिने र 'क्यान्डल नाइट डिनर' गर्ने रोमान्टिक रेस्टुराँ 'क्यान्डल्स' का रूपमा रूपान्तरण भएको छ। साँझ चार बजे खुल्ने 'क्यान्डल्स'मा राति अबेरसम्म 'क्यान्डल नाइट डिनर' गर्दै स्वादिला भारतीय तथा कन्टिनेन्टल परिकार खाएपछि त्यहीमाथि रहेको क्युब क्लबमा डान्स गर्न जान सकिनेछ। नजिकै पुतलीसडकको कोर्टियार्डमा पनि 'प्यालेट'का परिकार खाने र समय बिताउने गरेको पाइन्छ। प्रधानका अनुसार त्यहाँ सामान्यतः लभजोडीहरू दुईदेखि चार/पाँच घण्टासम्म बिताउँछन्। सानो स्थानमा रहे पनि कहिलेकाहीं मानिसहरूको आगमन धेरै भएर बस्ने स्थानको कमी हुने गरेको छ।

'आई लभ नोर्बु', 'बन्दना कल मी-९८४१.....', 'मिग्मा+सुमन', 'लभ यु जुनु' यस्ता प्रेम अभिव्यक्त गरिएका उदगारहरू विम्पी-किङ्स वर्गर'को माथिल्लो तलामा रहेको क्याफेका भित्ता तथा टेबुलहरूमा लेखिएका देखिन्छन्। दरबारमार्गस्थित उक्त क्याफेमा एक्लै गइयो भने पनि ती उद्गारहरू पढेर समय व्यतीत हुनसक्छ। प्रेमी-प्रेमिकाका लागि सजिलो र सुलभ 'डेटिङ स्पट' बनेको यो क्याफेमा वर्षौंदेखि त्यही क्रम चलिरहेको छ। 'भित्ते लेखन लभ'का लागि मानिसहरूले आलपिन, कम्पासको सुई, मार्कर पेन, साइनपेन, सिसाकलम आदि प्रयोग गर्ने गरेका छन्। क्याफे व्यवस्थापनले सुरुमा विरोध जनाए पनि मानिसहरूले भित्तेलेखन नछाडेपछि, पछि गएर त्यसका लागि छुट दिएको बुझिन्छ। दरबारमार्गको त्यही लाइनमा रहेका 'हटब्रेड', 'डेलिकेटेसन सेन्टर' आदि क्याफेमा पनि युवापुस्ताको डेटिङ चलिरहेको देख्न सकिन्छ।

कुनै पनि रेस्टुराँ वा क्याफेमा आउने ग्राहकहरू सञ्चालक वा व्यवस्थापनका लागि पाहुना हुन्, जहाँ पैसा तिरेर सत्कार पाउन सकिन्छ। ग्राहकमा पनि प्रेमजोडीले उछृङ्खल नभएर समय बिताउने थलोका रूपमा कुनै रेस्टुराँ वा क्याफेलाई रोज्छन् भने उनीहरूका लागि सदा आफूहरू सेवा गर्न तयार रहेको 'जाभाम्यान' गगन, कौसीका जोली आदिको भनाइ छ।



मोडल : अश्विनी/लक्ष्मी तस्बिर : महेश प्रधान

## प्रेमजोडीका लभस्पट

राजधानीमा हजारौं रेस्टुराँ तथा क्याफे होलान्, सबैका आ-आफ्नै विशेषता छन्। तीमध्ये उल्लेखित रेस्टुराँ तथा क्याफेमा भने अहिलेका युवा प्रेमजोडी समय बिताउन उत्साहित हुन्छन्।

**जाभा/ठमेल,**
**रोडहाउस क्याफे/ठमेल**
**विम्पी-किङ्स बर्गर/दरबार मार्ग**
**नाङ्लो बेकरी क्याफे धरहरा/दरबार मार्ग,**
**एलिनाज बेकरी क्याफे/नयाँ बानेश्वर,**
**एस क्याफे/न्युरोड,**
**कोर्टियार्ड/पुतलीसडक,**
**कौसी/दरबारमार्ग,**
**चपस्टिक/टेकु,**
**क्याफे द पाटन/पाटन दरबार क्षेत्र,**
**एम्बियन्स/पाटन दरबार क्षेत्र,**
**ओल्ड हाउस क्याफे/पाटन दरबार क्षेत्र,**
**एण्डीज् (नेपाल डेरी)/महाबौद्ध/नयाँ बानेश्वर आदि।**

## जाभामा मिल्यो जोडी

**-प्रतिभा तुलाधर (समाचारवाचिका, कान्तिपुर टेलिभिजन)**

सन् २००५को मे १५ मा जन्मदिन मनाउन बहिनी लुनि (लुनिभा तुलाधर, रंगकर्मी) तथा साथीहरूसँग जाभामा थिएँ। रुबन पनि त्यहीँ एक्लै बसिरहेको रहेछ। बुबाको साथीको छोरा भन्ने थाहा भए पनि मेरो र उनको भेट त्यसअघि भएको थिएन। जबकी लुनी बुबासँग सानैदेखि उसको घर जाने भएकीले उसले चिन्दथिन्। उनले नै उसलाई बोलाइन् र हामीसँग 'ज्वाइन' गराइन्। त्यो हाम्रो पहिलो भेट थियो, जसलाई मैले 'क्याजुअल्ली' लिएकी थिएँ। केही दिनपछि उनले मलाई फोन गरे र भने- 'म कविता लेख्छु, तिमीलाई पनि कवितामा इन्ट्रेस्ट छ भन्ने थाहा पाएको छु। सुनाउन मन छ। भेट्न सक्छ्यौ ?' वास्तवमा म पनि कविता कोर्ने रहर गर्छु। मलाई अचम्म लाग्यो, ऊ कहाँ इन्टेरियर डिजाइनर तथा व्यवसायी र कहाँ कविताको सिर्जना गर्ने कवि ? जाभा मेरो र उनको 'फेभरेट प्लेस' भएकाले त्यहीँ भेट्ने भयौं। जब जाभामा हामी गफ गर्दै थियौं। गगनदाइ (जाभाका सञ्चालक गगन प्रधान) ले भन्नुभयो- 'गुड टु सि यु टुगेदर..'। हामीलाई उहाँको प्रतिक्रिया अप्ठेरो लाग्यो। त्यसपछि फेरि अर्को दिन मलाई उसले फोन गरेर जाभामा बोलायो। त्यो हाम्रो तेस्रो भेट थियो। 'स्ट्रेटफरवर्ड' स्वभावको सुबनले एकाएक भन्यो- 'विल यु म्यारी मि ?' त्यतिबेला घरमा मेरो विवाहको कुरा चलिरहेको थियो। मलाई थाहा थियो कि ऊ मभन्दा छ महिना कान्छो छ। मैले ती कुरा बताएपछि ऊ सीधै मेरो बुबासँग मलाई माग्न पुग्यो। २००६ को मार्चमा हाम्रो विवाह भयो र अहिले पनि हामी जाभा गैरहन्छौ। एकपटक विवाहको वार्षिकोत्सव जाभामै मनायौं। जाभाले नै हामीलाई भेटाएको हो भन्दा फरक पर्दैन।


**रोजगार**

फिल्म, टेलिफिल्ममा खेल्ने भए आउनुहोस्, नजान्नेलाई तालिम दिई टेलिभिजनमा आइरहेको टेलिफिल्म "सत्यरामराम" मा खेलाएर १५ दिनमा टेलिभिजनमा देखाइने दर्पण फिल्मस्, ४४११३००, ९८०३२७८०७३।

NGO अफिसमा पार्टटाइम, फुलटाइम जब गर्ने ३३ Test/SLC/+2 महिला, पुरुष, विद्यार्थी, कर्मचारीहरु अर्जेन्ट, १०,०००।-, ४२५४७०१, ९७४११४११७८, ९८४१०३५४१७

Internet Job: 01-2043540, www.onlinejobnepal.com, Baneshwor

**सम्पर्क**

राम्रो कमाई गर्नको लागि ९८०३६०४७३७

**उपचार**

यौन सन्तुष्टि लिङ्गको लम्बाई तथा मोटाई बढाउने २३२५३५२, ९८४१९८१९७६

**दररेट**

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# युवापुस्ता र टेक्नो लभ

शिव मुखिया

*'चिठी आएन..चिठी आएन*
*मेरो मायालुको मलाई चिठी आएन...'*

प्रेमपत्रको प्रतीक्षामा व्याकुल प्रेमिकाहरू यस्तै गीत गुनगुनाउँथे होला, अनि प्रेमपत्रको आशामा दिनहुँ हुलाकीको बाटो हेर्थे होलान्। यी भए पुराना कुरा। अहिलेको युवापुस्ताको शैली फेरिएको छ। उनीहरू मोबाइलको म्यासेज बक्समा गएर सन्देश लेख्छन् र मायालुको नम्बरमा 'सेन्ड' गर्छन्। पलभरमै मायालुले म्यासेज पाउँछन्। म्यासेजबाटै उनीहरू डेटिङको समय र स्थान तय गर्छन् अनि मोटरसाइकलमा सरररर हुइँकिदै माया साट्न पुग्छन् कुनै एकान्त पार्क, रेस्टुराँ, नाइट क्लब वा चलचित्र हल। बर्थ-डे, भ्यालेन्टाइन-डे वा कुनै त्यस्तै अवसरलाई सेलिब्रेट गर्नका लागि फूलका गुच्छा, ग्रिटिङ कार्ड, ज्वलेरी वा पहिरन बोकेर मायालुको अघि प्रत्यक्ष हाजिर हुनुपर्ने बाध्यताबाट पनि उनीहरू पन्छिएका छन्। किबोर्डमा औंला नचाएर दस मिनेटमै मायालुलाई ई-कार्ड र रोजी-रोजी सन्देश पठाउन अनि कुनै विशेष अवसर सेलिब्रेट गर्न भ्याउँछन्।



शकुन्तला सुब्बा नेसनल इन्स्टिच्युट अफ न्युरोलोजिकल एन्ड एलाइड साइन्सकी स्टाफ नर्स हुन्। 'दुवै काममा बिजी भएकाले सधैं भेटघाट हुँदैन, सायद भ्यालेन्टाइन-डेमा पनि हामी भेट्न पाउने छैनौं' आउँदो भ्यालेन्टाइन-डे कसरी मनाउँदै हुनुहुन्छ भन्ने प्रश्नमा सुब्बाले भनिन्- 'त्यसैले विशेष योजना बनाएका छैनौं।' करिव तीन वर्षदेखि प्रेम बन्धनमा बाँधिएका उनीहरू प्रेम दिवसको अवसरमा प्रत्यक्ष भेटघाट गर्न नपाउने हुदाँ केही खिन्न त छन् तर निराश छैनन्। 'एसएमएस बा फोनबाटै भ्यालेन्टाइन सेलिब्रेट गर्नेछौं' सकुन्तलाले भनिन्- 'फोनबाट कुराकानी भएपछि प्रत्यक्ष भेटेजस्तै त हो नि।' मोबाइल नभइदिएको भए ? प्रश्न सुनेर उनी केहीबेर स्तब्ध भइन्। 'मोबाइल नभइदिएको भए च्याट गर्थें' केही समयपछि उनले भनिन्- 'तर मोबाइल जत्तिको सजिलोचाहिँ लाग्दैन।' उनीहरू दुवै इन्टरनेटमा अभ्यस्त छन्। बेलाबेला च्याट गर्ने, इमेल आदन-प्रदान गर्ने काम पनि उनीहरूबीच हुन्छ।

यता प्रमिला पाण्डेको कथा बेग्लै छ। उनको प्रेमीसाथी र उनीबीचको भौगोलिक दूरी धेरै छ तर भावनात्मक दूरी भने त्यस्तो टाढा छैन किनभने उनीहरू दुवैको हातमा मोबाइल छ। मोबाइलबाटै काठमाडौंकी प्रमिला र माल्दिभ्समा रहेका उनका प्रेमसाथीबीच भावना साटासाट हुन्छ। धोबीचौरस्थित पब्लिक युथ क्याम्पसमा बीबीएस द्वितीय वर्षकी छात्रा प्रमिला मोबाइलमा सम्भव नभएका कुरा व्यक्त गर्न फ्याक्सको सहारा लिन्छिन्। 'लामो कुरा लेख्नुपर्‍यो भने फ्याक्स गर्छु' प्रेमसम्बन्ध गाँसिएको तीन वर्षभन्दा बढी भएको बताउने प्रमिलाले भनिन्-'मेरो आँखा अलि कमजोर भएकाले कम्प्युटरमा बसेर इमेल लेख्न गाह्रो हुन्छ, त्यसैले फ्याक्स गर्छु।' नुवाकोटको एक अशोक गुरुङको जीवनले यतिबेलासम्म कुन मोड लिइसक्थ्यो, त्यसको अनुमान अशोक स्वयम् गर्न सक्दैनन्। दुई वर्षअघि दमकको एउटा साइबर क्याफेमा छिरेका अशोकले च्याटफ्रेन्डका रूपमा कल्पनालाई पाएका थिए। 'सुरुमा त केटाले नै केटीको नाममा आईडी बनाएर झुक्याएको हो कि जस्तो लाग्यो' अशोकले भने- 'तर च्याट गर्ने क्रम बढ्दै गएर वेब क्यामबाटै हेराहेर भएपछि विस्वास लाग्यो।' च्याटमार्फत् सुरु भएको उनीहरूको जात्रामा उनीहरूबीच पहिलो भेट भएको थियो। थाहै नपाई उनीहरूबीचको प्रेम मौलाउन थाल्यो। यतिबेला उनीहरूको 'डिप लभ' चलिरहेको छ। 'मोबाइलबाटै हामी भ्यालेन्टाइन-डे मनाउँछौं' भ्यालेन्टाइनको प्रसंगमा प्रमिलाले भनिन्- 'प्रत्यक्ष भेटघाट नभए पनि प्रत्यक्ष कुराकानी गर्नेछौ।'

अब मायालुलाई लेखेको प्रेमपत्र बोकेर हुलाक धाउनुपर्ने बाध्यता छैन। नत प्रेमपत्रको आशामा क्यालेन्डरको पानाहरू पल्टाउँदै प्रतीक्षाका दिनहरू नै गन्नुपर्छ। मोबाइलबाट एसएमस वा इन्टनेटको माध्यमबाट च्याट र इमेल गरे पुग्छ। मोबाइलको नम्बरमा वा इमेल ठेगानामा पठाएको प्रेम-सन्देश तुरुन्तै मायालुले प्राप्त गर्नसक्छन्। न अरूले पाउने डर, न त बीचैमा हराउने। यो प्रविधिका उपलब्धि हो। सूचना प्रविधिको कारण आजका युवापुस्ताको प्रेम गर्ने शैली बदलिएको छ। फोन, एसएमएस, च्याट अनि इमेलको सहाराबाटै उनीहरू भावना साटासाट गर्छन्, प्रेमसम्बन्ध गाँस्छन् र वैवाहिक जीवनमा समेत बाँधिन्छन्। च्याटिङ गर्ने क्रममा कल्पना थापालाई नभेटेको भए प्रेम झाँगिदै गएर यतिबेला विवाहमा परिणत भएको छ। मोरङ निवासी अशोकले भने- 'दुवैको परिवारले स्वीकृति दिएपछि मन्दिरमा गएर विवाह गर्‍यौं।' उनले आउँदो भ्यालेन्टाइन-डेमा आफ्नै जीवनसंगिनी कल्पनाको साथमा विताउने योजना बनाएका छन्। 'अघिल्ला वर्षहरूमा चाहि च्याट र इमेलबाटै भ्यालेन्टाइन सन्देश आदन-प्रदान गर्थ्यौं' वैदेशिक रोजगारीको क्रममा राजधानी आएका अशोकले बताए।

भ्यालेनटाइन प्रसंगमा कुराकानी भैरहदाँ आरती पाठकले आफू मोबाइलप्रति कृतज्ञ रहेको बताइन्। आठ महिने प्रेमयात्रामा दौडिरहेकी आरतीले एसएमएस आदान-प्रदानकै क्रममा आफ्नो प्रेमसाथी पाएकी थिइन्। यतिबेला पनि उनीहरूको सम्बन्धलाई प्रगाढ बनाउन मोबाइल राम्रो माध्यम बनेको छ। 'हामीबीचको सम्बन्धमा मोबाइलको भूमिका पनि कम छैन' आरतीले भनिन्- 'फुर्सद भयो कि एसएमएस गर्न थाल्छौं।' आउँदो भ्यालेन्टाइन-डेमा उनीहरूले घुम्न जाने योजना बनाएका छन्।

प्रेम गरिरहेका अधिकांश युवायुवतीहरू साइबर क्याफे धाउँछन्। आफ्ना प्रेमसाथीसँग च्याटमा रमाउँछन्। वेब क्याम्पमार्फत् हेराहेर गर्दै च्याटमा घन्टौं विताउने युवायुवतीहरू त्यही समयमा प्रेमसम्बन्धी ई-कार्ड, सन्देश वा जोक्स आदन -प्रदान गर्न समेत भ्याउँछन्। बानेश्वरस्थित एउटा साइबर क्यापेमा छिरेका सुरेन्द्र श्रेष्ठले करिव दुई घन्टा यसरी नै बिताए। पोखरामा रहेकी उनको गर्लफ्रेन्डसँग उनले च्याट मात्र गरेनन् इन्टरनेटमै सर्च गरी भेटिएका विवाह र प्रेमसम्बन्धी जोक्सहरू समेत पठाएर मनोरञ्जन लिए। छ महिनाअघि भेटिएकी ती गर्ल फ्रेन्डसँग उनको च्याटमा र फोनमा भेट भएको छ तर अहिलेसम्म प्रत्यक्ष भेटघाट गर्ने मौका जुरेको छैन। 'साथीबाट उनको इमेल आइडी पाएको हुँ' सुरुमा कुराकानी गर्न नचाहेका सुरेन्द्रले भने- 'अहिले दिनहुँ च्याट र फोनमा कुराकानी हुन्छ।' आउँदो भ्यालेन्टाइन-डेमा उनी के गर्दैछन् ? 'भ्यालेनटाइन डे □' उनी झस्किए- 'मैले त बिर्सिरहेको...त्यो दिनको लागि विशेष योजना बनाउँछु।' उनले त्यही योजना बनाए, पोखरा घुम्न जाने र कहिल्यै नभेटिएकी गर्लफ्रेन्डलाई प्रत्यक्ष भेट्ने। त्योभन्दा अघि उनले इन्टरनेटबाट भ्यालेन्टाइन कार्डहरू मेल गर्ने योजना सुनाए।

कसैको मोबाइलबाट बारम्बार मिस कल आएपछि सम्पन्न श्रेष्ठले कल ब्याक गरे। फोनमा अपरिचित युवतीको अवाज थियो। उनीहरूबीच लामो कुराकानी भयो। यो क्रम दिनहुँजसो दोहोरिरहन्थ्यो। ख्यालख्यालैमा उनीहरूबीच प्रेम प्रंसगका कुराकानी चल्न थाल्यो। 'भेटघाट नै नभै प्रेम चल्यो' शंकरदेव क्याम्पसमा अध्ययनरत सम्पन्नले भने- 'अनि एकदिन भेटेरै कुराकानी गर्ने योजना बनायौं।' जव उनीहरूले प्रत्यक्ष भेटे त्यसपछि, उनीहरूबीच अंकुराउँदै गरेको प्रेम टुट्यो। 'मैले सोचेको जस्तो होइन रहेछ' सम्पन्नले भने-'त्यसपछि मैले वास्तै गर्न छाडें।' प्रविधिको सहारा लिंदा सधैं सकारात्मक नतिजा मात्र आउँदैन। 'कहिलेकाहीं प्रविधिले धोका पनि दिन्छ'- सम्पन्न भन्छन्। आजका युवायुवतीहरू फोन, एसएमएस, च्याट र इमेलको सहारामा प्रेम गर्छन्। सजिलै माया बन्धनमा बाँधिनु र उसैगरी छुट्नु कुनै नौलो कुरा रहेन। यस्तै माध्यम अपनाउँदा युवायुवतीहरू एकतर्फी मायामा फस्न पुग्छन्। यसरी मायामा फस्नेहरूकै कारण भयावह स्थिति आएका उदाहरणहरू प्रसस्तै देख्न, सुन्न पाइन्छ। युवायुवतीको प्रेमसँग गाँसिएको प्रविधिको यो अर्को पाटो हो।

माया-प्रेम गाँस्नका लागि मात्र होइन, वैवाहिक जीवनमा बाँधिनेहरूका लागि पनि अब इन्टरनेट राम्रो माध्यम बन्न थालेको छ। इन्टरनेटको साहाराबाटै आफ्नो भावी जीवनसाथी खोज्न सकिने साइटहरू प्रशस्तै छन्।

---

# प्रेमिकालाई पहिलो चुम्बन

युवा-युवतीले गर्ने चुम्बन अश्लील क्रिया मात्र होइन, सम्बन्धलाई प्रगाढ बनाउने र एक-अर्काप्रति प्रेम दर्साउने माध्यम पनि हो। हरेक प्रेमी-प्रेमिकाले अँगालोमा बाँधिएर चुम्बनमा लिप्त हुने चाहना राख्नु अस्वाभाविक होइन। चुम्बनले दुवैलाई शारीरिक एवं भावनात्मक रूपमा नजिक बनाउँछ, तर प्रेमी-प्रेमिकाले पहिलो पटक चुम्बन साटासाट गर्ने साहस जुटाउनु वास्तवमै चुनौतीपूर्ण कार्य हो। किनभने पहिलो पटकको चुम्बनबाट आफ्ना प्रेमसाथीले कस्तो प्रतिक्रिया जनाउँछन् भन्ने विषयमा केही थाहा हुँदैन। चुम्बन गर्न खोज्दा कतै आफ्ना साथीले त्यसको प्रतिवाद गर्ने त होइन ? सम्बन्ध नै बिथोलिने त होइन ? यस्तै आशंकाले मनमा डर उत्पन्न गरिरहेको हुन्छ।

अक्सर चलचित्रमा चुम्बनको दृश्य देखिन्छ तर त्यो तरिका वास्तविक जीवनका लागि ठीक नहुन सक्छ। यदि पहिलो पटक चुम्बन गर्दै हुनुहुन्छ भने के ख्याल गर्नुपर्छ भने यही चुम्बनले आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउन मद्दत गरोस्।



**तब चुम्बन गर्नुहोस्**

कुनै डेटिङमा हुनुहुन्छ तब भेटघाट टुंग्याएर गन्तव्यमा लाग्ने तयारी हुँदै हुनुहुन्छ भने यो एउटा अवसर हुनसक्छ। छुट्टिने बेलामा 'गुडवाई किस' गर्नुहोस्, किनभने पहिलो पटक चुम्बन गर्न योभन्दा उत्तम बहाना अरू हुन सक्दैन। यो भेटमा गरिने 'गुडबाई किस'ले प्रेमिकालाई के लाग्छ भने तपाईं उनीप्रति पूर्ण समर्पित हुनुहुन्छ।

**के उनी चुम्बनका निम्ति तयार छिन् ?**

चुम्बनका लागि अक्सर प्रेमिकाले प्रयास गर्दिनन्, तर उनले आफ्नो हाउभावद्वारा चुम्बनका लागि आमन्त्रण गर्न सक्छिन्। यो कुरा ध्यानपूर्वक विचार गर्नुपर्छ। जस्तै– प्रेमिका धेरै आँखा जुधाउँछिन्, विनाकारण आफूलाई बारम्बार छुन्छिन्।

**पहिलो चुम्बन कसरी गर्ने ?**

चुम्बन आ□नो व्यवहार र भावनाको प्रतीक हो। त्यसैले पहिलो पटकको चुम्बन जति सौम्य हुन्छ उति नै सम्बन्धमा निखार आउँछ। पहिलो चुम्बनका क्रममा नियन्त्रित हुनुपर्छ, असभ्य र बढी उत्तेजित हुनु हुँदैन।

**कति लामो चुम्बन गर्ने ?**

पहिलो पटकको चुम्बन सिर्फ केही क्षणका लागि हुनुपर्छ। हुन त यसको कुनै निश्चित समय हुँदैन तर जब आ□नो ओठ साथीको ओठमा स्पर्श गर्छ तब केही सेकेन्डपछि बिस्तारै ओठ अलग गर्नुपर्छ। यदि उनले अझै चुम्बन गर्न चाहे मात्र आफू तयार हुनुपर्छ। जबरजस्ती चुम्बनमा लामो समय लिप्त हुनु उपयुक्त मानिँदैन।

---

# मित्रता कतै प्रेम त होइन ?

कोसित, कहिले, कसरी र कहाँ प्रेम बस्न पुग्छ, थाहा हुँदैन। अतः आपसी सम्बन्धमा कतै प्रेमको बीजारोपण भएको छ कि जान्नु आवश्यक छ ?

निम्नलिखित प्रश्नको 'हो' वा 'होइन' मा जवाफ दिनुहोस्। प्रत्येक 'हो' उत्तरका लागि स्वयंलाई एक अंक दिनुहोस्। अन्ततः आफूले प्राप्त गरेको अंकलाई जोड्नुहोस्।

**परिणाम** : १०-१५ अंक भए चाहे मान्नुहोस् वा नमान्नुहोस् तपाईंलाई आफ्नो साथीसित प्रेम छ। आफ्नो यो प्रेमलाई चिन्ने प्रयत्न गर्नुहोस् र आफ्ना आवश्यकता तथा इच्छाहरूको सीमा स्वयं नै निर्धारण गर्नुहोस्।

८-१० अंक भए मित्रता साधारणतया देखिने मित्रताभन्दा गहिरो छ जसले आउने समयमा प्रेमको रूप लिने बढी सम्भावना छ। त्यसैले सतर्क रहनुहोस् र आफूलाई कुनै निर्णयमा पुग्नुपूर्व विचार गर्नुहोस्।

१-५ अंक भए तपाईंको मित्रता प्रेमको दायराभित्र पर्दैन। यसलाई एउटा राम्रो मित्रताका रूपमा हेर्न सकिन्छ।

**प्रश्नहरू**

-के तपाईंलाई स्वयंको भन्दा आफ्नो मित्रको चिन्ता लागिरहन्छ ?



-के तपाईं आफ्नो मित्रलाई भेट्न समयपूर्व नै पुग्नुहुन्छ ?

-मित्रलाई भेट्न जानुपूर्व के लगाउने भन्ने कुरा तय गर्न तपाईंलाई गाह्रो हुन्छ ?

-आफ्नो मित्रसँग भेट्दा कुन विषयमा कुरा गर्ने, के-कस्ता कुरा सोध्ने, पहिले नै तय गर्नुहुन्छ ?

-कुरा गर्दा आफ्ना मित्रले प्रश्न गरेपछि मात्र जवाफ दिनुहुन्छ ?

-हरेक भेटका लागि के तपाईं सधैं तत्पर एवं उत्सुक रहनुहुन्छ ?

-के तपाईं आफ्ना मित्रलाई आफ्नो मनको कुरा तेस्रो व्यक्तिबाट वा केही बहाना बनाएर व्यक्त गर्नुहुन्छ ?

-कसैबाट मित्रको प्रशंसा सुने तपाईंको मुहारमा खुसी झल्कन्छ ?

-के तपाईंलाई आफ्ना साथीको फोनको प्रतीक्षा रहन्छ ?

-के तपाईं ती साथीलाई भेट्न प्रायः एकान्त ठाउँ नै रोज्नुहुन्छ ?

-के साथीसित भेट्दा, कुरा गर्दा समय व्यतीत भएको चाल पाउनुहुन्न र साथीबाट टाढिन पनि चाहनुहुन्न ?

-धेरै कुरा गरेर पनि आफ्ना साथीसित कुरा गरेकै छैन भन्ने लाग्छ ?

-के तपाईंलाई अन्य चाडपर्वभन्दा आफ्ना साथीको जन्मदिनको प्रतीक्षा बढी रहन्छ ?

-के सपिङका लागि जाँदा आफ्ना साथीका लागि जहिले पनि केही न केही सरप्राइज गिफ्ट लिनुहुन्छ ?

-के तपाईं र तपाईंका साथीका बीच तेस्रो व्यक्तिको उपस्थिति तपाईंलाई मनपर्दैन ?

टेनिस प्रेम प्रसंग

# चर्चित खेलको चर्चित प्रेम जीवन

महिला र पुरुष टेनिस ग्ल्यामरस हुनुका विभिन्न कारण छन् । पुरुषतर्फको प्रतिस्पर्धामा आममानिसको चासो बढ्नुको कारण उनीहरूले खेलेबापत पाउने पुरस्काराराशि नै हो तर यसको ठीक विपरीत महिलातर्फ आकर्षण बढ्नुको मुख्य कारण महिला टेनिस खेलाडीहरू ग्ल्यामरस देखिनु पनि हो । पछिल्ला केही वर्षमा महिला टेनिसमा अद्वितीय खेल प्रतिभा भएका खेलाडीहरूले भन्दा ग्ल्यामरस छवि भएका खेलाडीले बढी चर्चा पाउनुले पनि यो कुरालाई पुष्टि गरेको छ ।

टेनिसमा राम्रो सफलता पाएर चर्चामा आएका पुरुष खेलाडी र आकर्षक व्यक्तित्वका कारण चर्चामा आएका महिला खेलाडीहरूको प्रेम प्रसंगले उनीहरूले प्राप्त गर्ने सफलताभन्दा पनि बढी चर्चा पाउने गरेको छ ।



कुनै समय पुरुष टेनिसको क्षेत्रमा अमेरिकी मूलका आन्द्रे आगासीको नाम चर्चित थियो । सन् १९९० मा उदय भएका आगासीले आफ्नो खेलजीवनमा ८ वटा ग्रान्ड स्ल्याम जिते । सन् १९९५ मा पुरुषको शीर्ष वरियताक्रममा समेत पुगेका आगासीले आफ्नो क्यारियरमा ६८ वटा उपाधि हात पारे । चारवटै ग्रान्डस्ल्याम प्रतियोगिता जित्ने पाँच जना पुरुष खेलाडीको श्रेणीमा आफूलाई प्रस्तुत गर्न सफल आगासीको प्रेम त्यो समय हलिउडकै चर्चित नायिका ब्रुक सिल्डसँग थियो ।


यो जोडी पनि आफ्नो जीवनको पहिलो प्रेमी भने थिएनन् । आगासीले आफ्नो टेनिस क्यारियरको प्रारम्भतिरै अमेरिकी गायिका बारबरा स्ट्रेस्यान्डसँग सम्बन्ध बढाएका थिए । उता ब्रुक सिल्डको पारिवारिक पृष्ठभूमि भने इटालीको राजघरानासँग गाँसिएको थियो । मनोरञ्जनको क्षेत्रमा आफ्नो क्यारियर बढाउने क्रममा उनको प्रेम टेड म्याकग्लिन्ले, डिन केन, जोन अफ केनेडी जुनियर, माइकल बोल्टन, मोनाकोका प्रिन्ट अल्बर्ट द्वितीय, जर्ज माइकल तथा माइकल ज्याक्सनजस्ता व्यक्तिहरूसँग जोडिएको थियो । सन् १९९७ को अप्रिल १९ तारिखमा आगासी र ब्रुकबीच विवाह भयो, तर यो विवाह सम्बन्ध मुस्किलले दुई वर्षसम्म चल्यो । सन् १९९९ अप्रिल ९ तारिखमा दुवैबीच पारपाचुके भयो ।

आगासीले ब्रुकसँग सम्बन्ध विच्छेद भएकै वर्ष आफ्नै समकक्षी टेनिस खेलाडी स्टेफी ग्राफतर्फ झुकाव बढाए । सन् १९८७ मै फ्रेन्च ओपन जितेर ग्रान्डस्ल्यामको विजययात्रामा निस्किएकी ग्राफले आफ्नो टेनिस क्यारियरमा २२ वटा उपाधि हात पारिन् । प्रेमप्रसंगलाई लिएर खासै चर्चामा नआएकी ग्राफले सन् १९९९ को फ्रेन्च ओपनको मिक्स डबलमा आन्द्रेसँग मिलेर खेलेकी थिइन् । त्यतिबेलैदेखि उनीहरूबीच प्रेम बढेको थियो । विजय हात पारेको रातदेखि डेटिङ निस्किएका ग्राफ र आगासीले आफ्नो पहिलो छोरा जन्मिनुभन्दा चार दिनअघि सन् २००१ अक्टोबर २२ तारिखमा विवाह गरेका थिए भने सन् २००३ मा उनीहरूबाट अर्को सन्तानका रूपमा छोरी जन्मिइन् । उता ब्रुकले पनि आगासीसँग पारपाचुके गरेर सन् २००१ अप्रिलमा टेलिभिजनका लेखक क्रिस हेन्सिसँग विवाह गरिन् । उनीहरूका पनि दुई छोरी छन् ।

टेनिस खेलेर मात्र आगासीले ३ करोड ११ लाख ५२ हजार अमेरिकी डलर र ग्राफले २ करोड १९ लाख अमेरिकी डलर आम्दानी गरेकी थिइन् । हाल अमेरिकाको लस भेगासमा बसोबास गर्दै आएका आगासी र ग्राफले छुट्टी मनाउने विभिन्न स्थानमा घरहरू किनेर राखेका छन् । उनीहरू अहिले विभिन्न संघसंस्थासँग आबद्ध रहेर सामाजिक कार्य गरिरहेका छन् ।




सन् २००३ मा अमेरिकी ओपन टेनिस जितेका एन्डी रोडिकको प्रेम अमेरिकी गायिका मेन्डी मुरेसँग हुदा यो जोडी निकै चर्चित भएको थियो । सन् २००२ देखि प्रारम्भ भएको रोडिक-मुरेको प्रेमले धेरै लामो समयसम्म निरन्तरता पाउन सकेन । उनीहरूबीच सन् २००४ मै खटपट भयो र मार्च महिनामा उनीहरूले सम्बन्धविच्छेदको घोषणासमेत गरे । उता मुरेको प्रेम भने रोडिकभन्दा अघि नायक विलियम भाल्डारामासँग भएको थियो । सन् २००० देखि प्रारम्भ भएको यो प्रेम रोडिकको आगमनपछि समाप्त भएको थियो । रोडिकसँगको सम्बन्ध विच्छेदपछि मुरेको नाम संगीत क्षेत्रका विभिन्न व्यक्तिसँग जोडिँदै आएको छ । पेसाले गायिका र गीतकार मुरेको अहिले न्यूयोर्कका गायक रायन एन्डम्ससँग चलिरहेको छ । मुरेसँगको सम्बन्ध-विच्छेदपछि रोडिकले आफ्नो जीवनमा अमेरिकी मोडल ब्रुकलिन डेकरलाई पाएका छन् । रोडिकले सन् २००८ मा आफ्नो वेबसाइटमार्फत ब्रुकलिनसँग सन् २००९ मा विवाह गर्ने घोषणासमेत गरेका छन् । ब्रुकलिनको भने रोडिकभन्दा अघि खासै पुरुष प्रेमी थिएनन् । स्पोर्ट्स इलुस्ट्रेटेडमा स्वीमसुट फोटो प्रकाशित भएपछि उनी चर्चामा आएकी थिइन् भने अहिले रोडिककी प्रेमिका भएका कारण चर्चामा छिन् ।



२ सय ३७ सातासम्म लगातार पुरुष टेनिसको शीर्ष वरियताक्रममा रहेका स्वीजरल्यान्डका रोजर फेडेररको प्रेमले पनि अहिले अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चा पाउने गरेको छ । हुनत टेनिसका विश्लेषकहरू रोजरलाई प्लेब्वाई छविको मान्दैनन् जसका कारण २७ वर्षको उमेरसम्ममा पनि उनको एउटै युवतीसँग सम्बन्ध जोडिएको समाचार मात्र आएको छ । रोजरको प्रेमसम्बन्ध आफ्नै देशकी टेनिस खेलाडी मिरोस्लाभा भाभ्निकेभसँग छ । स्लोभाकियामा जन्मिएकी मिरोस्लाभा सानैमा बसाइँ सरेर स्वीजरल्यान्ड आएकी थिइन् । स्वीजरल्यान्ड आएपछि टेनिसमै क्यारियर प्रारम्भ गरेकी मिरोस्लाभाले ग्रान्डस्ल्याम प्रतियोगितामा आफूलाई दोस्रो चरणका खेलसम्म मात्र पुऱ्याउन सकिन् । उता टेनिसमा विभिन्न कीर्तिमान कायम गर्दै आएका रोजरसँग उनको भेट सन् २००० मा सिड्नीमा सम्पन्न ओलम्पिक प्रतियोगितामा भयो । यही भेट पछि गएर प्रेममा परिणत भयो र खुट्टाको चोटका कारण उनले सन् २००२ मा टेनिस खेलबाट सन्यासको घोषणा गरिन् ।

फ्रेन्च ओपनमा सन् २००५ देखि लगातार जित हासिल गर्दै आएका स्पेनका राफल नाडालको प्रेमले भने अन्य खेलाडीको तुलनामा निकै कम चर्चा पाउने गरेको छ । हालै अस्ट्रेलियन ओपन जितेर आफूलाई शीर्ष स्थानमा उभ्याउन सफल नाडालको सन् २००५ देखि मारिया फ्रान्सिस्को पेरेरोसँग प्रेमसम्बन्ध गाँसिएको हो । यो प्रेम बन्धन नाडाललाई उनकी दिदीले मारियासँग भेट गराएर प्रारम्भ गरिदिएकी हुन् । हाल युनिभर्सिटीमा पढिरहेकी मारिया २० वर्षकी छिन् । उनीहरूले आफ्नो प्रेमलाई गोप्य राख्ने प्रयास गर्दै आएका छन् ।





# आयो भ्यालेन्टाइन डे

धरान– कलेज ड्रेसमै रूखमुनि बसेका एक जोडी एकाबिहानै चुम्बनमा व्यस्त छन् । ब्वाइफ्रेन्डको काखमा बसेकी युवती आँखा चिम्लेर यति लिप्त छिन्, मानौं यतिबेला उनी संसार भुलिरहेकी छिन् । गर्लफ्रेन्डलाई च्याप्प छातीमा टाँसेका युवाको अवस्था देख्दा लाग्छ, उनीबाहेक कसैको चासो छैन । करिब २ सय मिटर टाढाको बाटोमा हिड्नेहरू चकित बनेर हेर्छन् र हाँस्दै उल्टै लजाएर जान्छन् तर 'रक' गेटअपका युवा र 'कोरियन' स्टायलकी युवतीलाई त्यसको मतलब छैन ।

धरानबाट विजयपुर र हात्तीसार क्याम्पसतर्फ लाग्ने उकालोमा हिजोआज यस्ता दृश्य बाक्लिंदै गएका छन् । हात्तीसार क्याप्पस जाने बाटैनजिकको आँपको रूख, जहाँ हरेक दिन बिहान एउटा न एउटा जोडी 'लभ सेयर' गर्न व्यस्त भेटिन्छन् । प्रायः धरानका विभिन्न उच्च मा.वि.का विद्यार्थीहरू बढी मात्रामा भेटिन्छन् । हरेक बिहान-बेलुका त्यही बाटो हिंड्ने महेन्द्र क्याम्पसका विद्यार्थी त्रिलोचन पौडेल भन्छन्- 'विहान, दिउँसो होस् वा साँझ जुन समयमा पनि यस्ता जोडी भेटिन सक्छन् ।'

धरानको दन्तकाली मन्दिर चढ्ने सिंढीतिर पनि युवायुवतीको प्रेम प्रदर्शन बढ्दै गएको छ । कोही घण्टौं बसेर कुराकानी मात्र गरिरहेका हुन्छन् त कोही 'टङ किस्'मा व्यस्त । यो क्षेत्रमा अरू बेला पनि यस्ता जोडी देखिन्छन् तर नजिकिंदो भ्यालेन्टाइन डे (प्रेम दिवस) सँगै जोडीको संख्या बढेको छ । एकान्त र झाडीमा यस्ता जोडी प्रेममा लिप्त हुने हुदा कहिलेकाहीं यही मौकामा ब्याग, पैसा र सुन चोरी डकैती हुने गरेको छ । 'यो क्षेत्रमा चोरी-डकैतीका घट्ना धेरै भएका छन्, यहाँ झाडी भएकाले त्यस्तो भएको हो ।' धरान नगरपालिकाका कर्मचारी जय श्रेष्ठ भन्छन्, 'प्रेम गर्न, एकान्त मन पराउनु त सबैलाई छुट छ, तर कहिलेकाहीं बाहिरबाट आउने कुनै जोडीले चाहिं लाजै मर्नु बनाउँछन् ।'

हङकङ, सिंगापुर, युकेसँग सोझै सम्बन्ध जोडिएका धरान, पोखराजस्ता नेपालकै फेसनेबल सहरहरूमा भ्यालेन्टाइनको रौनक अझ विशेष हुन्छ । पूर्वका विभिन्न ठाउँका जोडीहरू विशेष गरी धरानका विभिन्न मन्दिर, भेडेटार, तालतलैया, तरहरा, चतराजस्ता स्थानमा भ्यालेन्टाइन डे मनाउन जान्छन् भने कोही पोखरा पुग्छन् । धरान बजारमा ग्रिटिङ्स कार्ड छानिरहेका सुलभ राईले यस पटक गर्लफ्रेन्ड लिएर पोखरा जाने बताए । ग्रिटिङ्स पसलमै भेटिएकी मिनिमाले लजाउँदै भनिन्- 'ब्वाइफेन्डसँग भेडेटार जाने प्लान छ ।'

भ्यालेन्टाइन डेलाई लक्षित गरेर हरेक वर्ष धरानमा कन्सर्ट, डान्स पार्टी आदि हुने गरेका छन् । एक साताअघि धरानमा हुन लागेको कन्सर्ट आयोजकले भ्यालेन्टाइन डेकै अवसरमा पार्ने निर्णय गरिसकेको छ । काठमाडौंबाट आएका कन्सर्ट आयोजक डिजे कुलले भने- 'तोकिएको समयमा बन्दले हुन सकेन, त्यसैले भ्यालेन्टाइन डेको राम्रो अवसर पर्खिरहेका छौं ।'

हरेक वर्ष १४ फेब्रुअरीमा मनाइने भ्यालेन्टाइन डेमा विशेष गरी सहरी क्षेत्रका युवायुवती 'प्रपोज गर्ने', 'ग्रिटिङ कार्ड दिने' र 'डेटिङ' जाने आदि काम गर्छन् । विभिन्न टेलिभिजन च्यानल, वेबसाइटहरूको प्रभावका कारण पनि सहरी क्षेत्रमा भ्यालेन्टाइन-डेको रौनक बढेको छ, यद्यपि ग्रामीण क्षेत्रमा पनि उसैगरी यसको प्रभाव बढिरहेको छ । 'कुनै समय कुर्कुच्चा छोपिने पहिरन लगाउनुपर्ने र झ्याइँ-झ्याइँ विवाह गरेका श्रीमान्-श्रीमतीसमेत खुलेर कुराकानी गर्न नसक्ने हाम्रो समाजमा अहिले विवाहअघि नै जोडी छान्ने र मन नपरे जोडी फेर्नेहरू प्रशस्त भैसकेका छन् ।' महेन्द्र बहुमुखी क्याम्पस, धरानमा समाजशास्त्र अध्यापन गर्ने विशाल श्रेष्ठ भन्छन्- 'हाम्रो समाज विश्वका समाजसँगै फैलंदो क्रममा छ ।'




**–गोपाल दाहाल**

# पोखरामा भ्यालेन्टाइन डेको उल्लास

पोखरा- कार्डदेखि गिफ्टसम्म यतिबेला तन्नेरीहरूको जमघट देखिन्छ । स्कुल पढ्ने किशोर-किशोरी देखि कलेज पढ्ने युवक-युवतीहरू अहिले आफूलाई मन पर्ने मान्छेका लागि गिफ्टदेखि भ्यालेन्टाइन कार्डहरू आदान-प्रदान गर्न व्यस्त देखिन्छन् । प्रेम दिवसमा गुलाफको फूल, कार्ड र मिठाईले विशेष महत्त्व राख्ने गरेको छ । यस दिन रातो गुलाफको फूल विशेष आकर्षण बन्ने गरेको छ । एक-आपसमा भावना साटासाट गर्नका लागि प्रायः युवायुवतीले यही दिनको प्रतीक्षा गरेको पाइन्छ । सबैभन्दा बढी गिफ्ट आइटम तथा कार्डहरूको कारोबार हुने चिप्लेढुङ्गास्थित आर्चिज ग्यालरीमा भ्यालेन्टाइन डेको आगमन अगावैदेखि भीड बढेको हो । विशेष गरी रातो गुलाब र भ्यालेन्टाइन गिफ्टहरूको बिक्री बढी छ, ग्यालरीका प्रोपराइटर शंकर पराजुलीले भने- 'टिनएजरदेखि पाकासम्म भ्यालेन्टाइन गिफ्ट आइटम लिन आउने गरेका छन् ।' त्यसमाथि डेटिङ स्पटहरूमा त प्रेमी-प्रेमिकाहरू नभेटिने कुरै भएन । हो त, भ्यालेन्टाइन डे आउनु १५ दिनअगावै फेवा नगरीमा यस्तो चहलपहल देखियो ।

हूलका हूल जोडीहरू मोटरसाइकल तथा स्कुटरमा बत्तिँदै डेटिङ स्थलहरूमा पुगेको सहजै देख्न पाइन्छ । अधिकांश भ्यालेन्टाइन जोडी यस्तै एकान्त र मनोरम ठाउँलाई एक-अर्काको प्रेम साट्ने एकान्त स्थल बनाउने गरेका छन् । लेकसाइड, वेगनासताल, रूपातालमा पनि डुङ्गाको शयर गर्ने प्रेमजोडीहरू निकै भेटिन्छन् । डुङ्गा शयर गर्दै उनीहरू आफ्नो प्रेमलाई सफलीभूत बनाउँछन् । डाडाँकाँडामा पुग्नेहरू झाडीमा पुगेर माया साटा-साट गर्छन् । अँगालोमा बाँधिएर स्वर्णिम भविष्यको कल्पनामा चुलुम्म डुब्छन् । क्षणिक प्रेम गर्नेहरूले डेटिङलाई शारीरिक चाहना पूरा गर्ने माध्यमका रूपमा लिने गरेका छन् । यौन आनन्दका लागि प्रेम गर्नेहरूले डेटिङलाई गलत अर्थमा लिन्छन् ।



प्रेमी-प्रेमीका नभएका धेरै तन्नेरीहरू भ्यालेन्टाइन डे बाट जोडी बनेको पाइन्छ । प्रेम गरेका मात्र हैनन्, वैवाहिक जीवनमा बाँधिएकाहरू समेत भ्यालेन्टाइन डेमा केही न केही गर्ने सोचमा हुन्छन् ।

**–शिव शर्मा**





के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
आश्चर्यजनक सफलता थोरै लगानीमा व्यवसायी बन्न सकिने !
नेपालमा पहिलो
उद्यमशीलता तालिम तथा रोजगारी विकास
DIGITAL VIDEO-EDITING & ANIMATION
WORK IN USA
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor Tel: 016217094 | Adwait Marg Old Buspark: Tel: 4232866 | Lagankhel: Tel: 5004018

३ महिनामा ४" उचाइ बढाउने 3100/-
◆ केश झर्न रोकी उमार्ने र बाक्लो बनाउने (Tonic) 850/-
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउने + घटाउने 1700/-
◆ जस्तो सुकै चाउरीपनाको लागि क्रिम 1250/-
◆ डण्डीफोर, चाया, पोतोको लागि क्रिम 1700/-
◆ १ महिनामा ४ देखि ६ किलो मोटोपन घटाउने 3200/-
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार) 600/-
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार) 400/-
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532

2009 Study in जापान
Free Seminar/Free Apply
Intake : July & October
Meet : Mr. Kawasoe Mitsuyoshi
Nishinihon Int'l Edu. Inst.,Fukuoka
Interview: friday 13th Feb. 8:30 am
New Clasess Starting
कुमारी जापानीज स्कुल
नयाँ वानेश्वर– १०
Ph: 4476500, 9803152536

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित ।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने ।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने ।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★ Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस अनि मात्र भर्ना लिनुहोस !
For Quality Learning
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎ 4484098,2134544


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित ।
अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल ।**